## प्रकाशनबारे जानकारी :

१. प्रहरी २०१६ सालमा प्रकाशन आरम्भ गरेको द्वैमासिक प्रकाशन हो । ६५ वर्षदेखि अविछिन्न नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा लागि परेको यस ऐतिहासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूको आफ्नो पत्रिका हो । तसर्थ प्रहरी द्वैमासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूबाट लेख रचनाको अपेक्षा गर्दछ ।

२. लेख रचना सोझै प्रहरी प्रधान कार्यालयस्थित जनसम्पर्क शाखामा आई पेनड्राइभमार्फत उपलब्ध गराउन सकिनेछ । साथै पत्रिकाको इमेल ठेगाना phqprs@nepalpolice.gov.np वा phqprs@gmail.com मा पठाउन सकिनेछ ।

३. प्रहरी द्वैमासिकमा प्रहरीसँग सम्बन्धित विषयमा लेखिएका पेसागत लेखहरू, ऐन कानूनसँग सम्बन्धित लेखहरूका साथै अपराध अनुसन्धान, प्रहरी कार्य, उद्धार आदिका विषयमा तयार गरिएका लेखहरूलाई विशेष प्राथामिकतामा राखिने छ । यसको साथै यस पत्रिकामा कविता, गजल, गीत, निबन्ध, संस्मरण, कला दर्शनलगायत साहित्यका विविध विधाहरू पनि समावेश गरिने छ । समालोचना र पुस्तक समीक्षालाई पत्रिकामा समावेश गराइने छैन ।

४. रचना स्वीकृत गर्ने र काटछाँट गरी सम्पादन गर्ने अधिकार सम्पादकमा निहित रहनेछ ।

५. हालसम्म अप्रकाशित स्तरीय खोजमूलक मौलिक ताजा लेख र विशुद्ध साहित्यिक सिर्जना सदैव स्वागत योग्य छ ।

६. लेखकलाई प्रकाशित लेखको यथोचित पारिश्रमिक प्रदान गरिने छ । पारिश्रमिक लिन आउँदा लेखकको स्पष्ट परिचय खुल्ने कागज लिई प्रहरी प्रधान कार्यालय, जनसम्पर्क शाखामा समयमै सम्पर्क राख्न सम्पूर्ण लेखकवृन्दमा प्रहरी द्वैमासिक हार्दिक अनुरोध गर्दछ ।

७. प्रहरी द्वैमासिक पत्रिका २०७७ वैशाख - जेठ अंकदेखि नेपाल प्रहरीको वेबसाइट : www. nepalpolice.gov.np र nepol.cd मा राखिदै आएको हुँदा सम्पूर्ण महानुभावहरुमा जानकारीको लागि अनुरोध गरिएको छ ।

- प्रहरी द्वैमासिक


**सम्पर्क**

प्रहरी प्रधान कार्यालय,जनसम्पर्क शाखा, नक्साल, काठमाडौं

फोन नं. : ०१ ४४१०६६३, ४४११२१०, एक्सटेन्सन : १९३

ईमेल : phqprs@nepalpolice.gov.np/ phqprs@gmail.com

वेबसाइट : www.nepalpolice.gov.np


ISSN 2681-6122

# प्रहरी PRAHARI


द्वैमासिक प्रकाशन

प्रकाशन आरम्भ : २०१६ जेठ    वर्ष ६५, अंक २    असार–साउन २०८०





विभिन्न माध्यमबाट नागरिकलाई सेवा प्रदान गर्दै ट्राफिक प्रहरी ।

**उद्देश्य एउटै हो सेवा हाम्रो थरीथरी,**
**शान्ति सुरक्षामा खटेका छौं हामी प्रहरी ।**

- नेपाल प्रहरी

# प्रहरी

मे.अ.द.न. ६४/१५८

द्वैमासिक प्रकाशन

वर्ष : ६५ अंक : २ २०८० असार-साउन



**प्रमुख सल्लाहकार**

प्र.ना.म.नि कुबेर कडायत

**सल्लाहकार**

प्र.व.उ. भूपेन्द्र बहादुर खत्री

**सम्पादक**

प्र.नि. कल्पना अधिकारी
प्र.व.ना.नि.सरस्वती बुढाथोकी

**कम्प्युटर**

प्र.व.ना.नि. संगीता कार्की

**आवरण**

प्र.नि. कल्पना अधिकारी

**प्रकाशक**

नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल ।


सम्पादकीय . .

## प्रहरी र नागरिकको सेतु 'प्रहरी द्वैमासिक'

वि.सं. २०१६ असार १६ गते त्रैमासिक पत्रिकाको रूपमा प्रकाशन शुभारम्भ गरेको 'प्रहरी द्वैमासिक' प्रकाशनले २०८० असार १६ गते ६४ वर्षे यात्रा पूरा गरी ६५ वर्षमा प्रवेश गरेको छ । 'हार-१, आषाढ २०१६, सुमन-१ प्रहरी त्रैमासिक' नामक दस्तावेजले प्रकाशन आरम्भ समयको तथ्य पुष्टि गर्दछ । 'पुलिस विभागमाथि पर्न गएको गहन उत्तरदायित्व जन-साधारणको घनिष्ठ सम्पर्कमा ल्याउनु प्रस्तुत पत्रिकाको प्रमुख उद्देश्य हो' भन्ने प्रथम अङ्कमा उल्लेखित पहिलो वाक्यांशले आम नागरिकसँग प्रहरीको सम्पर्क बढाउने र प्रहरीका कामबारे जनमानसमा जानकारी गराउने पत्रिकाको प्रमुख ध्येय रहेको देखिन्छ । साथै संगठनका सदस्यहरूलाई शिक्षा प्रदान गरी बौद्धिक विकास गर्ने, उनीहरूमा कर्तव्यपरायणता, ईमानदारिता, निष्पक्षता, देश सेवाभाव जागृत तथा आफ्नो कामप्रतिको अटलभक्ति जगाउने, प्रहरी तथा आम नागरिकबीचको सम्बन्ध सुधार्ने र प्रहरीका काम तथा जिम्मेवारी आम नागरिकलाई जानकारी गराई नागरिकको सहयोग प्राप्त गर्न पत्रिका सहायक बन्ने अपेक्षा प्रकाशन सुरूवातका अवसरमा गरिएको देखिन्छ ।

पुनित उद्देश्य तथा प्रहरी संगठन, आम नागरिक र राष्ट्रको हित खातिर सेवाभावको अपेक्षा सहित आरम्भ गरिएको पत्रिकाले आफ्नो लामो सेवाकालमा प्रहरी संगठनको गतिविधि सम्प्रेषणको साथै समाजको सभ्यता र संस्कृतिको चिरफार, प्रचलित ऐन कानूनबारे जानकारीलगायत विभिन्न समयमा

मानवअधिकारलगायत विविध विषयमा विशेषाङ्क प्रकाशित गरी समाजको दर्पणको रूपमा आफूलाई प्रस्तुत गर्न सफल हुनु आफैमा एउटा ऐतिहासिक काम हो । शुभारम्भ अङ्कमा तत्कालीन राष्ट्र प्रमुख, सरकार प्रमुख, गृहमन्त्री, प्रहरी संगठन प्रमुखको शुभकामना सन्देशको साथै सुरूवातीका विभिन्न अङ्कमा तत्कालीन राज्यमन्त्री, प्रहरी संगठन प्रमुखदेखि प्रसिद्ध साहित्यकारहरू माधवप्रसाद घिमिरे, भैरव अर्याल, भिमनिधि तिवारी, सिद्धिचरण श्रेष्ठ, पारिजात, धर्मराज थापा, बालकृष्ण सम, भवानि भिक्षुलगायत वरिष्ठ प्रहरी अधिकृतहरू समेतको लेखरचना प्रकाशित भएको र हालसम्म यसको निरन्तरता भएबाट प्रहरी द्वैमासिकले आफ्नो ओजिलो र महत्त्वपूर्ण उपस्थितिलाई कायम राख्दै आएको विश्वास लिन सकिन्छ । यसरी छ दशक बढी लामो समयसम्म संगठनको नीतिअनुरूप अनवरत सेवा गर्दै आफ्नो गौरवशाली इतिहास कायम राख्दै प्रस्तुत हुन पाउँदा प्रहरी द्वैमासिक गर्वको अनुभूति गर्दछ ।

संगठनका गतिविधि कलात्मक रूपमा सम्प्रेषण गरी पाठकसामू पुऱ्याउन, समाजलाई जागृत गराउन, इतिहासको स्मरण गराउन, वर्तमान उजागर गर्न र पत्रिका प्रकाशनको उद्देश्य पूरा गर्न प्रकाशन समूह क्रियाशील छ । यसका बाबजुद पनि ६५ वर्षे यात्रामा प्रहरी द्वैमासिकका अनेक कठिनाई र चुनौती बग्रेल्ती देखा परे, जसको सामना गर्नुको विकल्प रहेन । यसका लागि प्रहरी द्वैमासिकको विकासमा संगठनको साथै समस्त शुभचिन्तक सदैव उदार र सकारात्मक रहनुपर्ने देखिन्छ । प्रहरी संगठनको मात्रै होइन राज्यकै पुरानो र इतिहास कायम गरेको पत्रिकामध्ये एक भएकोले यसलाई न्यायपूर्ण संरक्षणमा सबैको ध्यान जानुपर्ने देखिन्छ । यस्तो भएमा हाम्रा विचार, अनुभूति र अनुभव पक्कै पनि हाम्रो लक्ष्य हासिलका लागि कोसेढुङ्गा सावित हुनेछन् ।

अन्त्यमा, नाम 'प्रहरी' भए पनि प्रहरी द्वैमासिक आम नागरिक सबैको साझा चौतारी हो भन्ने कुरा सहर्ष जानकारी गराउन चाहन्छौं । पत्रिकाको शुभारम्भदेखि हालसम्म आफ्ना अमूल्य लेखरचना उपलब्ध गराएर हाम्रो यात्रालाई साथ सहयोग प्रदान गर्नुहुने सम्पूर्ण सर्जकहरू, अगाडि बढ्न प्रेरणा दिने अग्रजहरू, प्रहरी संगठन र शुभचिन्तक सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । आगामी दिनमासमेत यस्तै सकारात्मक सहयोगको अपेक्षा राख्दछौं । यहाँहरू सबैको हात-हात र मन-मनमा स्थापित हुने र पत्रिका अझै पठनीय बनाउने प्रयास जारी राख्दै प्रहरी र आम नागरिकबीच सेतुको काम गर्नेछौं । ६५औं वर्ष प्रवेशको यस सुखद अवसरमा प्रहरी संगठन, संगठन प्रमुखज्यू, संगठनका सम्पूर्ण सदस्यहरू, लेखकवर्ग, पाठकवर्गलगायत सम्पूर्ण शुभचिन्तकहरूमा हार्दिक शुभकामना अर्पण गर्दछौं ।

# विषयसूची

## व्यावसायिक सामग्री


| | | |
|---|---|---|
| ♦ प्रतिलिपि अधिकार सम्बन्धी नेपाल कानून...... | ✍ नायब महान्यायाधिवक्ता संजीवराज रेग्मी | १ |
| ♦ मृत्युकालीन घोषणा | ✍ सह-न्यायाधिवक्ता सोमकान्ता भण्डारी | १० |
| ♦ जाहेरी दरखास्त | ✍ प्र व उ गोपाल चन्द्र भट्टराई | १९ |
| ♦ नेपालको संविधानमा मानवअधिकार......... | ✍ अधिवक्ता प्रेमराज सिलवाल | ३३ |
| ♦ यौनिक तथा लैङ्गिक अल्पसंख्यक विरुद्ध... | ✍ प्र उ मोहन कुमार थापा | ५५ |
| ♦ सवारी दुर्घटनाः न्यूनीकरणका उपायहरु | ✍ प्र ना उ भोजराज पाण्डेय | ७९ |


## साहित्य / विविध


| | | |
|---|---|---|
| ♦ चोरी | ✍ लीलाराज दाहाल | १५ |
| ♦ कर्ता, करण र कर्म | ✍ पूर्व प्र ना म नि ई महेशसिंह कठायत | १६ |
| ♦ म्यानमारको इन्ले तालमा | ✍ युवराज नयाँघरे | २७ |
| ♦ नदी र बाह्र वर्षे मेला | ✍ यशु श्रेष्ठ | ५३ |
| ♦ सडक राजनीति | ✍ ममता मृदुल | ६५ |
| ♦ पुगौं है पुगमालिका ! | ✍ प्र ना उ जयश्वर रिमाल | ६६ |
| ♦ श्रीमद्भागवत महापुराणमा के छ ? | ✍ बद्री प्रसाद ढकाल | ७३ |
| ♦ खुसीको आंसु | ✍ ललिता 'दोषी' | ८४ |
| ♦ पुस्तक विमोचन | ✍ गङ्गा कर्माचार्य पौडेल | ८६ |
| ♦ चतुर्मास, तुलसी र पुरुषोत्तम महिना | ✍ अच्युत प्रसाद पौडेल 'चिन्तन' | ८८ |
| ♦ विज्ञान, धर्म र अध्यात्म | ✍ राजेशमान के.सी. | ९४ |
| ♦ माटोको बिलौना | ✍ देवकी के.सी. | ९७ |
| ♦ वनस्पतिहरुको प्रजननः प्रकृतिको वरदान | ✍ श्यामकृष्ण डंगोल प्रतीक्ष | १०० |
| ♦ आफ्नो ममी | ✍ बिन्दु अधिकारी ढकाल | १०२ |
| ♦ नेपालभित्र मृत्यु संस्कारको परम्परा | ✍ त्रिचन्द्र प्रतिक्षा | १०४ |
| ♦ लेखाइ र मनोवेग | ✍ माधव बिडारी | १०८ |

## गीत / कविता/ गजल


| | | |
|---|---|---|
| ♦ हिलोमा मै फूल्छ किसानको कमल | ✍ घनबहादुर थापा | ९ |
| ♦ साहिँली औँला | ✍ रमेशचनद्र घिमिरे | १८ |
| ♦ मुक्तक | ✍ शान्ति शर्मा | २६ |
| ♦ मुक्तक | ✍ सम्झना थापा मगर | ३२ |
| ♦ गीत | ✍ दिपकराज विश्वकर्मा | ५२ |
| ♦ मन | ✍ मनिष प्रयत्न | ५४ |
| ♦ रमाइलो | ✍ डा सत्यराज थपलिया | ७२ |
| ♦ देश चाहिन्छ | ✍ सनत कुमार आचार्य | ७८ |
| ♦ किन मान्नु म कसैलाई गुरु ? | ✍ राजबाबु श्रेष्ठ (सागर) | ८५ |
| ♦ बोल्छ | ✍ बेनी बहादुर थापा | ८७ |
| ♦ गीत | ✍ उर्मिला पन्त पाण्डेय | ९९ |
| ♦ गीत | ✍ रविन्द्र आशिष शैली | १०१ |
| ♦ नयाँ फ्याक्ट्री | ✍ इन्द्रकुमार श्रेष्ठ | १०३ |
| ♦ मुक्तक | ✍ जिज्ञासु पौडेल तिलक | १०७ |
| ♦ बाको तरिबर | ✍ बिर्खे अज्जान | १०९ |
| ♦ गजल | ✍ प्र स ह टीकाराम ढुलाल | ११२ |


## स्थायी स्तम्भ


| | | |
|---|---|---|
| ♦ इतिहासको पानाबाट | | ११० |
| ♦ नेपाल प्रहरीसम्बन्धी केही जानकारी | संकलन : प्र व ना नि संगिता कार्की | १११ |
| ♦ रसबस | संकलन : प्र स नि शरणजंग भण्डारी | १११ |
| ♦ सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु | संकलन : प्र स नि जनक आचार्य | ११२ |


प्रकाशित लेखको दायित्व लेखक स्वयम्मा रहनेछ ।

# प्रतिलिपि अधिकार सम्बन्धी नेपाल कानून र कार्यान्वयनमा प्रहरीको जिम्मेवारी



✍नायब महान्यायाधिवक्ता
संजीवराज रेग्मी

## १.प्रतिलिपि अधिकार

साहित्यिक र कलात्मक सिर्जनासँग सम्बन्धित कानूनी अधिकार प्रतिलिपि अधिकार हो । पुस्तक वा कृति लेखन, गीत वा सङ्गीतको रचना, चित्रकला तथा पेन्टिङ, चलचित्र, कम्प्युटर प्रोग्राम, विद्युतीय डाटावेश आदि प्रतिलिपि अधिकारका उदाहरण हुन् । यो अधिकारको कानूनी संरक्षणको उद्देश्य लेखक वा सर्जकको मौलिकता र रचनात्मकतालाई प्रोत्साहन तथा संरक्षण गर्नु र राष्ट्रको कला, साहित्य, परम्परागत ज्ञान, सांस्कृतिक अभिव्यक्तिको विकासमा योगदान दिनु हो ।

प्रतिलिपि अधिकारको कानूनी संरक्षणका लागि लेखक वा सर्जकको रचना मौलिक र स्वतन्त्र हुनु पर्दछ भने त्यस्तो सिर्जना साहित्य, कला, ज्ञान र विज्ञानसँग सम्बन्धित हुनुपर्ने आवश्यकता रहन्छ । प्रतिलिपि अधिकारले त्यस्तो रचना वा प्रस्तुति गुणस्तरीय, उपयोगी वा मूल्यवान हुनुपर्दछ भन्ने आग्रह राख्दैन तर प्रतिलिपि अधिकार संरक्षणका लागि कुनै पनि रचना वा सिर्जना मौलिक र स्वतन्त्र हुनु अनिवार्य हुन्छ । तथापि श्रोत उल्लेख गरेर तथा उद्धरण सम्बन्धी नियमको आधारमा कुनै पनि रचनाको सीमित भाग उल्लेख गर्न सकिन्छ भने शिक्षण कार्य तथा पठन पाठनको लागि पनि प्रयोग गर्न पाइन्छ । यसको अर्थ कुनै पनि रचना वा सिर्जनाको निष्पक्ष र स्वच्छ प्रयोग गर्न स्वीकार्य हुन्छ । प्रतिलिपि अधिकार अन्तर्गत सर्जकलाई आर्थिक तथा नैतिक दुवै अधिकार प्राप्त हुन्छ । प्रतिलिपि अधिकार रचनाको निर्माण वा सिर्जना पश्चात मात्र प्राप्त हुन्छ र प्रतिलिपि अधिकारका लागि रचना वा सिर्जना दर्ता गर्न अनिवार्य हुँदैन । तर स्वेच्छिक रूपमा भने दर्ता गर्न सकिन्छ ।

अन्तर्राष्ट्रिय स्तरमा लामो समयसम्म द्विपक्षीय सन्धिका आधारमा प्रतिलिपि अधिकारको संरक्षण सम्बन्धी

व्यवस्था हुँदै आएको पाइन्छ । तथापि १८८६ मा प्रतिलिपि अधिकारको संरक्षण सम्बन्धी व्यवस्था गर्ने उद्देश्यले अन्तर्राष्ट्रिय स्तरमा बर्न महासन्धि निर्माण भएको छ । प्रतिलिपि अधिकारको क्षेत्रमा यो सबभन्दा पुरानो सन्धि हो । लेखक वा सर्जकको सिर्जनात्मक र साहित्यक कार्य (literary and artistic works) र प्रतिलिपि अधिकारको संरक्षण गर्ने उद्देश्यका साथ यो महासन्धि निर्माण भएको हो । कलात्मक र साहित्यक कार्य अन्तर्गत साहित्यिक, वैज्ञानिक र कलात्मक उत्पादन जस्तैः पुस्तक, पम्लेट, अन्य सिर्जना, संगीतजन्य कार्य, सिनेमा, नाटक, आर्किटेक्ट डिजाइन आदि समावेश गरिएको छ । नेपाल अक्टोबर ११, २००५ मा यस महासन्धिको पक्ष राष्ट्र बनेको छ ।

## २. नेपालमा प्रतिलिपि अधिकार सम्बन्धी कानून

नेपालको संविधानले सम्पत्तिको हकको रूपमा बौद्धिक सम्पत्तिलाई समेत समावेश गरेको छ र कानूनको अधीनमा रही संरक्षण प्राप्त हुने व्यवस्था गरेको छ । बौद्धिक सम्पत्तिमा प्रतिलिपि अधिकार समेत समावेश हुने हुँदा यसमा समेत कानूनको अधीनमा रही संवैधानिक संरक्षण प्राप्त हुने देखिन्छ । प्रतिलिपि अधिकार संरक्षण गर्ने नेपाल कानूनको रूपमा प्रतिलिपि अधिकार ऐन, २०५९ कार्यान्वयनमा रहेको छ । प्रतिलिपि अधिकार संरक्षण गर्ने उद्देश्यका साथ बनेको यस कानूनले साहित्य, कला, ज्ञान-विज्ञान र अन्य क्षेत्रमा मौलिक एवं बौद्धिक रूपले प्रस्तुत गरिएका रचनालाई प्रतिलिपि अधिकारको संरक्षण प्राप्त हुने प्रबन्ध गरेको छ। रचना अन्तर्गत किताब, पर्चा, लेख, शोधपत्र, नाटक, नाट्य-सङ्गीत, मुक चित्र र यस्तै किसिमले मञ्चनका लागि तयार गरिएका रचना, शब्द सहित वा शब्द रहित साङ्गीतिक रचना श्रव्यदृश्य रचना, आर्किटेक्चरल डिजाइन, चित्रकला, पेन्टिङ्ग, मूर्तिकला, काष्ठकला, लिथोग्राफी र आर्किटेक्चर सम्बन्धी अन्य रचना, फोटोजन्य रचना, प्रयोगात्मक कला सम्बन्धी रचना, उद्धरण, मानचित्र, योजना, भूगोल सम्बन्धी त्रिआयामिक रचना, टोपोग्राफी र वैज्ञानिक लेख रचना, कम्प्युटर प्रोग्राम समावेश छन् । यी रचनाहरूमा कानूनी संरक्षण प्राप्त हुने र कसैले उल्लङ्घन गरेमा कसूरजन्य कार्य मानी कारबाही हुन्छ ।

### २.१ प्रतिलिपि अधिकारको संरक्षण र अवधि

कुनै पनि रचनालाई प्रतिलिपि अधिकारको संरक्षण प्राप्त हुन्छ । तर कुनै विचार, धर्म, समाचार, सञ्चालन विधि, अवधारणा, सिद्धान्त, अदालतको फैसला, प्रशासनिक निर्णय, लोकगीत, लोककथा, उखान र सामान्य तथ्याङ्क जस्ता कुराहरूलाई कुनै रचनामा समावेश

गरिएको भए तापनि प्रतिलिपि अधिकारको संरक्षण प्राप्त हुँदैन । प्रतिलिपि अधिकार प्राप्त गर्न कुनै पनि रचना, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारण दर्ता गराउन अनिवार्य गरिएको छैन तर स्वेच्छाले दर्ता गराउन चाहेमा रजिष्ट्रार समक्ष निवेदन दिई दर्ता गराउन सकिन्छ ।

रचयितालाई आर्थिक र नैतिक अधिकार प्राप्त हुने र रचयिताको जीवनभर र निजको मृत्यु भएकोमा मृत्यु भएको वर्षबाट पचास वर्षसम्म त्यस्तो अधिकार संरक्षित हुने व्यवस्था गरिएको छ । यसैगरी संयुक्त रूपमा तयार गरिएको रचनाको आर्थिक र नैतिक अधिकारको हकमा रचयिताहरूमध्ये सबैभन्दा पछि मृत्यु हुने रचयिताको मृत्यु भएको वर्षबाट पचास वर्षसम्म संरक्षण प्राप्त हुन्छ । व्यवहारिक कला सम्बन्धी रचना र फोटोजन्य रचनाको आर्थिक तथा नैतिक अधिकार त्यस्तो रचना तयार भएको वर्षबाट पच्चीस वर्षसम्मका लागि संरक्षित हुन्छ । कुनै रचनाको रचयिता एउटै भए निजको र दुई वा दुई भन्दा बढी रचयिता भए ती मध्ये कुनै एकको मृत्यु भएपछि प्रकाशित रचनाको हकमा सो रचना प्रकाशन भएको वर्षबाट पचास वर्षसम्म संरक्षित हुने व्यवस्था गरिएको छ।

**२.२. प्रतिलिपि अधिकारका स्वरूपहरू**

प्रतिलिपि अधिकार अन्तर्गत सर्जक वा रचयितालाई आर्थिक र नैतिक गरी दुई प्रकारको अधिकार प्राप्त हुन्छ । आर्थिक अधिकार अन्तर्गत रचयितालाई आफ्नो रचनाको पुनरूत्पादन गर्ने, अनुवाद गर्ने, परिमार्जन वा संशोधन गर्ने, संयोजन लगायत अन्य रूपान्तरण गर्ने, मूल र प्रतिलिपि सर्वसाधारणको लागि बिक्री वितरण वा बहालमा दिने, श्रव्यदृश्य रचना, ध्वनिअङ्कन समाविष्ट रचना, कम्प्युटर कार्यक्रम, तथ्याङ्कमा आधारित वा ग्राफ स्वरूपमा रहेको साङ्गीतिक रचनाको आफूलाई प्राप्त अधिकार हस्तान्तरण गर्ने वा बहालमा दिने, रचनाको प्रतिलिपि आयात गर्ने, मूल रचना वा सो रचनाको प्रतिलिपिको सार्वजनिक प्रदर्शन गर्ने, प्रस्तुति गर्ने, प्रसारण गर्ने तथा सार्वजनिक सञ्चार गर्ने अधिकार रहन्छ । रचनाको आर्थिक अधिकारको पहिलो धनी रचयिता हुन्छ भने संयुक्त रचनाका हकमा सहरचयितालाई आर्थिक अधिकार प्राप्त हुन्छ। यसैगरी कुनै व्यक्ति वा संस्थाको सक्रियता वा निर्देशनमा संयुक्त रचना तयार गरिएको भए सो तयार गराउने व्यक्ति वा संस्थालाई आर्थिक अधिकार प्राप्त हुन्छ । कसैले पारिश्रमिक दिई कुनै रचना तयार गर्न लगाएको भए त्यस्तो पारिश्रमिक दिने व्यक्ति वा संस्थालाई र बेनामी रचनाको हकमा सो रचनाको रचयिता प्रमाणित

नहुन्जेल सो रचनाको प्रकाशकलाई आर्थिक अधिकार रहन्छ । करारमा अन्यथा उल्लेख गरिएकोमा बाहेक श्रव्यदृश्य रचनाको हकमा त्यस्तो रचनाको उत्पादकलाई प्राप्त हुन्छ ।

कुनै रचनामा रचयितालाई नैतिक अधिकार समेत प्राप्त हुन्छ । नैतिक अधिकारअन्तर्गत आफ्नो रचनाका प्रतिहरूमा वा आफ्नो रचना सार्वजनिक रूपमा प्रयोग गरिएमा त्यस्तो रचनामा आफ्नो नाम उल्लेख गर्न लगाउने, आफ्नो रचनालाई बङ्ग्याई वा विकृत रूपमा प्रस्तुत गरी निजले आर्जन गरेको सम्मान वा ख्यातिलाई गिराउने जस्ता कार्य रोक्ने, आफ्नो रचनामा आवश्यक संशोधन वा परिमार्जन गर्ने अधिकार रहन्छन् । नैतिक अधिकार रचयिताको जीवनभर हस्तान्तरण हुँदैन । तर रचयिताले आफ्नो मृत्यु पश्चात लागू हुनेगरी त्यस्तो अधिकार हस्तान्तरण गर्न कसैलाई इच्छाएको भए त्यसरी इच्छाएको व्यक्ति वा संस्थालाई र त्यसरी इच्छाएको नभए नजिकको हकवालामा सर्दछ ।

प्रतिलिपि अधिकार धनीले आर्थिक अधिकारमध्ये सबै वा केही अधिकार लिखित रूपमा सम्झौता गरी अरूलाई हस्तान्तरण गर्न वा कुनै शर्त तोकी वा नतोकी प्रयोग गर्न अनुमति दिन सक्छ भने नैतिक अधिकार प्राप्त व्यक्तिले आफ्नो मृत्युपछि लागू हुने गरी प्राप्त नैतिक अधिकारको संरक्षणको लागि रचनामा आफ्नो नाम नहटाउने शर्त सहित लिखित रूपमा सम्झौता गरी कसैलाई हस्तान्तरण गर्न सक्छ । यसरी प्रतिलिपि अधिकार धनीबाट अधिकार हस्तान्तरण गरी लिने व्यक्तिले त्यसरी हस्तान्तरण गरी लिएको अधिकार बाहेक अन्य कुनै काम कारबाही गर्न पाउँदैन ।

**२.३.अनुमतिबिना प्रतिलिपि अधिकार प्राप्त सामग्री प्रयोग गर्न पाइने अवस्था**

प्रतिलिपि अधिकार ऐनले केही सीमित अवस्थामा प्रतिलिपि अधिकार धनीको अनुमतिबिना प्रतिलिपि अधिकार प्राप्त सामग्री प्रयोग गर्न सकिने व्यवस्था गरेको छ ।

- व्यक्तिगत प्रयोजनको लागि कुनै पनि प्रकाशित रचनाको केही भाग पुनरूत्पादन गर्न,
- रचनाको केही अंश सत्कार्यको लागि रचयिता वा प्रतिलिपि अधिकार धनीको आर्थिक अधिकारमा प्रतिकूल असर नपर्ने गरी श्रोत उल्लेख गरी उद्धरण गर्न,
- पठनपाठनको लागि प्रतिलिपि अधिकार धनीको आर्थिक अधिकारमा प्रतिकूल असर नपुराउने गरी उद्धरण, लेखन वा श्रव्य दृश्यको सहायताद्वारा कुनै प्रकाशित रचनाको छोटो भाग पुनरूत्पादन गर्न,

- कक्षामा प्रस्तुत हुने शैक्षिक क्रियाकलापको प्रयोजनको लागि रचनाको केही अंश पुनरूत्पादन, प्रसारण र प्रदर्शन गर्न तर सबै प्रतिहरूमा स्रोत र रचयिताको नाम उल्लेख गर्नुपर्ने हुन्छ।
- प्रत्यक्ष वा अप्रत्यक्ष रूपले आर्थिक लाभ नलिई शोध वा अध्ययन गर्ने व्यक्तिको अनुरोधमा सार्वजनिक पुस्तकालय वा अभिलेखालयले आफूसँग रहेका कुनै पनि रचना हराए वा नष्ट भए वा पुरानो भएमा वा त्यस्तो रचना प्राप्त गर्न नसकिने भएमा त्यस्तो रचनाको एकप्रति पुनरूत्पादन गर्न,
- सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले पुनरूत्पादन, प्रसारण र अन्य किसिमको सञ्चार गर्न,

## २.४. प्रतिलिपि अधिकारको उल्लङ्घन र सजाय सम्बन्धी व्यवस्था

प्रतिलिपि अधिकार धनीको अनुमति प्राप्त नगरी वा अनुमति प्राप्त गरेको भए तापनि सम्झौता वा अनुमतिपत्रमा उल्लेख भएको शर्तको उल्लङ्घन गरी आर्थिक लाभ उठाई वा नउठाई व्यापारिक वा अन्य कुनै उद्देश्यले आफ्नो हक नपुग्ने रचना वा ध्वनिअङ्कनको प्रतिलिपिहरू उत्पादन गरी बिक्री वितरण वा सार्वजनिक सञ्चार गर्ने वा भाडामा दिने लगायतका कार्यलाई प्रतिलिपि अधिकारको उल्लङ्घन सम्बन्धी कसूर मानिन्छ। प्रतिलिपि अधिकारको उल्लङ्घन गर्ने व्यक्तिलाई कसूरको मात्रा अनुसार दश हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुबै सजाय हुने व्यवस्था कानूनमा रहेको छ । यस्तो कसूर दोस्रो पटक गरेकोमा पटकै पिच्छे बीस हजार रूपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुन्छ । त्यसरी प्रकाशन वा पुनरूत्पादन गरेको वा वितरण गरेको वा पुनरूत्पादन गर्न प्रयोग गरिएका सामग्रीहरू जफत हुनुका साथै संरक्षित अधिकारको उल्लङ्घन गर्ने व्यक्तिबाट प्रतिलिपि अधिकार प्राप्त व्यक्तिलाई पर्न गएको नोक्सानी बापत क्षतिपूर्ति समेत उपलब्ध गराउनु पर्ने हुन्छ । प्रतिलिपि अधिकार उल्लङ्घन भएकोमा सो भएको थाहा पाएको मितिले तीन महिनाभित्र उजुरी दिनुपर्ने हदम्याद रहेको छ ।

## २.५. प्रतिलिपि अधिकारको कसूरको अनुसन्धानमा प्रहरीको जिम्मेवारी

प्रतिलिपि अधिकारको धनीको अनुमति प्राप्त नगरी वा अनुमति प्राप्त गरेको भए तापनि सम्झौता वा अनुमतिपत्रमा उल्लेख भएको शर्तको उल्लङ्घन गरी कसैले कार्य गरेमा सो कार्य प्रतिलिपि अधिकार कानूनको विपरीत कसूर मानिन्छ । यस्तो

कसूर सम्बन्धी मुद्दा नेपाल सरकारवादी हुने र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ मा पर्ने र प्रहरी निरीक्षक दर्जाको प्रहरीले अनुसन्धान तहकिकात गर्नुपर्ने व्यवस्था रहेको छ । यस सम्बन्धी कसूर गरेको उजुरी वा सूचना प्राप्त भए पश्चात सो कार्यका सम्बन्धमा अनुसन्धान गरी कसूर भए वा नभएको एकीन गर्ने, कसूर भएकोमा सो कसूर सम्बन्धी प्रमाण संकलन गर्ने, शंकित व्यक्तिलाई नियन्त्रणमा लिने र त्यस्तो व्यक्तिको बयान लिने, कसूर सम्बन्धी प्रमाण परीक्षण गर्ने, प्रमाणको विश्लेषण गरी अनुसन्धान प्रतिवेदन सहित मिसिल अभियोजन कार्यका लागि सरकारी वकिल समक्ष पेश गर्ने लगायतको जिम्मेवारी प्रहरीमा रहेको छ । यस्तो कसूरको अनुसन्धान गर्दा कानूनले तोकेको हदम्यादभित्र सम्पन्न गर्नुपर्ने हुन्छ । साथै संरक्षित अधिकारको उल्लङ्घन गर्ने व्यक्तिबाट प्रतिलिपि अधिकार प्राप्त व्यक्तिलाई पर्न गएको नोक्सानी वापत क्षतिपूर्ति समेत उपलब्ध गराउनुपर्ने हुंदा नोक्सान भएको वास्तविक रकम समेत एकीन गर्नुपर्ने हुन्छ । प्रतिलिपि अधिकारको उल्लङ्घन सम्बन्धी कसूरको अनुसन्धान गर्ने प्रहरी अधिकारीले त्यसको उपयुक्त प्रविधि प्रयोग गरेर सर्जकको प्रतिलिपि अधिकार उल्लङ्घन भएको छ छैन भनी निष्कर्षमा पुग्ने र कसूरको प्रभावकारी अनुसन्धान गरी सर्जकको प्रतिलिपि अधिकारको संरक्षण गर्ने र प्रतिलिपि अधिकार कानूनको कार्यान्वयन गर्ने जिम्मेवारी प्रहरीको रहन्छ ।

### २.६.प्रतिलिपि अधिकार सम्बन्धमा न्यायिक दृष्टिकोण

**१.अधिवक्ता ध्रुव कोइराला वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत २०६७-WO-०१५३, आदेश मिति २०७५।११।१**

बौद्धिक सम्पत्तिको विभिन्न विधाको रचनाहरूको संरक्षण प्रभावकारी हुन नसकेको कारण त्यसको उल्लङ्घन हुँदै गएको, सङ्गीत विधामा उल्लङ्घनको मात्रा बढी भई सङ्गीतको रचनाकारहरू देशबाट पलायन हुँदै गएका हुँदा नेपाली सङ्गीत विधाका स्रष्टाको अधिकार संरक्षण गर्ने सरकारका निकायहरूलाई आफ्नो दायित्व जिम्मेवारी प्रभावकारी रूपमा बहन गर्नु गराउनु भनी परमादेश लगायतको आदेश जारी गरी पाँऊ भन्ने सार्वजनिक सरोकारको रिट निवेदनमा सम्मानित सर्वोच्च अदालतले रचना, कलाकारिता तथा गीत, सङ्गीतजस्ता सिर्जना व्यक्ति र राष्ट्रका अमूल्य निधि रहेको कुरामा कुनै विवाद हुन नसक्ने भन्दै बौद्धिक सम्पत्तिहरूको संरक्षण र सम्बर्द्धन गर्ने कार्य स्रष्टा तथा व्यक्ति

एक्लैले गर्न नसक्ने हुंदा बौद्धिक सम्पत्तिहरूको संरक्षण, सम्बर्द्धन र सम्मान गर्नु राज्यको दायित्व हुने दृष्टिकोण राखेको छ । साहित्यिक, साङ्गितिक, वैज्ञानिक तथा कलात्मक कार्यको सिर्जना गर्ने लेखक, सर्जक वा अधिकार धनीलाई आफ्नो सिर्जनामा आर्थिक र नैतिक अधिकार निहित हुने व्याख्या गरेको छ । स्रष्टाको रचना निश्चित अवधिपछि सार्वजनिक स्वामित्वमा आउने र अन्ततोगत्वा रचनाको स्वामी हामी सबै भई आर्थिक अधिकारको उपभोग गर्न पाउने हुँदा यसबाट एकातिर राज्यको कला र संस्कृतिको विकास हुन पुग्छ भने अर्कोतर्फ त्यस्ता रचनाको बिक्री वितरणबाट आम्दानी भएपछि त्यस्ता बौद्धिक सम्पत्तिहरू राज्यको आर्थिक श्रोत समेत हुने व्याख्या गरेको छ। यस कुरालाई आत्मसात गरी बौद्धिक सम्पत्तिको संरक्षण गर्ने उद्देश्यकासाथ नेपालमा प्रतिलिपि अधिकार कानून जारी गरी सो ऐनबाट स्रष्टाको रचना र सोसँग सम्बन्धित विषयवस्तुहरूलाई नियमन गरिंदै आएको हो भन्ने मान्यता अदालतले राखेको देखिन्छ ।

यसका अलावा अदालतले आफ्नो रचना सङ्गीत र गायनजस्ता सङ्गीत विधाको बौद्धिक सम्पत्तिको कुरा कसले कसरी चोरी गऱ्यो वा स्रष्टाको मञ्जुरी बेगर त्यसको प्रतिलिपि निकाल्यो भन्ने लगायत कुराको सूचना दिने र त्यसलाई अनुसन्धान अधिकारी र मुद्दा हेर्ने सक्षम निकाय समक्ष प्रमाण र बकपत्रद्वारा पुष्टि गर्ने कर्तव्य स्रष्टाको नै हुने व्याख्या यस मुद्दामा गरेको छ। साथै प्रतिलिपि अधिकारको उल्लङ्घन सम्बन्धी कसूरको अनुसन्धान गर्ने अधिकारीले त्यसको उपयुक्त प्रविधि प्रयोग गरेर सर्जकको सहमति बेगर प्रतिलिपि निकालेर सर्जकको प्रतिलिपि अधिकार उल्लङ्घन भएको छ छैन भनी निष्कर्षमा पुग्नु पर्ने भन्दै सो कुरा घटना विशेषमा आधारित भई निरूपण हुने विषय भनेको पाइन्छ। प्रतिलिपि अधिकारको व्याख्या गर्दै यसको संरक्षण र सम्बर्द्धनमा राज्यको जिम्मेवारी रहने भन्दै अदालतले कसूरको बारेमा सूचना दिने र अनुसन्धान तथा न्यायिक कार्यमा स्रष्टाको कानूनी कर्तव्यलाई पनि यस मुद्दामा व्याख्या गरेको छ ।

**२. यादव दवाडी वि. नेपाल सरकार ने.का.प.२०६६ अंक ६ नि.नं ८१७८**

प्रतिलिपि अधिकार धनी चलचित्र निर्माण संस्थाको कुनै अनुमति नलिई तथा कुनै सम्झौता बिना नै विभिन्न नेपाली चलचित्रहरू तथा गीत सङ्गीतका रचनाहरू गैरकानूनी तवरले प्रतिलिपि क्यासेट उत्पादन गरी बिक्री वितरण गर्ने र भाडामा लगाउने गरी गरेको कार्यबाट प्रतिलिपि अधिकार ऐन, २०५९ को उल्लङ्घन हुने मान्यता यस मुद्दामा

अदालतले स्थापित गरेको छ ।

**३. मिहिरकुमार ठाकुर विरूद्ध भेषजंग बादल समेत ने.का.प.२०६६ अंक १२ नि. नं. ८२८३**

निवेदकमा प्रतिलिपि अधिकार रहेको रचनामा धनीको मञ्जुरी बेगर अनाधिकृत तवरले अंग्रेजीमा अनुवाद गरी "The King Versus The People" भन्ने पुस्तक प्रकाशित गरी २७ अमेरिकी डलर मूल्य राखी बिक्री वितरण समेत गरेको कार्यले सर्जकको प्रतिलिपि अधिकार उल्लङ्घन हुने भनी शुरू अदालतबाट ठहर भई प्रतिवादीलाई सजाय हुने र क्षतिपूर्ति समेत प्रतिलिपि अधिकार धनीले पाउने फैसला भई सो फैसला अन्तिम भएकोले उक्त फैसला कार्यान्वयन गर्ने प्रक्रिया रोक्न नमिल्ने व्याख्या यस मुद्दामा सम्मानित सर्वोच्च अदालतले गरेको छ । प्रतिलिपि अधिकारको उल्लङ्घन गरेको भन्ने कसूरमा अभियोजन भई सजाय भएको र सो फैसला अन्तिम भएकोमा सोको कार्यान्वयन गर्नुपर्ने सिद्धान्तलाई यसमा मान्यता दिएको देखिन्छ ।

**४. राजिवजङ शाह समेत वि. आन्तरिक राजस्व विभाग समेत ने.का.प.२०७६ अंक ७ निर्णय नं १०३१५**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ ले सफ्टवेयर निर्माताको सोर्स कोड माग्न पाउने कुनै अधिकार नदिएको अवस्थामा आन्तरिक राजस्व विभागद्वारा तयार गरी लागू गरिएको "कम्प्युटर बिजक सम्बन्धी कार्यविधि, २०७१ को बुँदा ३ (ङ) ले प्रमाणीकरण गरिएको सफ्टवेयरको डिजाइन सञ्चालन पुस्तिका तथा स्रोत कोड उपलब्ध गराउनुपर्ने र सोको विभागले अभिलेख राख्ने छ । सफ्टवेयर डिजाइन एवम् सोर्सकोडको गोपनियता एवम् सुरक्षा विभागले कायम राख्ने छ भन्ने व्यवस्था र सफ्टवेयरको आधिकारिक प्रतिलिपि पेश गर्नुपर्ने व्यवस्था व्यक्तिको सम्पत्ति सम्बन्धी संवैधानिक हक विपरीत रहेकोले उक्त कार्यविधि वा विवादित दफा बदर गरी पाउँ भन्ने समेत जिकिर रहेको यस मुद्दामा सर्वोच्च अदालतले असामान्य, अनपेक्षित वा कानूनको परिपालनाको प्रश्न उठेको विशेष अवस्थामा प्रयोग हुने गरी गोपनियता कायम राख्ने गरी राजस्व प्रशासनलाई जिम्मेवारी पूर्वक काम गर्ने प्रतिबद्धतासाथ बुझाइएको स्रोतको दुरूपयोग नभएसम्म संवैधानिक हकमा असर नहुने न्यायिक दृष्टिकोण राखेको छ।

कुनै पनि सर्जकले सिर्जना वा रचना गरेको सफ्टवेयरलाई नेपालको कानूनी प्रावधानले प्रतिलिपि अधिकारको रूपमा संरक्षण गरेको भन्दै प्रतिलिपि अधिकार र औद्योगिक सम्पत्ति दुवै बौद्धिक सम्पत्ति हुन् भन्ने कुरालाई अदालतले जोड दिएको छ । नेपालद्वारा अनुमोदित पेरिस

महासन्धिले औद्योगिक सम्पत्ति अर्थात पेटेन्ट ट्रेडमार्क डिजाइनजस्ता बौद्धिक सम्पत्तिको हकमा व्यवस्था गरेको र नेपालमा त्यसको संरक्षण पेटेन्ट, डिजाइन र ट्रेडमार्क ऐन, २०२२ को माध्यमबाट हुँदै आएको छ । अर्कोतर्फ कम्प्युटर सफ्टवेयरलाई प्रतिलिपि अधिकार ऐन, २०५९ ले प्रतिलिपि अधिकार अन्तर्गत समावेश गरेको हुँदा यो विषय प्रतिलिपि सम्बन्धी विषय समेत भएको प्रष्ट दृष्टिकोण अदालतले राखेको छ। सर्जकको मेहनतले सिर्जना वा रचना गरेको र लगानी परेको सफ्टवेयर र सोर्स कोडलाई बौद्धिक सम्पत्ति हो भन्ने कुरा अदालतले मान्यता दिँदै यसको प्रतिलिपि आन्तरिक राजस्व विभागले आफ्नो अभिलेख राख्ने एवं आवश्यक परेका बखत अनुसन्धानमा प्रयोग गर्न सक्ने गरी लिँदैमा यसले बौद्धिक सम्पत्ति अधिकारमा अनुचित प्रतिबन्ध लगाएको मान्न नमिल्ने भन्दै रिट निवेदन खारिज हुने व्याख्या गरेको छ । तथापि यस्ता सफ्टवेयर लगायतका बौद्धिक सम्पत्ति कसैलाई बिक्री गर्न वा प्रयोग गर्न दिने वा स्रोतको संकेत दुरूपयोग गर्न नहुने हुँदा त्यसतर्फ राष्ट्र सेवकको जिम्मेवारी हुने भन्दै त्यस्ता सम्पत्तिको अनधिकृत प्रयोग वा प्रतिलिपि निकालिएको पाइएमा त्यस्ता कर्मचारीको सेवा सर्त बमोजिम कारबाही हुनुको साथै प्रतिलिपि अधिकार कानून अनुसार कारबाही हुन सक्ने भनेको पाइन्छ । ♦

## हिलो मै फूल्छ किसानको कमल



✍ **घनबहादुर थापा**

हिलोमै फूल्छ किसानको कमल असारको बेलैमा
खेती र पाती लगाउनलाई आयौं है मेलैमा ।

सिमसिमे पानी हिलाम्मे खेतमा आशा फूल फूल्दछ
सानो बिउ रोपी धान फलाउने सपना झुल्दछ
छुपुमा छुपु रोप्दैछौं खेत हातमा बिउ छन्जेल
किसानी कर्म दिँदैनौं मर्न बलियो जीउ छन्जेल ।

हिलोमै फूल्छ .....
खेती र पाती .......

दही चिउरा अब संस्कृति बन्यो अमृतकै अर्को नाम
खेतबारी हाम्रो धार्मिकस्थल के धाउनु अर्को धाम ?
हुँदैन बाधा किसानलाई हिमालमा हिउँ छन्जेल
कमजोर हामी कसरी हुन्छौं, मानोमा घिउ छन्जेल ।

हिलोमै फूल्छ .....
खेती र पाती .......

# मृत्युकालीन घोषणा



सह-न्यायाधिवक्ता
सोमकान्ता भण्डारी °

## १. मृत्युकालीन घोषणाको परिभाषा

मर्न लागेको मानिसले आफ्नो मृत्युको आभाष भइसकेपछि आफ्नो मृत्युको कारण वा आफ्नो मृत्यु हुने परिस्थितिको बारेमा व्यक्त गरेको भनाइ (Statement) लाई प्रमाण कानूनमा मृत्युकालीन घोषणा भनिन्छ ।[1] मृत्युकालीन घोषणा स्वभावले सधैं सुनि जान्ने प्रमाणको रूपमा अदालतमा प्रस्तुत हुन्छ । मृत्युकालीन घोषणालाई सुनि जान्ने प्रमाणको अपवादको रूपमा प्रमाणमा ग्राह्य हुने व्यवस्था प्रमाण ऐन, २०३१ को दफा ११ ले गरेको छ । जस अनुसार "कुनै व्यक्तिले आफू मर्न लागेको अवस्थामा होस छँदै निजको मृत्युको कारणका सम्बन्धमा मृत्यु हुनु अघि व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छ" । मृत्युकालीन घोषणा जसको मृत्यु मुद्दामा ठहर गर्नुपर्ने कुरा वा सम्बद्ध कुराको रूपमा प्रश्नगत रूपमा रहेको छ सो व्यक्तिले आफू मर्न लागेको अवस्थामा मर्नुभन्दा अगावै होस छँदै आफ्नो मृत्युको कारणका सम्बन्धमा व्यक्त गरेको हुनु पर्दछ । तर अर्काको मृत्युको सम्बन्धमा वा आफ्नो मृत्युको कारणदेखि बाहेक अरू कुनै कुरा व्यक्त गरेको भए त्यसलाई मृत्युकालीन घोषणा भनिँदैन । यदि कुनै पनि प्रकृतिको मुद्दामा सो व्यक्तिको मृत्यु र मृत्युको कारण प्रश्नगत रूपमा रहेको छ भने सो कुरा प्रमाणमा ग्राह्य हुन्छ । सुक्ष्म रूपमा मृत्युकालीन घोषणा भन्नाले मरणासन्न अवस्थामा पुगेको व्यक्तिले आफ्नो मृत्युको कारणका सम्बन्धमा मृत्यु पूर्व गरेको बयान हो । त्यस्तो बयान निजको होस रहेको अवस्थामा व्यक्त

° एलएल. एम. (फौजदारी कानून र संवैधानिक कानून), सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय, काठमाडौं।

१. डा. श्रीप्रकाश उप्रेती, फौजदारी न्यायः सिद्धान्त र प्रयोग, (२०७७), पैरवी बुक हाउस प्रा.लि., पृ. १४९ ।

गरेको र निजको बयान निजकै मृत्युको कारणका सम्बन्धमा गरेको हुनु पर्दछ ।[२]

**नेपाल सरकार वि. अजीज मुसलमान समेत भएको कर्तव्य ज्यान मुद्दामा[३] सर्वोच्च अदालतले देहाय बमोजिम सिद्धान्त प्रतिपादन गरेको छः**

- कुनै कागज मृत्युकालीन घोषणा हो वा होइन निर्क्यौल गर्न घोषणाकर्तालाई आफू मृत्युको सन्निकट रहेको आभास भएकै हुनुपर्ने मानेको छ । सिद्धान्ततः आफू पक्कै मर्ने अवस्थामा पुगेको आभास घोषणाकर्तालाई भएको सम्बन्धित कागजबाट देखिएको छ भन्ने स्थापित भएपछि मात्र त्यसका अन्तरवस्तुमा प्रवेश गर्न मिल्ने ।
- मृतकको कथन मृत्युकालीन घोषणा हुनका लागि घोषणाकर्ता कति समयभित्र मर्न पर्छ भन्ने सीमारेखा तोकिएको हुँदैन । तर, सो कथन र मृतकको मृत्युका बीच मृत्युका अन्य कारण र अवस्था विद्यमान हुन भन्न नहुने ।
- प्रमाण ऐनको दफा ११ को सीमामा परेन भन्दैमा कुनै लिखित अभिव्यक्ति प्रमाण शून्य हुँदैन । प्रमाण ऐनका अन्य कुनै व्यवस्था अन्तर्गत त्यो प्रमाण हुन सक्दछ भने त्यसको न्यायिक मूल्याङ्कन हुन सक्ने ।

## २. मृत्युकालीन घोषणा सम्बन्धी धारणा र प्रमाण कानूनमा यसको स्थान

मृत्युकालीन घोषणा[४] सुनिजान्ने प्रमाणको नियमको अपवादको रूपमा प्रस्तुत हुने एक महत्त्वपूर्ण प्रमाण हो । यसलाई प्रमाण ऐन, २०३१ ले मात्र कानूनी रूप प्रदान गरेको हो । फौजदारी मुद्दामा अभियुक्त माथि अभियोग सिद्ध गर्न, मुद्दासँग सम्बन्धित प्रमाणहरू सङ्कलन गर्न र स्वयं अपराध अनुसन्धान गर्नमा यसको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । कहिलेकाहीं यो देवानी मुद्दामा पनि सुनि जान्ने प्रमाणको अपवादको रूपमा प्रमाणमा ग्राह्य हुन सक्दछ ।

प्रमाण ऐन, २०३१ पूर्व मृत्युकालीन घोषणाका सम्बन्धमा नेपाल कानूनमा केही उल्लेख गरिएको थिएन । प्रमाण ऐन, २०३१ ले स्पष्ट रूपमा मृत्युकालीन घोषणा भनी नामाकरण नगरी सो ऐनको दफा ११ मा "कुनै मरेको व्यक्तिले आफू मर्न लागेको

२. प्रा. डा. रजितभक्त प्रधानाङ्ग, सोमकान्ता भण्डारी, प्रमाण कानूनको परिचय, (२०७९), पैरवी बुक हाउस प्रा.लि., काठमाडौं, पृ. १८७ ।

३. ने.का.प. २०६७, अंक ४, नि.नं. ८३५४, पृ. ६३० ।

४.मृत्युकालीन घोषणालाई जनाउनका लागि मरणासन्न वक्तव्य भन्ने पर्यायवाची वाक्यांश पनि प्रमाण कानूनमा प्रयोग गरेको पाइन्छ ।

अवस्थामा होस छँदै आफ्नो मृत्युको कारणका सम्बन्धमा व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छ" भन्ने कानूनी व्यवस्था गरिएको थियो । भाव रूपमा हेर्दा मृत्युकालीन घोषणाको बारेमा उल्लेख गरिएको यस कानूनी व्यवस्थामा शब्दगत रूपमा हेर्दा "मरेको व्यक्तिले" भन्ने शब्द प्रयोग गरिएको थियो । मरेको व्यक्तिले कुनै कुरा व्यक्त गर्ने अवस्था नै नहुनेमा कानूनमा सो शब्द गतल रूपमा राखिएको थियो । प्रमाण ऐनमा भएको दोस्रो संशोधन[५] ले सो शब्दगत कानूनी व्यवस्थालाई संशोधन गरी "कुनै व्यक्तिले आफू मर्न लागेको अवस्थामा होस छँदै निजको मृत्युको कारणका सम्बन्धमा मृत्यु हुनु अघि व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छ" भनी उल्लेख गरेको छ । साथै यस अवस्थामा व्यक्त गरिएको कुरालाई सर्वोच्च अदालतले "मृत्युकालीन घोषणा" भनी नामाकरण गरी फैसलामा उल्लेख गरेको थियो । तथापि व्यवहारमा मृत्युकालीन घोषणा वा मरणासन्न वक्तव्य आदि शब्दको प्रयोग गरिएकोमा अन्यौलता हटाई कानूनमा नै सो दफाको शीर्षकलाई मृत्युकालीन घोषणा (डाइङ्ग डिक्लेरेसन) नामाकरण गरेको छ ।[६]

मृत्युकालीन घोषणा गर्ने व्यक्तिले आफ्नो मृत्युको कारणका सम्बन्धमा उल्लेख गरेको कुरा सुन्ने व्यक्तिले अदालतमा उपस्थित भई बकपत्र गरेको अवस्थामा प्रमाणमा ग्राह्य मानिन्छ । साथै सो प्रमाणलाई अन्य प्रमाणबाट समर्थित गरेको अवस्था हुनु पर्दछ । यो आफैमा सुनिजान्ने प्रमाण भएको हुँदा प्रमाण कानूनमा अपवादको अवस्था हो । मृत्यु हुने व्यक्ति मरिसकेको हुने र निजले आफ्नो मृत्युको कारण होस छँदै व्यक्त गरेको कुरा प्रमाणमा लिँदा त्यसलाई सतर्कतापूर्वक लिने गरेको देखिन्छ । प्रमाण ऐनमा मृत्युकालीन घोषणालाई प्रमाणमा लिन सकिने उल्लेख भए पनि यसका कार्यविधिका बारेमा विस्तृत उल्लेख नभएको हुँदा अदालती व्याख्यालाई आधार लिनु पर्ने अवस्था रहेको छ । मृत्युकालीन घोषणाका सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा के कस्तो अवस्थाको मृत्युकालीन घोषणालाई प्रमाणमा ग्रहण गर्ने नगर्ने सम्बन्धमा अदालतको दृष्टिकोणलाई समेत अलग्गै शीर्षकमा उल्लेख गरिएको छ ।

**३.मृत्युकालीन घोषणालाई प्रमाणमा ग्राह्य गर्नुका पछाडि रहेका आधारहरू**

मृत्युकालीन घोषणा सुनिजान्ने प्रमाण हो अर्थात मृतक व्यक्तिले सो

५. प्रमाण (दोस्रो संशोधन) ऐन, २०७७ मिति २०७७।०२।२२ देखि लागू भएको छ ।

६. प्रधानाङ्ग, भण्डारी, पूर्वपाद टिप्पणी नं. २, पृ. १८६ ।

कुरा व्यक्त गरेको अवस्थामा सुन्ने वा थाहा पाउने, कुनै प्रकारले लेखबद्ध गर्ने वा यान्त्रिक उपकरणहरूको सहयोगबाट टिपोट गर्ने व्यक्तिले अदालत समक्ष आएर सोबारे व्यक्त गर्नुपर्ने हुन्छ । सो स्वभावले सुनिजान्ने प्रमाण भए तापनि यसमा भर गर्न सक्ने र विश्वास गर्न सकिने विभिन्न आधार तथा कारणहरू छन्, जसले गर्दा यसलाई सुनिजान्ने प्रमाणको अपवादको रूपमा प्रमाणमा ग्राह्य गरिएको हुन्छ । ती कारण तथा आधारहरू निम्न प्रकार छन्ः[७]

**(क)** सर्वप्रथम मृत्युको नजिक पुगेको मानिसमा सांसारिक माया, ममता, मोह, पक्षपात, ईर्ष्या, द्वेषको भावना एवं मनकामना साधारणतया रहँदैन । मरणासन्न अवस्थामा रहेको मानिसमा सच्चाई तथा इमान्दारी जस्ता प्रवृत्ति र भावनाहरू जागृत भएका हुन्छन् ।[८] मर्नुअघि मानिस झुट्टो बोलेर मर्न चाहँदैन । यस अवस्थामा ऊ सत्यवादी भएर नै मर्न चाहन्छ । मानवीय तथ्य र वास्तविकतालाई ख्यालमा राखी मृत्युकालीन घोषणालाई प्रमाणमा ग्राह्य गरिन्छ ।

**(ख)** दोस्रो कुरा, साधारणतया मानिसको हत्या गर्नुपर्ने खालका अपराधहरू पूर्व सोच विचार गरी, पूर्व तयारी एवं योजना बनाई गर्ने हुन्छ । पूर्व सुनियोजित रूपमा गरिने अपराध गर्दा अभियुक्तहरूले वारदातको छनोट र समयको चयन गर्दा सकभर सो वारदात घटेको देख्ने, सुन्ने वा थाहा पाउने व्यक्तिमा मात्र मृतक व्यक्ति हुने ठाउँ र समयमा गर्ने हुन्छ । यसैले मृतक एक्लो मात्र सो अपराध देख्ने वा थाहा पाउने व्यक्ति हुन सक्छ । आफू मर्न लागेको कारण वा आफ्नो मृत्युको घटनाक्रमबारे मात्र सो मर्न लागेको व्यक्तिले व्यक्त गर्न सक्दछ र ऊ नै आफ्नो मृत्युको कारणबारे जान्न, थाहा पाउने नजिकको साक्षी हो । तसर्थ निजले आफ्नो मृत्युको कारणका सम्बन्धमा व्यक्त गरेको कुरा प्रमाणका रूपमा ग्राह्य नगरिने हो भने न्यायको उद्देश्य नै विफल हुन्छ । यसैले पनि, मृत्युकालीन घोषणालाई प्रमाणमा ग्राह्य गरिन्छ ।[९]

**(ग)** तेस्रो, 'Nemo moriturus

७. ऐजन पृ. १८९ ।

८. प्रस्तावित प्रमाण विधेयक मसौदा र प्रतिवेदन, पृ. २१ ।

९. रजितभक्त प्रधानाङ्ग, मृत्युकालीन घोषणा : एक चर्चा, नेपाल कानून परिचर्चा, वर्ष ९ अंक २, पृ. ३४ ।

proesumuntur' अर्थात मानिसले मर्न लागेको अवस्थामा आफ्नो सृष्टिकर्ता ईश्वरलाई झुट्टा वा असत्य कुरा बोलेर भेट गर्न चाहँदैन भन्ने प्राचीन रोमन सूत्रको आधारमा पनि यसलाई प्रमाणमा ग्राह्य मानिन्छ । अर्को शब्दमा मानिस धार्मिक वा आध्यात्मिक कारणले गर्दा पनि मर्नुअघि झुट्टो बोलेर मर्न चाहँदैन र सत्य कुरा बोलेर मर्नुपर्छ भन्ने भावना निजमा जागृत भइरहेको हुन्छ । यसैले गर्दा पनि मृत्युकालीन घोषणा प्रमाणमा ग्राह्य गरिन्छ ।

**(घ)** 'Truth sits upon the lips of dying person' अर्थात मरणासन्न अवस्थामा पुगेको व्यक्तिको ओठमा सत्यको बास रहेको हुन्छ भन्ने अंग्रेजी सिद्धान्तको आधारमा पनि यसलाई भर गर्न सक्ने भएको मानी प्रमाणमा ग्राह्य गरिन्छ ।

यी माथि उल्लिखित आधार तथा कारणहरूले गर्दा स्वभावले सुनिजान्ने प्रमाण भए तापनि मृत्युकालीन घोषणालाई अपवादको रूपमा प्रमाणमा ग्राह्य गरिन्छ ।

**४. मृत्युकालीन घोषणा प्रमाणमा ग्राह्य गर्न आवश्यक शर्तहरू**

मृत्युकालीन घोषणालाई सुनिजान्ने प्रमाणको अपवादको रूपमा सबै कानूनी व्यवस्थामा प्रमाणमा ग्राह्य गरिन्छ । तर, यसलाई ग्राह्य गर्न कानूनले निर्धारण गरिने बन्देजका शर्तहरूमा एक अर्कामा अन्तरहरू छन् । तसर्थ, यहाँ नेपाली प्रमाण कानूनमा निर्धारण गरिएका शर्तहरूलाई विवेचना गर्दै आवश्यकता अनुसार भारतीय तथा बेलायती प्रमाण कानूनसँग तुलना गरिएको छ । मृत्युकालीन घोषणा ग्राह्य हुन निर्धारण गरेका शर्तहरूमध्ये कुनै एकको अभाव भएमा त्यसलाई प्रमाणमा ग्राह्य गर्न सकिँदैन । सर्वोच्च अदालतले जीतेन्द्र कार्की वि. नेपाल सरकार[१०] भएको मुद्दामा मृत्युकालीन घोषणा प्रमाणमा ग्राह्य हुनका निम्ति निश्चित शर्तहरू पूरा भएको हुनुपर्ने उल्लेख गरेको छ :

**(क)** मृत्युकालीन घोषणालाई प्रमाणको रूपमा पेश गर्दाको अवस्थासम्ममा सो घोषणा गर्ने व्यक्तिको मृत्यु भई सकेको हुनुपर्ने,

**(ख)** घोषणा गर्ने व्यक्तिले आफ्नो मृत्यु पूर्व घोषणा गरेको हुनुपर्ने,

**(ग)** घोषणा आफ्नो मृत्युको कारण वा परिस्थितिसँग सम्बन्धित हुनुपर्ने,

**(घ)** घोषणा गर्ने व्यक्तिले आफू बाँच्न सक्छु कि भन्ने आशा त्यागिसकेको हुनुपर्ने,

**(ङ)** मर्ने व्यक्तिले आफ्नो वास्तविक

१०. नेकाप २०७६ अंक ७, नि.नं. १०३१२, पृ. १४७२ ।

ज्ञानको आधारमा स्वेच्छिक रूपमा गरिएको घोषणा हुनुपर्ने,

**(च)** मर्ने व्यक्तिले आफू होसमा हुँदा नै सो घोषणा गरेको हुनुपर्ने,

**(छ)** घोषणा गर्ने व्यक्ति मानसिक रूपले सबल रहेको हुनुपर्ने,

**(ज)** घोषणा गर्ने व्यक्तिले आफ्नो मृत्युको कारणको बारेमा एक भन्दा बढी फरक-फरक घोषणा गरेको हुन नहुने,

**(झ)** मृत्युकालीन घोषणा सुन्ने व्यक्ति अदालतमा साक्षीको रूपमा उपस्थित हुनको निम्ति योग्य हुनुपर्ने र

**(ञ)** मृत्युकालीन घोषणा मौकामा व्यक्त भई अदालतमा आएर पुष्टि गरिएको हुनुपर्ने । ♦♦♦

**लघुकथा**

# चोरी

✍ **लीलाराज दाहाल**



चोरीका घटना बढेसँगै अनाम बस्तीका बासिन्दाहरूले टोल सुरक्षा समिति गठन गरे । आफ्नो टोलमा हुने चोरीका घटना नियन्त्रण गर्न सबै एकजुट भए ।

टोलबासीले प्रत्येक घरबाट एकजना वयस्क सदस्य अनिवार्य रूपमा रहने गरी पाँच जनाको गस्ती समूह निर्माण गरे । प्रत्येक रात पाँच सदस्यीय गस्ती टोलीले रातभरि नै टोलमा गस्ती गर्न थाल्यो ।

टोलमा गस्ती खटिएको महिनौं भयो । पालैपालो सबै घरका मानिसहरू खटिने गरेका थिए । गाउँलेहरू आफैं सामुदायिक प्रहरी बनेपछि प्रहरी पनि ढुक्क भयो । गाउँले पनि ढुक्क भए । अब उनीहरू प्रहरीको मात्रै भरमा रहेनन् । आफ्नो गाउँको सुरक्षा आफैंले गर्न पाउँदा उनीहरूमा खुसीको सीमा थिएन । गाउँको सुरक्षाको लागि नयाँ नयाँ योजनाहरू बन्दै थिए ! अब पछिल्लो समय गाउँलेहरूले प्रहरीको राय, सल्लाह पनि लिन छाडेका थिए ! देशभरिमा आफ्नो टोललाई प्रहरी रहित नमुना टोल बनाउन पाएकोमा खुसियाली मनाउन सबै गाउँलेहरू एकै ठाउँमा जम्मा भए ।

यतिखेरै गस्ती टोलीका एक सदस्य भने रूँदै आइपुगे, "रातभरि गस्ती गरेर हिँडियो ! आफ्नै घरमा पो चोरी भएछ !''

# कर्ता करण र कर्म



✍ पूर्व प्र.ना.म.नि.ई महेशसिंह कठायत

कर्ता, करण र कर्म यी तीनवटैको मिलनबाट कर्महरूको सञ्चय हुन्छ । (गीता-१८-१८) । यदि कर्तापन रहेन भन्ने कर्महरूको सञ्चय हुँदैन । किनकि करण र कर्म दुवै कर्ताको नै अधीनमा हुन्छन् । अतः कर्म सञ्चयको मुख्य हेतु कर्तापन नै हो । हामीहरूले विचारपूर्वक हेऱ्यौं भन्ने केही न केही पाउने इच्छाबाट नै गर्ने इच्छा उत्पन्न हुन्छ । जसबाट कर्तापन उत्पन्न हुन्छ । कर्तापनद्वारा बन्धन हुन्छ । जब मानिस पाउने इच्छाबाट आफ्नो लागि कर्म गर्दछ, तब उसको कर्तापन दृढ भइहाल्छ । जब कर्मयोगी पाउने इच्छाको त्याग गरेर केवल यज्ञको लागि अर्थात अर्काको हितको लागि कर्म गर्दछन्, तब उसको कर्तापन अर्काको लागि नै हुन्छ । यसबाट उसलाई आफ्नो असंगताको अनुभव भइहाल्छ । यसकारण उसबाट हुनेवाला कर्महरूको सञ्चय हुँदैन किनकी जब आधार (कर्तापन) नै रहेन भन्ने तब कर्म कहाँ टिक्दछ ।

कर्मयोगमा 'ममता':(मेरोपन) को त्याग र ज्ञानयोगमा 'अहंता'(म-पन) को त्याग मुख्य कुराहरू हुन् । ममताको त्याग हुनाले अहंताको र अहंताको त्याग हुनाले ममताको त्याग स्वतः भइहाल्छ । यसकारण कर्मयोगमा पहिला 'ममता' मेटिन्छ फेरि 'अहंता' स्वत मेटिन्छ । अहंताको साथमा पनि ममता रहन्छ । जस्तो-"मेरो अहंकार" । यसकारण कर्मयोगमा ममताको सर्वथा त्याग हुँदा, अहंताको साथ पनि ममता रहँदैन । फेरि अहंता केवल संसारको सेवाको लागि मात्र रहन्छ र ज्ञानयोगमा पहिले 'अहंता' र मेटिन्छ, फेरि 'ममता' स्वतः मेटिन्छ । अहंता र ममता मेटिएपछि कर्तापन र भोक्तापन पनि मेटिन्छ ।

कर्मयोगी आफ्नो लागि कर्म गर्दै गर्दैनन् र केही पनि चाहदै चाहदैनन् । अतः उनीहरू कर्महरूको फलको भोक्त बन्दैनन् । जस्तो एउटा व्यक्तिलाई यहाँ (संसारमा) धेरै दण्डहरू भोग्नु छ । परन्तु जब ऊ मर्दछ तब संसारमा रहेका उसका सबै दण्ड समाप्त

भइहाल्छ । किनकि जब भोग्नेवाला व्यक्ति नै रहेन भने तब दण्ड कसले भोग्दछ ? यस्तै जब कर्मयोगीको भोक्तपन मेटिन्छ तब उसको सबै कर्म समाप्त भइहाल्छ । किनकि जब भोक्ता नै रहेन भने तब कर्महरूको फल कसले भोग्दछ ?

(गीता-४-९) श्लोकमा भगवान्ले भन्नु भएको छ कि "मेरो जन्म र कर्म दिव्य छ" यस प्रकार जो मानिस तत्त्वबाट यसलाई जान्दछन्, उनीहरूले "मलाई" प्राप्त गर्नेछन् । जन्म त केवल भगवान्को नै दिव्य हुन्छ तर कर्म मनुष्यमात्रको पनि दिव्य हुन सक्दछ । यदि मानिस मर्न चाहेका खण्डमा कर्म दिव्य हुन सक्छ । अतः (गीता-४-१४) श्लोकमा दिव्यताको कारण बताउँदै भगवान् भन्नुहुन्छ कि कर्मको फलमा मेरो र्स्पश छैन । त्यसकारण मलाई कर्मले लिप्त गर्दैनन् । अर्थात मेरो कर्म अकर्म भइहाल्छ । यस प्रकार कर्मको तत्व जानेर जो कर्म गर्दछन्, उनीहरूको पनि कर्म अकर्म भइहाल्छ । फेरि (गीता-४-१५) श्लोकमा भगवान्ले भन्नु भयो कि मनुष्यहरूले पनि यस प्रकार जानेर कर्म गरेका हुन् । यसपछि (गीता-४-१६) श्लोकमा भगवान् कर्महरूको तत्त्व भन्ने प्रतिज्ञा गर्नुहुन्छ । र (गीता-४-१७) श्लोकमा भन्नुहुन्छ कि कर्म, विकर्म र अकर्म तीनै तत्त्व जान्नु पर्दछ । फेरि (गीता-४-१८) श्लोकमा भगवान्ले मुख्य रूपमा कर्महरूको तत्त्व अकर्म अथवा विलिप्तता बताउनुभयो ।

कामनाबाट 'कर्म' हुन्छ कामना बढ्दा खेरि 'विकर्म' हुन्छ र कामनाको अत्यन्त अभाव हुनाले 'अकर्म' हुन्छ । खासमा अध्याय ४ को १६-३२ श्लोकसम्मको प्रकरणको तात्पर्य 'अकर्म'को वर्णन गर्नु नै हो । यसैकारण भगवान्ले कर्म र विकर्म दुवैको मूल कारण 'कामना' को त्याग तथा 'अकर्म'को वर्णन उन्नीसौबाट तेइसौं श्लोकसम्म हरेक श्लोकमा गर्नुभएको छ र अन्तमा बत्तिसौं श्लोकमा यस प्रकरणको उपसंहार गर्नुभएको छ ।

एउटा 'क्रिया' हुन्छ, एउटा 'कर्म' हुन्छ र एउटा 'कर्मयोग' हुन्छ । शरीर बालकबाट जवान तथा जवानबाट बुढो हुन्छ । यो 'क्रिया' हो । क्रियाबाट न पाप हुन्छ, न पुण्य न बन्धन हुन्छ, न त मुक्ति नै हुन्छ । जस्तो गंगाजीको वहनु क्रिया हो । अतः कोही गंगाजीमा डुबेर मर्‍यो अर्थात खेती आदि कुनै परोपकार भयो भने त गंगाजीलाई पाप-पुण्य लाग्दैन । जब मानिस क्रियासँग सम्बन्ध जोडेर कर्ता बन्दछ अर्थात आफ्नो लागि क्रिया गर्दछ तब त्यो क्रिया फलजनक 'कर्म' बन्दछ । कर्मबाट बन्धन हुन्छ । 'यज्ञार्थात्कर्मणाडन्यत्रलोकोडयंत्र लोकेडयं कर्मबन्धन' (गीता३/९) कर्मबन्धनबाट

छुट्नको लागि जब मानिस आफ्नो लागि केही गर्दैन प्रत्युत निस्वार्थभावबाट केवल अर्काको हितको लागि नै कर्म गर्दछ । तब त्यस्तो कर्म कर्मयोग हुन पुग्दछ । कर्मयोगबाट बन्धन मेटिन्छ । 'यज्ञायाचरतः कर्म समग्रं प्रविलीयते ।' बन्धन मेटिनाले योग हुन जान्छ अर्थात परमात्मासँग नित्य सम्बन्धको अनुभव हुन जान्छ । (गीता ४-२३) श्लोक कर्मयोगको मुख्य श्लोक हो । जस्तो भगवान्ले' ज्ञानाग्निः सर्वकर्माणि भस्मसात्कुरूते (गीता ४-३७) श्लोकद्वारा ज्ञानाग्निद्वारा ज्ञानयोगी सम्पूर्ण पाप भस्म हुने कुरा भन्नुभएको छ र अहंत्वा सर्व पापेस्यो मोक्षयिष्यमि' (गीता १८/६६) पदबाट भक्तको सम्पूर्ण पाप नष्ट हुने कुरा भन्नुभएको छ । यस्तै (गीता ४-२३) श्लोकमा' यज्ञायाचरतः कर्म समग्रं प्रविलीयते पदबाट कर्मयोगीको समग्र कर्म (पाप) नष्ट हुने कुरा बताउनुभएको छ । ♦♦♦

**बालकविता**

## साहिँली औँला



✍ **रमेशचन्द्र घिमिरे**

कान्छी अल्लि सानी नै छन्  
माझी अल्लि ठूली  
यिनकै बिचमा यिनैसँग  
बस्छु मिलिजुली

साह्रै अग्ली छैन म त  
होची छैन त्यति  
लुरी छैन, दुब्ली छैन,  
मोटी छैन त्यति

जसो गरी नापे पनि  
आकार छ ठिक्क  
आफ्नो रूप हेर्दा मलाई  
हुन्न कैल्यै दिक्क

माझीसँग टाँसिएर  
कान्छीलाई हेर्दै  
रमाएर बस्छु सधैं  
सुनको औँठी बेर्दै

जहाँ छन् बुढी, चोरी औँला  
त्यही हो मेरो गाउँ  
नचिनेमा चिनिराख्नु  
साहिँली औँला नाउँ ।

# जाहेरी दरखास्त



✍ प्र.व.उ.गोपाल चन्द्र भट्टराई

**परिचयः**

मुलुकी अपराध (संहिता) ऐन, २०७४ को अनुसूची १ मा उल्लेखित कसूर भएको, भइरहेको वा हुन लागेको छ भन्ने कुरा थाहा पाउने व्यक्तिले त्यस्तो कसूरको सम्बन्धमा आफूसँग भएको वा आफूले देखे जानेसम्मको सबुद प्रमाण खुलाई त्यस्तो कुराको लिखित जाहेरी दरखास्त वा मौखिक सूचना वा विद्युतीय माध्यमको सूचना नजिकको प्रहरी कार्यालयमा यथाशीघ्र दिनु पर्दछ भन्ने व्यवस्था मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ मा गरिएको छ ।

यस्तो जाहेरी दरखास्त नजिकको जुनसुकै प्रहरी कार्यालयमा पनि दिन सकिने कानूनी व्यवस्था छ ।

तर यस्तो जाहेरी दरखास्त प्रहरीले कुनै पनि बहानामा दर्ता गर्न इन्कार गर्न नपाइने गरी कानूनले स्पष्ट प्रावधान राखेको छ । मुलुकी अपराध कार्यविधि संहिता, २०७४ को दफा ५ को १ मा भएको 'जाहेरी दरखास्त वा सूचना सम्बन्धित प्रहरी कार्यालयले दर्ता गर्न इन्कार गरेमा जाहेरी दरखास्त वा सूचना गर्ने व्यक्तिले यस्तो व्यहोरा खुलाई सम्बन्धित जिल्ला सरकारी वकील कार्यालय वा त्यस्तो जाहेरी दरखास्त वा सूचना दर्ता गर्नुपर्ने प्रहरी कार्यालय भन्दा माथिल्लो तहको प्रहरी कार्यालयमा जाहेरी दरखास्त वा सूचना सहित उजुर गर्न सक्नेछ । यसरी उजुर प्राप्त भएमा सम्बन्धित जिल्ला सरकारी वकील कार्यालय वा प्रहरी कार्यालयले त्यसको अभिलेख राखी त्यस्तो जाहेरी दरखास्त वा सूचना आवश्यक कारबाहीको लागि सम्बन्धित प्रहरी कार्यालयमै पठाउनु पर्नेछ' भन्ने व्यवस्थाले यसलाई स्पष्ट पार्दछ ।

राज्यले आफ्ना नागरिकउपर भएका आपराधिक घटनाहरू सम्बन्धी सूचना तत्काल ग्रहण गर्नुपर्दछ र त्यसको अनुसन्धान सुरू गर्नुपर्दछ भन्ने यो व्यवस्थाको विधायिकी मनसाय रहेको देखिन्छ । राज्यले सूचना नै

ग्रहण गरेन भने त्यस्ता घटनाहरूको छानबीन अनुसन्धान नै नहुने र न्यायको ढोका सधैंका लागि बन्द हुने हुनाले पनि प्रहरीलाई जाहेरी दरखास्त प्राप्त हुनासाथ रित नमिलेको भए पनि मिलाएर ग्रहण गर्ने कानूनी दायित्व दिइएको हो । यसरी एक किसिमले शक्ति पृथकिकरणको सिद्धान्त बमोजिम कार्यपालिकालाई स्वेच्छाचारी हुन रोक लगाउनका लागि विधायिकाले प्रयोग गरेको विशेष औजारको रूपमा पनि जाहेरी दरखास्तलाई बुझ्न सकिन्छ । जाहेरी दरखास्त सम्बन्धी यही विधायिकी मनसायलाई समर्थन गर्दै न्यायपालिकाबाट समेत निवेदक झापा जिल्ला बस्ने देवी प्रसाद अधिकारी विरूद्ध जिल्ला प्रहरी कार्यालय, झापा विरूद्ध भएको मुद्दामा परमादेश मार्फत २०७१ साल असारमा ***'आफूसमक्ष कसैले जाहेरी दिन ल्याउँदा जाहेरी दर्ता वा दरपीठ गर्न इन्कार गर्ने अधिकार विपक्षी जिल्ला प्रहरी कार्यालयलाई हुँदैन । त्यसकारण यी निवेदकले रीतपूर्वकको जाहेरी लिई दर्ता गराउन आएमा दर्ता गर्न नमिल्ने भए सोको लिखत जानकारी निजलाई गराई र दर्ता गर्न मिल्ने भए दर्ता गरी अनुसन्धान कार्य पूरा गरी मुद्दा चलाउनुपर्ने हो होइन भन्ने विषयमा निर्णय गरी मुद्दा चलाउन पर्ने देखिएमा कानूनबमोजिम मुद्दा चलाउनु र मुद्दा चलाउन नपर्ने देखिए सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २० बमोजिमको सूचना जाहेरवालालाई दिनु'*** भन्ने नजिर स्थापित गरेको देखिन्छ ।

**प्रहरीलाई जाहेरी दरखास्त दर्ता गर्दा आइपर्ने समस्याहरूः**

प्रहरीले आफैं न्यायाधीश भई अनुसन्धान नै नगरी यस्तो घटना घटेको हो वा होइन भनी फैसला गर्न र आफूखुसी जाहेरी दरखास्त दर्ता गर्न इन्कार गर्न मिल्दैन भन्ने आवाज जतातत्तै सुन्नमा आउँछ । 'प्रहरीको दायित्व भनेको आएका सबै सूचना लिने र अनुसन्धान गरी मुद्दा सरकारी वकील मार्फत अदालतमा बुझाउने हो, दोषी निर्दोषी छुट्याउने काम अदालतले नै गर्छ' भन्ने यस्ता आवाजहरूको मुख्य जिकिर रहने गरेको छ ।

यस्ता जिकिरहरू गलत हैनन्, हाम्रा कानूनी व्यवस्था पनि त्यसै अनुसार नै बनेका छन् । समस्याहरू भनेको हाम्रो कानून कार्यान्वयनमा छन् । मूलतः यो समस्या सरकारी वकील र प्रहरीको सम्बन्धले तथा अपराध अनुसन्धानमा सामाजिक राजनैतिक दबाबले गर्दा सिर्जना भएको हो ।

विधायिकी मनसायबमोजिम प्रहरीले फटाफट जाहेरी दरखास्त दर्ता गरी अनुसन्धान गर्नलाई कम्तिमा मुलुकी अपराध संहितामा व्यवस्था भएबमोजिमका

निम्न दुईवटा अधिकारहरूको प्रहरीले सहज रूपले उपयोग गर्न पाउनु पर्छ
१) जाहेरीमा कसूरदार भनी उल्लेख भएका व्यक्तिहरूलाई पक्राउ गर्ने नगर्ने निर्णय गर्ने,
२) पक्राउ गरिएका व्यक्तिहरूलाई तत्काल थुनामा राखिरहन जरूरी नदेखिए प्रहरीले नै हाजिर जमानीमा छोड्ने ।

कानूनमा यी दुबै व्यवस्था भए पनि प्रहरीले यी अधिकारहरू सहजताका साथ उपयोग गर्न पाएको छैन । जाहेरी दरखास्त दर्ता हुनासाथ दरखास्तमा कसूरदार भनी उल्लेख भएका व्यक्तिहरूलाई तुरून्तै पक्राउ गर्नुपर्ने चौतर्फी सामाजिक र राजनैतिक दबाब प्रहरीले झेल्नुपर्छ । जाहेरी दरखास्त दर्ता हुनासाथ कसूरदार भनी किटिएका व्यक्तिहरू पक्राउ परेनन् भने 'अपराधीहरू खुल्लम् खुल्ला हिँडिरहेका छन्, प्रहरी मुकदर्शक बनेर बसेको छ' भन्ने जस्ता टिप्पणीहरू मिडियादेखि सबै राजनैतिक सामाजिक वृत्तमा सुरू भइहाल्छन् र प्रहरीमाथि ती व्यक्तिहरूलाई पक्राउ नगरी नहुने चर्को दबाब पर्न थाल्छ । पक्राउ नगरौं, यो अनावश्यक दबाब झेल्न प्रहरीलाई कठिनाइ हुन्छ, पक्राउ गरौं भने प्रहरीको सामान्य सुझबुझ वा प्रहरीले आफ्ना संयन्त्रहरू मार्फत संकलन गरेका सूचनाहरूको आधारमा त्यस्ता व्यक्तिहरू निर्दोष देखिराखिएका हुन्छन् । पक्राउ परिसकेपछि त्यस्ता व्यक्तिहरू कम्तिमा १५/२० दिनसम्म थुनामा बस्नु नै पर्ने हुन्छ जुन एक प्रकारको सजाय नै हो । निर्दोष नै भए पनि तिनीहरूले एक हदसम्मको सजाय, मानसिक तनाब व्यहोर्नै पर्छ र सामाजिक प्रतिष्ठा पनि गुमाउनु नै पर्ने हुन्छ । प्रहरी यस्तो नहोस् भन्ने चाहन्छ ।

जाहेरी दरखास्त दर्ता भए पश्चात पक्राउ परेका व्यक्तिहरू निर्दोष देखिएमा वा निजहरूको विरूद्धमा कुनै सबुत प्रमाणहरू फेला नपरेमा वा निजहरू निर्दोष भएको प्रमाणहरू फेला परेमा प्रहरीले त्यस्ता व्यक्तिहरूलाई माथवर व्यक्तिको जिम्मा लगाई छोड्न सकिने कानूनी व्यवस्था छ । तर व्यवहारमा यो सामान्यतया लागू भइरहेको छैन । सरकारी वकीलको तर्फबाट 'पक्राउ परेर अनुसन्धान भइसकेपछि अब अदालतले नै छोड्ने नछोड्ने जे होस्, निर्णय गर्छ, हामीले टाउको नदुखाऊँ' भन्ने खालको आशय प्रकट हुन्छ र प्रहरी एक्लैले त्यस्तो व्यक्तिलाई छोड्ने निर्णय गर्न सक्दैन ।

**जाहेरी दरखास्त सम्बन्धी अन्य व्यवहारिक समस्याहरूबारे निम्न बुँदाहरूले थप स्पष्ट पार्न सक्छन् :**

**क) दोहोरो जाहेरी :-**

कतिपय झैझगडा, वादविवाद, कुटपिट वा दोहोरो झडप भएका मुद्दाहरूमा

वादी र प्रतिवादी दुवै पक्षहरूबाट प्रहरी कार्यालयमा जाहेरी आउने गरेको देखिन्छ । वास्तवमा यस्तो कुनै घटना घटेको बखत एउटै सत्य विद्यमान हुन्छ, कुनै एउटा पक्षले अर्को पक्ष उपर भौतिक आक्रमण गर्छ वा शारीरिक वा मानसिक क्षति पुऱ्याउँछ वा निजको सम्पत्तिको क्षति वा नाश गर्छ, भएको यस्तै हुन्छ । तर जब भैं-झगडा सकिन्छ र प्रहरीका समक्ष उजूरी गर्ने समय आउँछ, सत्य कतै विलुप्त हुन्छ र केवल दाबीहरू मात्र प्रस्तुत हुन्छन्, त्यो पनि मुद्दाका दुवै पक्षहरूबाट । मुद्दाका दुवै पक्षहरूले आफू नै पीडित भएको र अर्को पक्षले आफूउपर हदैसम्मको अन्याय र अत्याचार गरेको हुनाले सो पक्षउपर हदैसम्मको कारबाही गरिनुपर्ने माग सहितका जाहेरी दरखास्तहरू प्रस्तुत हुन्छन् । आश्चर्यजनक रूपमा यतीबेरसम्ममा एउटै सत्यलाई शत प्रतिशत फरक रूपमा प्रत्यक्ष सुन्ने देख्ने पक्षहरूका आ-आफ्ना साक्षीहरू पनि खडा भइसकेका हुन्छन् । दुवै पक्षले आफ्नो तर्फबाट भएका क्रियाकलापहरू विशुद्ध रूपमा आत्मरक्षाको लागि मात्र भएको र अर्को पक्षले गरेका कृत्यहरू पूर्ण नियोजित, योजनाबद्ध, अप्रत्यासित र रीसइबी साधनलाई गरिएको भन्ने तर्कहरू प्रस्तुत गरेका हुन्छन् । प्रत्यक्ष रूपमा देख्ने सुन्ने साक्षीहरू बाहेक आ-आफ्ना दाबीहरू पुष्टि गर्ने केही प्रमाणहरू पनि दुवै पक्षहरूले प्रस्तुत गरेका हुन्छन् ।

विशेष गरी दुई राजनैतिक दलहरू बिचमा भएका भिडन्तहरू वा दुई भिन्न राजनैतिक पार्टीहरूमा आस्था राख्ने व्यक्ति वा समूहबीच भएका झगडाहरूमा र मुख्य गरी तराई क्षेत्रका जिल्लाहरूमा यस्तो दोहोरो जाहेरी आउने गरेको देखिन्छ । यस्ता घटनाहरूमा राजनैतिक पार्टीका जिम्मेवार नेता वा प्रतिनिधिहरू र कतिपय अवस्थामा उच्च ओहोदामा रहेका राजनैतिक व्यक्तिहरूबाटै प्रहरीलाई जाहेरी दरखास्त दर्ता गरी विपक्षीहरूलाई कारबाही गर्नका लागि दबाब प्रस्तुत हुने गर्छ । प्रहरीले आफ्नो सूचना संयन्त्रका आधारमा संकलन गरेका तथ्य र प्रमाणहरूका आधारमा कुनै एक पक्ष विरूद्ध मुद्दा दर्ता गरी कारबाही प्रक्रिया अगाडि बढाउने हो भने प्रहरीले तुरून्तै एक पक्षीय निर्णय गरेको, अन्याय गर्नेलाई उल्टै संरक्षण गरेको र पीडितको सुनुवाइ नगरेको भनेर ठूलो समस्या खडा गर्ने गरिन्छ ।

यस्तो अवस्थामा प्रहरीले बाध्य भएर दुवै पक्षका जाहेरी दरखास्तहरू दर्ता गरेर कानूनी कारबाहीको प्रक्रिया अगाडि बढाउनु पर्ने हुन्छ जसको कारण दुवै पक्षका मुद्दा फितलो रूपमा अदालतमा प्रस्तुत हुन्छन् । यसको दुःखद पक्ष के

हो भने जो वास्तविक रूपमा घटनाको पीडित हुन्छ, उसले न्याय प्राप्त गर्न सक्दैन र वास्तविक सत्य पनि झुठो दाबीको रूपमा बुझ्नुपर्ने परिस्थितिको निर्माण हुन्छ ।

**ख) गलत कसूरको उल्लेखः-**

जाहेरी दरखास्तमा देखिने अर्को असंगती भनेको प्रतिवादीले गरेको कसूर नै गलत उल्लेख गर्ने परिपाटी हो । घटना जे भएको हो त्यो घटना बापत कम सजाय हुने कानूनी प्रावधान रहेछ भने घटनालाई बङ्गाएर वा गलत विवरणहरू प्रस्तुत गरेर भए पनि बढी सजाय हुने कसूरको उल्लेख जाहेरी दरखास्तमा गर्ने गरिन्छ । विपक्षीलाई कडा भन्दा कडा सजाय दिलाउने उद्देश्यले प्रेरित भएर यसो गर्ने गरिन्छ ।

सामान्य धकेलाधकेल, कुटपिट वा झै-झगडा भएको घटनालाई ज्यान मार्ने उद्योग, यौन दुर्व्यवहारका घटनाहरूलाई जबरजस्ती करणी आदि उल्लेख गरेर जाहेरी दिने प्रचलन हामीकहाँ रहि आएको छ । ओजराज बिष्टको जाहेरीले नेपाल सरकार विरूद्ध यज्ञ बहादुर थापा समेत भएको कर्तव्य ज्यान मुद्दामा सर्वोच्च अदालतले 'जाहेरी दरखास्तलाई अदालतले अन्य संकलित प्रमाणको रोहमा परीक्षण नगरेसम्म वा अन्य प्रमाणहरूले समर्थन (corroborate) नगरेसम्म त्यस्तो जाहेरी दरखास्त आफैंमा स्वतन्त्र प्रमाण हुन सक्तैन । अन्य प्रमाणबाट समर्थित नगरेसम्म जाहेरी दरखास्त केवल अपराध अनुसन्धानको क्रममा मात्र सहयोगी हुन सक्तछ । त्यसैले जाहेरी दरखास्तलाई अभियोग लगाइएको कुनै पनि व्यक्तिका विरूद्ध प्रमाणको रूपमा ग्रहण गर्नु पूर्व सो जाहेरी दरखास्तको न्यायिक परीक्षण त्यत्तिकै आवश्यक हुने' भन्ने नजिरबाट जाहेरी दरखास्तमा उल्लेख हुने गलत विवरण वा दाबीहरूको गलत रूपमा प्रस्तुत हुने गरेको यथार्थ पुष्टि गर्नुका साथै त्यस्ता गलत दाबी वा विवरणयुक्त जाहेरीहरूको प्रमाणिक महत्व पनि नहुने कुरा पनि स्पष्ट पार्दछ ।

**ग) धेरै कसूरदारः-**

जाहेरी दरखास्तमा यथार्थरूपमा घटनामा संलग्न व्यक्तिहरू भन्दा बढी मानिसहरूलाई कसूरदार करार गरी पेश गर्ने प्रचलन पनि समस्याको रूपमा अपराध अनुसन्धानको सिलसिलामा देखा पर्ने गरेको छ । कुनै कुनै जाहेरी दरखास्त त यसरी प्रहरी कहाँ पेश हुन्छन् मानौ कि जाहेरवाला आफ्ना पुस्तैनी विरोधीहरू वा दुस्मनहरूलाई तह लगाउन लामो समयदेखि यही घटनाको प्रतिक्षामा रहेको थियो । विशेष गरी कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग र कुटपिट अंगभंग मुद्दाहरूमा यस प्रकार धेरै कसूरदारहरूको उल्लेख गर्ने अभ्यास

रहेको देखिन्छ । आफ्ना विपक्षीहरूलाई जसरी भए पनि हैरानी दिने, सजाय दिलाउने र थुना वा कैदमा पठाएर समाजमा आफ्नो वर्चस्व वा दबदबा बनाई राख्ने दुराशयले यसरी यथार्थमा घटनामा संलग्न व्यक्तिहरू भन्दा बढी मानिसहरूलाई कसूरदार बनाई जाहेरी दरखास्तमा उल्लेख गर्ने गरेको पाइन्छ । यस्तो जाहेरीले प्रहरीको अपराध अनुसन्धान कार्य बोझिलो बनाउने, बढी कागजी प्रक्रियामा साधनश्रोतहरू खर्चिनु पर्ने अवस्था सिर्जना गर्नेर अपराध अनुसन्धान नै दिग्भ्रमित हुने अवस्था बन्न सक्छ । कतिपय सामान्य एक वा दुई जनाले गरेको जस्तो देखिने अपराधमा १५/१६ जनासम्मको नाम कसूर गर्ने व्यक्ति भन्ने प्रकरणमा उल्लेख गरेको पाइन्छ । यस्तो धेरै व्यक्तिलाई पोल्ने जाहेरीले सबैले कसूर गरेकै रूपमा सजाय पाउने त नहुन सक्छ, प्रहरीको अनुसन्धानबाट धेरै हदसम्म वास्तविकता पत्ता लागि निर्दोषहरूले कालान्तरमा छुट त पाउलान् तर अन्तिम छिनोफानो नभएसम्म उक्त जाहेरीको कारण धेरै निर्दोषहरूले अनेक किसिमका मानसिक र शारीरिक तनाब व्यहोर्नुपर्ने हुन्छ । कतिपय यसरी अनाहकमा पोलिएका निर्दोषहरू त आफूलाई निर्दोष साबित गर्न नसकिने त्रासले बिचौलियाहरूको चंगुलमा फस्न गई धेरै आर्थिक नोक्सानी पनि व्यहोर्नुपर्ने अवस्था बन्न जाने गर्दछ ।

**घ) झुठो बिगो र मागदाबीः-**

अनुसन्धानलाई दिग्भ्रमित पार्ने एउटा तत्व भनेको जाहेरी दरखास्तमा उल्लेख हुने गरेको क्षति वा नोक्सानीको झूठो दाबी पनि हो । जाहेरी दरखास्त भनेको एउटा सूचना हो । अपराध अनुसन्धानको सफलता धेरै हदसम्म विभिन्न श्रोतहरूबाट प्राप्त सूचनामा नै आधारित हुन्छ । तर पीडितको तर्फबाट प्राप्त हुने सूचना नै गलत भयो भने अनुसन्धान सही निष्कर्षमा नपुग्न सक्छ ।

विशेष गरी चोरी र झैझगडा कुटपिट सम्बन्धी मुद्दाहरूमा पीडितको तर्फबाट यथार्थमा भएको भन्दा बढी क्षति वा नोक्सानी भयो भनी जाहेरी दरखास्तमा उल्लेख गरिएको हुन्छ । उदाहरणको लागि कुनै घरमा चोर पसी सामान्य भाँडा बर्तन वा अन्य सामग्री चोरी भएको छ भने प्रहरीमा प्राप्त हुने सूचनामा ठूलो परिमाणको नगद रकम र सुनचाँदी लगायतका बहुमूल्य बस्तुहरूको सामानहरू चोरी भएको उल्लेख हुने गर्दछ । भाँडा बर्तन लगायतका सामान्य चोरी गर्ने चोर र बहुमूल्य गहना लगायत ठूलो परिमाणको नगद रकम चोरी गर्ने चोरको प्रकृति फरक हुन सक्दछ । सूचनाको आधारमा प्रहरी त्यति ठूलो परिमाणको

चोरी गर्ने विशेष प्रकारको चोरी गर्ने व्यक्तिको तलास गर्न थाल्छ तर प्रहरीको शङ्का र संशयको दायरामा सामान्य चोरी गर्ने खालको व्यक्ति आई नै पुग्दैन र वास्तविक चोरी गर्ने व्यक्ति फेला नपर्ने सम्भावना हुन्छ ।

त्यसै गरी सामान्य कुटपिट वा भै-भगडाका घटनाहरूमा पीडितहरूले मेरो यति तोलाको सुनको सिक्री, यति महंगो घडी वा मोबाइल वा यति नगद रकम सहितको भोला समेत हराएको भनी बनावटी दाबी प्रस्तुत गर्दछन् । यस्तो भूठो दाबीले पनि अनुसन्धान प्रक्रिया अनावश्यक रूपमा लामो हुने, पीडितको भूठो जिद्दीपूर्ण दाबीको कारण प्रहरीले अन्दाज र अनुमानको भरमा अनुसन्धानको निष्कर्ष निकाल्नुपर्ने र सोही अनुसार मागदाबी लिई मुद्दा बुझाउनु पर्ने परिस्थितिको सिर्जना हुन सक्दछ । यस्तो परिस्थिति निर्माण भएमा 'कसूरदारको जिम्मेवारी (culpability ), भूमिका, यसको कार्यबाट भएको हानिनोक्सानी (Extent of damage ) समेतको विश्लेषण गरी उपयुक्त सजाय चयन गर्नु पर्दछ' भन्ने सजाय निर्धारणको सर्वमान्य सिद्धान्तको बर्खिलाप सजाय निर्धारण हुने सम्भावना रहन्छ ।

**ङ) अन्यः-**

माथि उल्लेखित बाहेक जाहेरी दरखास्तमा उल्लेख हुने अतिरञ्जना पनि एउटा महत्वपूर्ण समस्या हो । जाहेरी दिने पक्षलाई सामान्यतया के लागेको बुझिन्छ भने विपक्षीको विरूद्धमा जति बढी कुराहरू उल्लेख गर्‍यो, विपक्षीले त्यति नै बढी सजाय पाउँछ । हुन पनि अदालतमा मुद्दा प्रस्तुत हुने बेलामा सरकारी वकीलको तर्फबाट 'जाहेरीमा यस्तो उल्लेख छ, यसलाई गम्भीर रूपमा हेर्नुपर्ने हुन्छ' भन्ने स्वभाविक प्रतिक्रिया आउँछ । सरासर अतिरञ्जना गरिएको देखिने, कपोलकल्पित कुराहरू उल्लेख गरिएको जाहेरी दरखास्तमा गम्भीर भएर हेर्दा दुईवटा परिणामहरू आउने सम्भावना हुन्छः

१. जाहेरीको दाबीलाई खण्डन गर्ने प्रमाणहरू फेला नपर्न सक्छन् जसको अर्थ दाबी सही हो भन्ने हुन्छ ।

२. जाहेरीको दाबीलाई प्रमाणित गर्ने भुठा गवाह लगायत भुठा प्रमाणहरू प्रस्तुत हुन सक्छन् ।

यी दुवै अवस्थामा निर्दोषले सजाय पाउने अवस्था रहन्छ । विशेष गरी ज.ज.क. र शरीर बन्धक मुद्दाहरूमा यस्तो अवस्था आउने सम्भावना रहन्छ । कुनै जिल्लामा एउटा आसामीले साहुबाट ऋण लियो, तिर्ने भाका नाघिसक्दा पनि उसले तिरेन, तिर्ने नियत देखाएन । बजारबाट मोटरसाइकलबाट घर फर्कँदै गरेको आसामीलाई बाटैमा घर भएको

साहुले सो बारेमा छलफल गर्न आफ्नो घर बोलायो । केही बेर ऋणको विषयमा छलफल भयो, यो बिचमा आसामीले आफ्ना एक दुईजना आफन्त र साथीहरू समेतलाई त्यही बोलायो । ३/४ घण्टाको छलफल पश्चात आसामी सहित सबै जना पैदलै आफ्नो घर गए खाजा नास्ता समेत त्यही खाएर आसामी पैदलै आफ्नो घर लाग्यो, साहुले मोटरसाइकल आफ्नै घरमा छोडेको कुरा थाहा पनि पाएन । भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा आसामीको तर्फबाट जाहेरी पर्न गयो -म आफ्नै सुरले हिंडिरहेको मान्छेलाई जबरजस्ती मेरो मोटरसाईकल समेत कब्जा गरी आफ्नो घरमा लगी बाँदछाँद गरी कोठामा थुनी बन्द गरी राखी मेरो ज्यान मारी आफ्नै घर पछाडि पुर्ने समेतको तयारीमा रहेको बेला कसो कसो गरी मेरा आफन्तहरूले थाहा पाई मलाई उद्धार गरी लगेका हुन्, बडो यत्नले ज्यान जोगाई भागियो, मेरो मोटरसाईकल समेत लैजान पाइएन, प्रमाण स्वरूप मेरो मोटरसाइकल जुल्मीको घरबाट बरामद गरी पाऊँ र मलाई उद्धार गर्न गएका व्यक्तिहरूबाट सत्य तथ्य बुझी जुल्मीलाई शरीर बन्धक र अपहरण मुद्दामा हदैसम्मको कारबाही गरिपाऊँ' यस्तो जाहेरी आउँछ कहिलेकाहीं प्रहरी कहाँ जुन जाहेरीले प्रहरीलाई मात्र नभएर जो कसैलाई दिग्भ्रमित पार्न सक्छ । हुन त प्रहरीको काम नै प्रमाणहरू संकलन गरी आफ्नो सही दाबीका साथ अदालतमा प्रस्तुत हुनुपर्ने हो, तर यथार्थमा यो कार्य चुनौतीपूर्ण नै छ । ♦♦

**मुक्तक**



✍ **शान्ति शर्मा**

मर्छ बरू, बाघले घाँस खाको देख्या छ र ?
घामसँग जूनले माया लाको देख्या छ र ?
गोमन होस् कि नागदेव डसेपछि डस्यो
प्रिय ! आफ्नै छाया टाढा भाको देख्या छ र ?

दुखें भन्दा दुख्छौ प्यारा ! हाँसिदिन्छु उसै
प्रकृतिका काखमा खुसी गाँसिदिन्छु उसै
आँखाबाट दिलको आकाश देख्छ दुनियाँले
त्यही आँखामा हाँस्ने फूल टाँसिदिन्छु उसै ।

खुट्टा थाके हिंड्दा हिंड्दा मन अलिकति
हौसला छ पाइला पाइला फुर्ती कतिकति
महारोग मृत्युतारेख तोक्छ, रोक्छन् वैद्य
प्रिय  फूल ! खुसी देऊ तिम्रै जीवन जति

निंयात्रा

# म्यानमारको इन्ले तालमा



✍ युवराज नयाँघरे

हामी बेगिइरहेका छौँ एक नासले । बिहान अमित, ऋषभदेवसँग एकछिन बाहिर घुम्दा बेग्लै आनन्द आएथ्यो । दक्षिणतिरको फाँटमा बिहानको उज्यालोले एउटा बिछट्टै सुन्दरता सजिएथ्यो ।

अहिले त्यही सुन्दर पहाड, बस्ती र फाँटतिर हामी गइरहेथ्यौँ ।

मूल बाटो छाडेर दक्षिणतिर लाग्दा पो देखियो-गजबको हरियाली । ओहो, के गजबको खेतीपाती ! पानी टिलपिलाएका सङ्ला गराहरू । पानी छुट्टिने आलीका खिरिला गराहरू ।
"पानी नै पानी देख्नुहुन्छ !"
नारायण बोलिरहेका छन् ।

हुन पनि बिस्तारै ताल, रहहरू टुप्लुक्किए । सिम खेतजस्ता छिपछिपे पानीको तरङ्गमा वरिपरिका हरियाली तरङ्गिइरहेथे । बेगिइरहेका छौँ हामी ।

"जतिसक्दो चाँडो निस्कौँ !"

नारायणजी बाहिर बोलेको सुनियो ।

म बिहानको पाँच बजेदेखि नै तयारीमा थिएँ । अनि हामी फटाफट लाग्यौँ मेफी क्वार्टरबाट टाउँजी गेटतिर ।

"पहाड पनि हेर्नुभो । अब ताल हेर्नोस् नि !"

नारायणको बोलीको यो 'नि' अति मिठो सुनिन्थ्यो । म्यानमारमा भेटिएका सबैका बोलवचनमा आउने 'नि' उच्चारण औधी रसिलो, झरिलो र महकिलो लाग्थ्यो । अनुरोध, हार्दिकता र स्नेही बोलीमा टुङ्गिन्थ्यो नि ।

हामी टाउँजीको ओरालो फर्लङफर्लङ झरेर निकै तल पुगिसकेथ्यौँ । टाउँजी गेट लेखेको ठूलो र कलात्मक द्वार नाघेर पश्चिमतिर बेगियौँ ।

"न्याउङ सेमा नेपालीका पसल धेरै छन् ।"
अशोक बोले ।

"टाउँजी आएका पर्यटक न्याउङ से पुग्न खोज्छन् । पर्यटकलाई राम्रो सत्कार गरेका छन् नेपालीले ।"
नारायणले अरू थपे ।

निकै दक्षिण लागेपछि खेतमा छाते टोपी लगाएका आइमाईहरू हिलोमा धान रोपिरहेथे । धान रोप्ने शैली नेपालकै जस्तो लाग्यो । बीउको मुठो यताउता छर्नेदेखि लाठे, बाउसे, रोपाहार सबै आइमाईहरू थिए ।

"लोग्नेहरूको त कर्मी मौरीजत्तिको नि हैसियत छैन कि क्या हो ?"

मैले भनें ।

सबै गलल्ल हाँसे ।

गाडी गएर एउटा ठूलो चैत्यछेउमा किनार लाग्यो ।

"फोटो नखिचेर नि हुन्छ !"

ऋषभदेव ओर्लेर पोज दिनै थाले ।

म पनि त्यतै लागें । चैत्य शिखर शैलीको थियो । पाँच-छ वटा चुली अग्लिएर घामको उज्यालो सोसिरहेका छन् जस्तो लाग्थ्यो । तर ती सुन पोतिएका शिखर थिए ।

चैत्यको भित्रैतिर पसेर वरपर सबै हेर्न थाल्यौं हामी ।

मान्छे भएर जन्मेपछि एउटा चैत्य बनाउनैपर्छ भन्ने म्यान्माली मान्यता रहेछ । त्यसैले पनि जतासुकै सुनौला विहार, चैत्य र गुम्बाको ताँती देखिरहेथें म ।

चैत्यभन्दा पश्चिमपट्टि गएर हेर्दा पो झन् अनौठो भएँ म । त्यही आकारप्रकार र स्वरूपको अर्को पुरानो, खुइलेको, जराजीर्ण चैत्य थियो । मैले अहिलेसम्म कुनै भत्केको, पुरानो र रङ उडेको चैत्य देखेकै थिइनँ म्यान्मारमा ।

"किन त त्यस्तो हालतमा ?"

"रङ पोत्नुभन्दा नयाँ बनाउनै उपयुक्त होला !"

अनुमान थियो अमितको ।

म पश्चिमपट्टिबाट अगाडिको भव्य र अद्‌भूत सुनौलो चैत्यमा निमग्न थिएँ । छेवैका चारपाँच महिलाहरूले 'यता आऊ यता' भन्न थाले ।

पाँच वटा अलिक ठूला सुनौला चुचुरा थिए त्यहाँ । त्यसपछि अरू २० वटाजति टिनका चैत्य ठडिएका थिए । त्यसपछि अरू मसिना त अनगिन्ती चैत्य अग्लिएका थिए । हरेक उचाइ, मोटाइ र गोलाइका सम्भवतः भिन्न अर्थहरू होलान्, मूल्यहरू होलान् र ज्ञानका तहहरू होलान् ।

मेरा आँखाले भने ठूला, मझौला र मसिना चैत्य भनेर मात्र ठम्याए ।

ससाना मूर्ति, चित्र, औंठी र सिक्का बेच्न राख्नेहरू कराइरहेथे । खादा, तनक्खा, फूल, माला बेच्नेहरू डाकिरहेथे लम्की-लम्की ।

"लौ, म्यान्मारको यो चिनो !"

नारायणजीले मलाई गोलो घिउ रङे छाते टोप लगाइदिए । मजस्तै राम्रिए अर्का साथी नि ।

सुतीको त्यो टोपले घाम छेल्यो मजैले । तालु पोल्न कम भो स्वाट्टै ।

"अब लागौं !"

त्यसपछि हामी दक्षिणतिर लागेथ्यौं सुस्तरी-सुस्तरी ।

पोखरीहरू बाक्लै थिए । त्यसमाथि बनेका टहरामा बसेर माछा मार्दै त्यसमै पकाएर खानेहरू यता निकै ओइरिन्छन् रे । नारायण बताइरहेथे हामीलाई । बाटापूर्व गहिरा दहले वरिपरिका पहाडका छायाँ लहरमा उफारिइरहेको लाग्थ्यो ।

"कि जम्ने हो यतै ?"

घरीघरी जोस्याउने नि गर्थे उनी ।

"हुन त हुन्थ्यो ! हेर्ने र घुम्ने ठाम जतिका त्यति छन् । अन्त काँ अहिल्यै जमेर बस्नु !"

सरक्क आएको थियो मेरो उत्तर ।

दक्षिण र पूर्वका खेत रोपाहार छलेर हामी एकोहोरो दक्षिणतिर गइरह्यौं । उज्यालो दिनमा पानीको सौन्दर्य लोभलाग्दो, हिस्सीपर्दो र मनखाँदो देखिन्थ्यो । भावर र चुरे क्षेत्र लागिरा' थियो यो जलाम्मे संसार । अगाडि ठूलो टाउँजी पहाड लमतन्न फैलिरहेथ्यो ।

म्यान्मारमा पानी मात्र छ्यापेर खेलिने थिङ्यान पर्वको महत्त्व ठूलो रहेछ । लगत्तै आइरहेको थिङ्यानका लागि ठाउँठाउँमा अग्लाअग्ला काठे मचान बनिरहेथे ।

मचानबाट पानी छ्याप्न र रमाइलो गर्नका लागि ताल, पोखरी, नदीकिनारमा पनि ती बनिरहेथे ।

न्याउङ से पस्यौं हामी खराखरी ।

निकै भव्य सहर लाग्यो यो । साना, उज्याला र भुँइतल्ले घरको ताँती । जताततै पोखरी र तालसँगै सफा र होचा घरहरूको आभा निकै लोभलाग्दो थियो ।

"यो सहरमा पनि निकै नेपालीका पसल छन् ।"

अशोकले देखाए ।

हामी घर हेर्दै पश्चिमदक्षिण गइरहेका छौं । पानीको एउटा ठूलो भँगालो पसेको थियो पूर्वतिर । त्यसमा पचासौं काठे डुङ्गाहरू घुमन्तेहरूलाई बोक्न तँछाडमछाड गरिरहेका देखिन्थे । त्यो भँगालो नाघेर हामी अझ दक्षिणतिर पुग्यौं । बेगियौं भँगालोका किनारै किनार ।

त्यहाँ एउटा ठूलो सामुद्रिक खोल्सो उत्तरतिर हुर्दुराउँदै आएको देखियो ।

"यो इन्ले लेक हो ।"

अशोक बोले ।

"यो हो म्यान्मारकै नामी ताल !"

"प्रसिद्ध छ देशैभरि !"

उनले थपे ।

"अझ हाम्रो टाउँजीको त झन् ठूलो सम्पत्ति हो ।"

नारायणले महत्त्व बताए ।

हामीले सरर हेऱ्यौं इन्ले तालको एक कुनालाई । तालका पूर्वी र पश्चिमी किनारमा न्याउङ से सहर थियो- शान्त, सुन्दर र समृद्ध ।

उसको उज्यालो, उन्नत र उत्पातको मीठो मुस्कानमा म लोभिएँ, लट्ठिएँ, लल्याकलुलुकिएँ । न्याउङ से सहरमा एउटा छुट्टै सुख, सुन्दरता र सौम्यता मैले अनुभव गरें । समुद्रसँग जीवनका सबै सपनाहरू छाल समान तरङ्गित भइरहेथे ।

पानीले दिने एउटा अद्भूत सौन्दर्यसँगै जीवनको खिरिलो धुन त्यहाँ बजिरहेथ्यो, गुन्जिरहेथ्यो, तरङ्गिइरहेथ्यो ।

दक्षिणपट्टि सानाठूला डुङ्गाहरू अथाह रहमा बेगिइरहेथे । मेसिन जडिएका काठे नाउहरू पानीका लहर आकाशतिर उफारेर हुइँकिइरहेथे बेतोडले । छतरी लगाएका म्यान्माली नरनारीको ठूलै हूल देब्रेदाहिने बसेथ्यो हुइँक्याइएको डुङ्गामा ।

"यी कहाँ गएका ?"

"इन्ले तालपारिबाट किनमेल गर्न बिहान आएथे । अहिले फर्किंदै छन् ।"

हामी बिस्तारै गइरहेका छौं ।

अर्को ठूलो डुङ्गा आयो । रोकिने बेलामा अलिक परैबाट करायो प्वाँ~~ । त्यसमा फूल बोकेर सयौं युवतीहरू आएथे । सेता मालाहरू हातैभरि थिए तिनका । ससाना टोकरीमा पनि मालैमालाको थाक थियो मरीकुच्चे । अझ तिनको शरीर मालामय थियो । रूपसीहरू सुगन्धित भएको मेरो मनले ठानिरहेथ्यो ।

रहरलाग्दा सेता फूलहरूले पुरिएका युवतीले सिँगारेका लाग्थ्यो डुङ्गा ।

"यो त एउटा कुनो हो !"

"खास ताल निकै पर छ । त्यहाँको दृश्य मेरो ख्यालमा संसारमै कतै नहोला !"

नारायणलाई सुनाउने हतार छ ।

म पनि झन् हतारिएको छु । धेरै सुनूँ, धेरै थाहा पाऊँ, धेरै जानूँ भन्ने छटपटीमा छु । विश्व सम्पदा सूचीमा अङ्कित रहेछ यो ताल ।

इन्ले लेक ठूलो पहाडसँग जोडिएको विशाल रहेछ । त्यस वरपरको बस्ती, खेतीपाती र जल संसार निक्कै चाखलाग्दो भएको मैले ठाकुर गुरागाईंको बोलीवचनमा पनि सुनेथें ।

"म टाउँजी नि जाँदैछु त !"

"ए, गजब ठाउँमा जाँदै हुनुहुँदो रहेछ । इन्ले लेक कसै गरी जानू है !"

गुरागाईंले मलाई मान्डलेमै छँदा फोनमा अर्थ्याएथे ।

हामीले हेर्दाहेर्दै निकै डुङ्गा आइजाइ गरिरहेथे । आइमाईको

लर्कनमा डुङ्गाबाट ओर्लिने र चढ्नेको सङ्ख्या बढिरहेको छ ।

अलिक उता नाम्पान गाउँ रहेछ । त्यहाँ समेत ५० नेपालीका घर रहेछन् । तिनीहरू पनि सायद बढी आउजाउ गर्ने बाटो यही हुँदो हो । यही डुङ्गाबाटै सबै घरसंसार चल्दो हो तिनको ।

दसैंको फूलपातीको दिनमा इन्ले तालपारिको गाउँबाट यहाँसम्म देवीदेवताका मूर्ति ल्याउने मौलिक परम्परा रहेछ । पाँच वटा डुङ्गामध्ये चार वटामा मूर्ति ल्याउने गरिन्छ रे । 'इन्ले पोए' भनिने त्यो चाड निकै उल्लसित, भव्य र रौनकपूर्ण हुने नारायणले बताए ।

नेपालीहरू पनि यो पर्वमा ओइरिने थाहा पाएँ मैले । आफ्नै मौलिक चाडसरह गोरखालीलाई नि लाग्छ रे इन्ले पोए ।

खुट्टाले ठेलेर ती चार मूर्तिसहितका नाउ यहाँ ल्याइँदो रहेछ । त्यतिखेर सार्‍है ठूलो मेला हुने रहेछ यहाँ । मान्छेको खुट्टा टेक्ने ठाउँ न्याउङ सेमा हुँदैन रे त्यो बेला । अत्यन्तै श्रद्धा, भक्तिभाव र विश्वासले डुङ्गामा मूर्ति ल्याइँदो रहेछ । त्यतिखेर खुट्टैले ती डुङ्गा ठेलेर मूर्तिहरू यहाँसम्म ल्याउँछन् रे ।

"टाउँजी त पूरै उर्लिन्छ त्यतिखेर !" नारायणको अनुहारमा उल्लसित राग देखियो ।

इन्ले तालसँगै खेतीपाती, गुफा, बस्ती र अनेक चैत्यहरू जोडिएका रहेछन् । ती देखाउन अशोक र नारायण दुवैले मन गरेकै थिए । तर दुःख, खिन्नता र पीडाको कुरो-हामीसँग समय थिएन रत्तीभर ।

हाम्रो हैरानीमा उनीहरू नै दुःखी थिए ।

"हामीले हेर्न नपाएको भन्दा नि तपाईंहरूले देखाउन-लैजान नपाएको दुःखमा बढी पाकेको छु म !" मैले पीडा पोखें ।

नारायणले भनिरहे पटकपटक-"समय सार्‍है कम भो !"

"आगो लिन आएजस्तो भो है तपाईंहरू आएको !"
अशोकले नि खिन्नता देखाए ।

इन्ले तालले ठूलो क्षेत्र ओगटेको रहेछ । बर्खा र हिउँदमा पानीको सतह केही कम-बेसी भए पनि यसको सुन्दरतामा थोरबहुत नहुने विश्वास जिउँका तिउँ रहेछ ।

ठूलो र प्रमुख ताल इन्ले भए पनि यस वरपर अरू मनग्गे तालहरू रहेछन् । स्यान स्टेटको ठूलो आमदानीका रूपमा यो ताल र यस वरपरको जनजीवन भएको अरूहरूबाट पनि मैले सुनें ।

तालमाथि नै खेतीपाती नि हुँदो रहेछ यहाँ । तालको सौन्दर्य नबिग्रियोस् भनेर डुङ्गामै बसी खसेका पात टिप्नेको ताँती नि उल्काकै हुने सुनेथें मैले ।

काठ र बाँसका सामान जतासुकै बेचन राखिएका देखिन्थे । किन्ने मैले आँट गरिनँ, किनभने आधा म्यान्मार घुम्नै बाँकी छ ।

"थाक्नुभएन ?"

नारायण बोले ।

"भोकाउनु चैं भयो होला है!" अशोकले प्रेम पोखे ।

ऋषभदेव, अमित र मैले मुस्काएर भोकाएको उत्तर दियौं ।

"अब म टाउँजीभरिकै उत्कृष्ट भोजन खुवाउँछु !"

त्यसपछि हामी न्याउङ सेलाई देब्रे छाड्दै पूर्वतिर गयौं । गाउँको सुगन्ध र उज्यालो नजिकियो ।

एउटा फूलबारी भएको छाप्रे पसलमा पसेर खाने कुरा नारायणले मगाए ।

चनाको पीठाको औधी मीठो परिकार अमिलो र पीरो थपेर खायौं- थोप्रू । थुक्पाजस्तो तर्ल्याङतुर्लुङे परिकार खाइरहँदा मेरो मनमा इन्ले तालका लहरको मोहकताले गाँजिरहेथ्यो ।

बाटैमा कमलका फूलले ढकमकिएका ससाना तालले मन रोकेका रोकेकै थिए-इन्लेको मुख्य भागमा पुग्न पाएको भए ?

मनभरि छाल कुदिरहे । मुखमा थोप्रूको स्वाद आइरह्यो ।

"अब एतातिर लम्कौं !"

नारायणले भने ।

गाडी बेगिन लाग्दा सुनें ।

"यस्तै एक सय घर छन् नेपालीका ।"

"गाईबेरा नि देख्न पाइन्छ गोरखालीका ।"

अशोक र नारायण पालैसान्ती बोले ।

गाडी बेगिंदा इन्लेको बैंसे रूपले तानिरहेथ्यो मलाई, अँगालिरहेथ्यो मलाई, मुसारिरहेथ्यो मलाई । ♦♦♦

## मुक्तक



✍ **सम्झना थापा मगर**

कुनै कुनै साथीहरूले फसाउने कुरा गर्छन्
कसैले भने व्यवहारमा कसाउने कुरा गर्छन्
कुन साथी कस्तो भन्ने बुझ्नै गाह्रो भयो,
कोहीले रूवाउने कोहीले हँसाउने कुरा गर्छन् ।

हरेक ठाउँमा भौतारिँदै हिंडे म कति कति
आखिर दुःख पाउन लेखेको रहेछ नियति
आस गर्दागर्दै सास पनि जान लागि सक्यो,
कहीं कतै देखिएन दुःख भुलाउने ओखति ।

# नेपालको संविधानमा मानवअधिकार सम्बन्धी महासन्धिहरूको प्रभाव



✍ अधिवक्ता प्रेमराज सिलवाल

**सारसङ्क्षेप**

मानिस भए बापत कुनै पनि मानिसले बिना कुनै पूर्वशर्त पाउनै पर्ने आधारभूत अधिकार नै मानवअधिकार भएकोले संविधानले मानिस र नेपाली नागरिकका प्रकृति प्रद्धत्त अधिकारहरूको सुरक्षामा जोड दिएको हो । संविधानले मानवअधिकार सम्बन्धी विभिन्न ठूला विश्वव्यापी महासन्धि, मानवअधिकारको विश्वव्यापी घोषणा तथा अन्तर्राष्ट्रिय कानूनमा भएका विषयहरूलाई उच्च महत्त्व दिएर संवैधानिक प्रबन्ध गरेको छ । सन् १९४५ अक्टोबर २४ मा संयुक्त राष्ट्र संघको विधिवत् स्थापना भएपछि उसको पहलमा विश्वमा मानवअधिकार सम्बन्धी विभिन्न विश्वव्यापी घोषणा, अन्तर्राष्ट्रिय कानूनहरू बन्ने र त्यसलाई विश्वका सदस्य मुलुकहरूले हस्ताक्षर गरी अनुमोदन गर्ने कार्यले तीव्रता पाएको देखिन्छ । सन् १९४८ डिसेम्बर १० मा संयुक्त राष्ट्र संघकै पहलमा मानवअधिकारको विश्वव्यापी घोषणा जारी गरियो । सो घोषणालाई विश्वका सबै सदस्य मुलुकहरूले विनाशर्त स्वीकारेका छन् । नेपाल पनि सन् १९५५ डिसेम्बर १४ मा संयुक्त राष्ट्र संघको सदस्य भएको हो । सदस्य भएपछि नेपालले संयुक्त राष्ट्र संघको पहलमा जारी भएका विश्वव्यापी सन्धिहरूमा हस्ताक्षर गर्ने, मुलुकको संसद्बाट अनुमोदन गर्ने र नेपालको संवैधानिक एवम् कानूनी प्रणालीमा तिनलाई वैधानिकता दिन अनुमोदन समेत गर्दै आएको छ । राष्ट्र संघको पहलका निर्मित भएका सबैजसो अन्तर्राष्ट्रिय सन्धिको नेपाल पनि पक्ष राष्ट्र हो । नेपालको संधिवान, २०७२ वि.सं. नेपालमा भएको दोस्रो जनआन्दोलन पश्चात बनेको संघीय गणतान्त्रिक संविधान हो । सो संविधानमा नेपालले हस्ताक्षर गरी अनुमोदन गरेका मानवअधिकार सम्बन्धी ठूला र प्रभावकारी अन्तर्राष्ट्रिय सन्धिमा उल्लेख भएका विषयहरूलाई

उच्च स्थान दिएको देखिन्छ । प्रस्तुत लेख पुस्तकालय अनुसन्धान विधिको प्रयोग गरी नेपालको संविधानमा विश्वव्यापी महासन्धिमा भएका महत्त्वपूर्ण विषयहरूको संवैधानिक प्रबन्धको खोजी गर्ने उद्देश्यले गरिएको हो ।

**शब्दकुञ्जी**

मानवअधिकारको अर्थ, नेपालको वर्तमान संविधान, मानवअधिकारको विश्वव्यापी घोषणा, अन्तर्राष्ट्रिय सन्धि र नेपाल ।

## १. विषय प्रवेश

संविधान राज्यको आन्तरिक राजनीतिक-कानूनी दस्तावेज हो । मुलुकको सर्वोच्च कानून संविधान हो । सिद्धान्ततः मुलुकको आफ्नो संविधान कस्तो बनाउनु पर्दछ र के कस्ता संवैधानिक प्रबन्ध गर्नुपर्दछ भनेर अर्को मुलुक, राज्य वा निकायले प्रत्यक्ष दबाब दिन सक्दैन । संयुक्त राष्ट्र संघका सदस्य मुलुक भूगोल, अर्थतन्त्र र शक्तिको हिसाबले ठूला-साना हुन सक्दछन् । तापनि तिनको सार्वभौम अधिकार बरोबर हो भन्ने कुरालाई सन् १६४८ मा युरोपमा भएको वेष्टफालिया सन्धिले पहिलो पटक बोलिसकेको कुरा हो । सन् १९३३ मा जारी गरिएको राज्यका अधिकार र कर्तव्य सम्बन्धी सन्धिले पनि राज्यका अधिकार र दायित्वका सम्बन्धमा उल्लेख गरेको छ । यसैले राज्य आफ्नो मुलुकको संविधान र कानून निर्माण गर्न स्वतन्त्र हुने भए पनि राज्यले गरेको अन्तर्राष्ट्रिय दायित्व, हस्ताक्षर र अनुमोदन गरेका महासन्धि, सन्धि र अन्तर्राष्ट्रिय कानूनी प्रबन्ध तथा विधिशास्त्र र कानूनका विश्वव्यापी मूल्य एवम् मान्यताहरूलाई राज्यका संविधान तथा राजनीतिक प्रणालीहरूले मान्नुपर्ने बाध्यकारी अवस्था हुन्छ । यस दृष्टिकोणले संयुक्त राष्ट्र संघको सदस्य भएको प्रजातान्त्रिक राजनीतिक प्रणाली लागू गरी सो अनुकूलको संविधान बनाएको नेपालले आफ्नो संविधानमा विश्वव्यापी महासन्धिका प्रावधानहरूलाई पालना गर्नुपर्ने हुन्छ । नेपालको संविधान, २०७२ मा विश्वव्यापी महासन्धि, सन्धि र अन्तर्राष्ट्रिय कानूनलाई सम्मान गर्दै संवैधानिक प्रबन्ध गरिएको देखिन्छ । मानवअधिकारमा विश्वमा मूलतः तीन तहका अवधारणालाई प्रमुख मानिन्छ । पहिलो नागरिक र राजनीतिक अधिकार अन्तर्गत बोल्ने, संगठित हुने, विचार राख्ने र आफ्ना आस्था बमोजिमका राजनीतिक गतिविधिमा भाग लिने आदि अधिकार हुन्छन् । दोस्रोमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार अन्तर्गतका आर्थिक, शिक्षा, रोजगारी तथा जीवन जिउनको लागि अत्यावश्यक कुराहरूको आपूर्ति हुनु पर्दछ भन्ने मानिन्छ । तेस्रोमा स्वच्छ वातावरण र सफा-स्वस्थकर खानेपानी

जस्ता मानवीय अधिकार आदिलाई लिइने गरिएका छन् । यस्ता सबै प्रकारका अधिकारहरूलाई विश्वव्यापी महासन्धिहरूले विभिन्न सन्धिमा उल्लेख गरेका छन् । सो खालका अधिकारहरूलाई नेपालको संविधानले महत्त्व दिनु विश्वव्यापी महासन्धिका प्रावधानहरूको सम्मान, पालना र लागू गर्नको लागि ढोका खोल्नु सरह हो । यस अर्थमा नेपालको संविधान नेपाली नागरिकहरूका मानवअधिकारको संरक्षण र संवर्द्धनमा केन्द्रित रहेको देखिन्छ । संविधानको प्रस्तावनामा नै बहुदलीय लोकतान्त्रिक गणतान्त्रिक प्रणालीलाई अपरिवर्तनीय हुने गरी संवैधानिक प्रबन्ध गरेको छ । संविधान संविधानवादको विश्वव्यापी मूल्य र मान्यता बमोजिम नागरिक हक र अधिकारको सुरक्षा तथा मानवअधिकारको संरक्षणमा प्रतिबद्ध संवैधानिक प्रबन्ध गरेको देखिन्छ ।

## २. मानवअधिकारको विश्वव्यापी घोषणा र प्रभाव

विश्वमा मानवअधिकारको आधुनिक प्रबन्धको बारेमा अध्ययन र चर्चा गर्दा सन् १९४५ मा स्थापना गरिएको संयुक्त राष्ट्र संघको बडापत्रलाई महत्त्वपूर्ण दस्तावेजको रूपमा लिन सकिन्छ । संघको पहलमा सन् १९४८ मा घोषणा गरिएको मानवअधिकारको विश्वव्यापी घोषणा (Universal Declaration of Human Rights, UDHR) विश्वभर लागू हुने सर्वाधिक महत्त्वपूर्ण विश्वव्यापी कानून जस्तै बन्यो र बनेको छ । घोषणा बाध्यकारी हुँदैन तापनि राष्ट्रहरूले त्यसलाई पूर्णतः पालना र लागू गर्दै आएको देखिन्छ । सो घोषणापछि संयुक्त राष्ट्र संघको सदस्य मुलुकहरूले आफ्ना मुलुकहरूका संविधान र कानूनहरूमा यसका प्रावधानहरूलाई बढी उल्लेख गर्न थालेका छन् । राष्ट्रहरूले मानवअधिकारमैत्री संविधान र कानूनहरू बनाउने, अन्तर्राष्ट्रिय सन्धि र सम्झौताहरू गर्ने, राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रमा कानूनहरू बन्ने र मुलुकहरूले अन्तर्राष्ट्रिय महासन्धिहरूमा हस्ताक्षर गरी अनुमोदन गर्दै लागू गर्ने जस्ता क्रमले पनि थप व्यापकता पाउँदै आएको छ । नेपाल पनि सन् १९५५ डिसेम्बर १४ मा संयुक्त राष्ट्र संघको सदस्य भएपछिका दिनहरूमा मानवअधिकारको संरक्षण र संवर्द्धन गर्ने सम्बन्धी विभिन्न महासन्धिहरूमा हस्ताक्षर गरी अनुमोदन गर्दै आएको छ । जसमा नागरिक तथा राजनीतिक अधिकारहरूलाई बढी जोड दिइएको भए पनि आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूलाई समेत उत्तिकै महत्त्व दिइएका छन् । नागरिक र राजनीतिक अधिकार अन्तर्गतका राजनीतिक प्रकृतिका अधिकारहरू

जस्तो बोल्ने, लेख्ने, हिंड्ने, चुनावमा भाग लिने, संघ-संगठन खोल्ने आदि अधिकारहरूलाई अन्तर्राष्ट्रिय महासन्धिहरूले बढी महत्त्व दिने गरेका छन् । तिनै अन्तर्राष्ट्रिय प्रावधानहरूमा उल्लेख गरिएका कुराहरूलाई नेपालले आफ्नो नयाँ संविधानमा विभिन्न स्थान र धाराहरूमा उल्लेख गरेको देखिन्छ । नागरिक र राजनीतिक अधिकारहरूलाई 'फस्ट डिग्री राइटस्' अर्थात पहिलो तहको अधिकार भन्ने गरिएका छन् । अमेरिकी र युरोपियनहरूले त्यसैमा बढी जोड दिंदै आएका छन् । तर पनि उनीहरूले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार अन्तर्गतका खाने, बस्ने, शिक्षा, रोगगारी, उपचार जस्ता कुरालाई समेत महत्त्व दिएका छन् । सन् १९६६ मा संयुक्त राष्ट्र संघको पहलमा मानवअधिकारका विषयहरूलाई थप बलियो बनाएर बाध्यकारी अन्तर्राष्ट्रिय कानूनको रूप दिन कानून ल्याउन शक्ति राष्ट्रहरू राजी भए । संयुक्त राष्ट्र संघका पाँच स्थायी सदस्य मध्ये अमेरिका र तत्कालीन सोभियत संघ (हालको रूसी महासंघ) का बिचमा नागरिक र राजनीतिक तथा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूमा कुनलाई बढी महत्त्व दिने भन्नेमा बढी विवाद भएपछि दुवै महासन्धिहरूलाई मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिको मान्यता दिएर राष्ट्र संघले एउटै मितिमा पारित गरी लागू गर्दै आएको देखिन्छ । अमेरिकी जोडको नागरिक तथा राजनीतिक अधिकार (International Covenant on Civil and Political Rights, ICCPR) तथा सोभियत संघले जोड दिने गरेका आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार (International Covenant on Economic, Social and Cultural Rights, ICESCR) सन् १९६६ मा एकैपटक सन् १९७६ देखि लागू गरिएको हो । नेपालले पनि सो अनुबन्धलाई सन् १९९१ मई १४ मा तत्कालीन संसद्बाट अनुमोदन गरी पालना र लागू गर्दै आएको छ । वि.सं. २०७२ मा बनेको नेपालको पहिलो संघीय गणतान्त्रिक तथा समावेशी संविधानले अन्तर्राष्ट्रिय महासन्धिमा भएका सबैजसो प्रबन्धहरूलाई संवैधानिक प्रबन्ध गरी मानवअधिकारको संरक्षण र सुरक्षामा बढी जोड दिएको छ ।[१]

मानिस, नागरिक तथा व्यक्तिका प्राकृतिक अधिकार, स्वतन्त्रता र

1. John S. Gibson. (AD 1991). International organizations, constitutional law, and human rights, USA? British library cataloguing in Publication. Page 14-119

हितहरूलाई राज्यका विरूद्ध लागू गराउन सक्नु नै मानवअधिकारको सुरक्षामा राज्य गम्भीर हुनु हो । यसैमा संविधान र संविधानवादको महत्त्व रहेको हुन्छ । नागरिकका अधिकारहरूलाई संसद् मार्फत कानून बनाएर लिपिबद्ध गरिएका अधिकांश राज्य वा कुनै व्यक्ति वा निकायले हनन गरेको अवस्थामा अदालतबाट पीडितलाई न्याय दिलाउन सक्नु संविधान र संविधानवादको उद्देश्य हो । संवैधानिक रूपमा व्यक्ति र नागरिकका अधिकार प्रष्ट पारिएका अवस्थामा अदालतले पनि ती अधिकारहरूलाई लागू गर्नको लागि आदेश दिन सक्ने भएकोले संविधान आवश्यक हुन्छ । नेपालको वर्तमान संविधान, वि.सं. २०७२ मा नागरिकका आधारभूत अधिकार तथा हितहरूको सुरक्षाको दृष्टिकोणले संवेदनशील देखिन्छ । संविधानमा स्वतन्त्रता र अधिकांश विषय के कस्ता रहेका छन् र तिनलाई कसरी राखिएका छन् तथा त्यसको अदालतमा कसरी व्याख्या गरिन्छ भन्ने कुराले अर्थ राख्ने गर्दछ । मानिस र नागरिकका व्यक्तिगत स्वतन्त्रताको रक्षा र समाजको सामाजिक व्यवस्थालाई कानूनी वैधानिकता दिने कार्य संविधानले गर्दछ । संविधान–कानून मूल्य मान्यताको त्यस्तो प्रणाली हो जसको संयन्त्र प्रयोग गरी समाज व्यवस्था सञ्चालन हुने गर्दछ । समाजलाई राज्यको कानून र अन्तर्राष्ट्रिय कानूनले निर्देश गर्ने गर्दछ । विश्वमा विश्वव्यापी महासन्धिहरूको तर्जुमाको कार्य बढेसँगै राज्यहरूले पनि आफ्ना संवैधानिक प्रबन्धहरूमा ती सन्धिमा उल्लेख गरिएका आधारभूत मूल्य र मान्यता बमोजिम मानवअधिकारको सुरक्षा हुने गरी संवैधानिक व्यवस्था गर्दै आएका छन् । जसका कारण मानव अधिकारको संविधानवादमा पनि व्यापकता आएको छ । यसै कारण विश्वमा अन्तर्राष्ट्रिय महासन्धिहरूको निर्माण गर्नुपर्ने आवश्यकता समेत बढ्दै गएका हुन् । संविधान र संविधानवादको अध्ययन गर्दा प्राचीन संविधानवाद, राज्यको विकास भएपछिको संविधानवाद र आधुनिक संविधानवाद गरी अध्ययन गर्न सकिन्छ । यी फरक खालका र समयका फरक प्रकारका संविधानिक र कानूनी विकासक्रम भए पनि सबै एक अर्कासँग सम्बन्धित रहेका छन् । आधुनिक संविधान र कानूनको जग भनेकै ऐतिहासिक कानून र प्रथाहरू नै हुन् । यसै मूल्यबाट प्रेरित भएर विश्वमा विभिन्न अन्तर्राष्ट्रिय महासन्धि तथा सन्धिहरू निर्माण भएका हुन् । यसमा प्राचीन राज्य प्रणालीको पनि भूमिका रहेको छ । राज्य आफ्नै संविधान र कानूनबाट सञ्चालित भए

जस्तै विश्वका मुलुकहरूको साझा हित, समस्या तथा मानिसका आधारभूत अधिकारहरूको सुरक्षा गर्नको लागि विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरू गरिएका हुन् । यसमा संयुक्त राष्ट्र संघले महत्त्वपूर्ण समन्वयकारी र प्रभावकारी भूमिका खेल्दै आएको देखिन्छ । नेपाल पनि सो संघको सदस्य भएको नाताले राष्ट्र संघको तत्वाधानमा बनेका र अन्य विश्वव्यापी महासन्धिका प्रावधानहरूलाई बढी महत्त्व दिने गरेको छ । वि.सं. २०७२ बाट संघीय गणतान्त्रिक, लोकतान्त्रिक र समावेशी संविधान लागू गरी आएको हो । नेपाल संयुक्त राष्ट्र संघको सदस्य भएदेखि यता विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूमा हस्ताक्षर गरी अनुमोदन समेत गरेको अवस्थामा नेपालको संविधानमा समेत ती महासन्धिमा भएका व्यवस्थाहरूलाई नेपालले बढी महत्त्व दिएर मानव अधिकारको संरक्षणमा केन्द्रित बनेको देखिन्छ ।

सन् १९४५ अघि अर्थात संयुक्त राष्ट्र संघको स्थापना हुनु पूर्व सन् १९३९ देखि सन् १९४५ सम्म भएको दोस्रो विश्व युद्धको त्रासदीपूर्ण मानवीय क्षति, हिंसा, हत्या र विनाशबाट विश्वका मानव जातिलाई जोगाउन राष्ट्र संघले मानवअधिकारको विश्वव्यापी घोषणालाई बढी जोड दियो । विश्वका सम्पूर्ण मानवको मानवअधिकारको रक्षाको लागि सन् १९४८ मा संयुक्त राष्ट्र संघको पहलमा मानवअधिकारको विश्वव्यापी घोषणालाई महासभाले अनुमोदन गरेको थियो । यो विश्वको पहिलो विवादरहित अन्तर्राष्ट्रिय दस्तावेज पनि हो । सो घोषणाको विश्वव्यापी प्रभाव तथा महत्त्व छ । मानिसका जन्मसिद्ध आधारभूत अधिकारहरूलाई कुनै पनि मूल्यमा सुरक्षा र संरक्षण गर्नुपर्छ भन्ने मान्यताले त्यो विश्वव्यापी घोषणा जारी गरिएको हो । आजका सारा विश्वव्यापी महासन्धि र सन्धिहरूको चुरो र मुटुको रूपमा यो विश्वव्यापी घोषणालाई लिइने गरिएको छ । जुन घोषणालाई आज विश्वका ३३७ भन्दा बढी भाषामा प्रकाशित गरिएका छन् । यसले विश्वका संविधान र कानूनमा मात्र होइन राजनीतिक घोषणापत्र, दस्तावेज र नीतिहरूमा समेत प्रभाव पारेको छ । त्यसका व्यवस्था र मूल्यलाई विश्वभर मूल्यगत दृष्टिकोणले मान्यता दिइदै आएको छ । सन् १९४७ मा तत्कालीन अमेरिकी राष्ट्रपति फ्याङ्लिन डि. रूज्वेल्ट (१८८२/१९३३) को अध्यक्षतामा मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय बील अफ राइटस् आयोगको गठन भई बैठक सम्पन्न भएको थियो । त्यसले मानवअधिकार सम्बन्धी घोषणाको प्रारम्भिक ढाँचा तयार गरेको थियो ।

विभिन्न राजनीतिक, कानूनी तथा दार्शनिक आधारमा अध्ययन र सुझाव लिने कार्य सकिएपछि सन् १९४८ मा विश्वव्यापी घोषणा जारी गरिएको हो । सन् १९४८ मा संयुक्त राष्ट्र संघको महासभाबाट पारित गरिएको मानवअधिकारको घोषणा बाध्यकारी कानूनी दस्तावेज नभए पनि राष्ट्र संघका सदस्य राष्ट्रहरूले बाध्यकारी कानून जस्तै लागू गर्दै आएका छन् । संयुक्त राष्ट्र संघको महासभाबाट मानवअधिकारको विश्वव्यापी घोषणा जारी भएदेखि नै त्यसले अन्तर्राष्ट्रिय कानूनको रूप लिएको थियो । अन्तर्राष्ट्रिय मान्यता अनुसार राष्ट्रहरूले यसलाई कानून सरह मान्दै सोही अनुसार आफ्ना संविधान कानूनमा सुधार गरी आएका छन् । त्यसमा उल्लेख गरिएका कुराहरू सम्पूर्ण मानव जातिको सुरक्षा र प्राकृतिक अधिकारको रक्षाको लागि भएकोले यो विश्वको सर्वस्वीकार्य दस्तावेज भएको हो । नेपालको संविधान र राजनीतिक प्रणालीले मानव अधिकारको विश्वव्यापी घोषणाको महत्त्वलाई बुझेर आफ्नो संवैधानिक प्रबन्धमा मानवअधिकारको विषयहरूलाई उच्च प्रधानता र महत्त्व दिएको देखिन्छ ।[२]

**३. संविधानको अर्थ र विधिशास्त्रीय धारणा**

संविधान मुलुकको सर्वोच्च कानून (सुप्रिम ल) हो । संविधान भन्दामाथि कुनै पनि कानून, नियम र आदेशहरू हुन सक्दैनन् । यदि भएको खण्डमा सर्वोच्च अदालतको आदेशले संविधानको धारा १३३ बमोजिम बदर वा खारेज पनि हुन सक्दछन् । संविधानले जनता र सरकारकाको बिचमा निश्चित सम्बन्ध बनाउने कार्य गर्दछ । दार्शनिक लगलिनका अनुसार संविधान जनता र सरकारबिचको सम्बन्ध निश्चित गर्ने विषय हो । संविधान हुनु मात्र संविधानवाद बमोजिम राज्य सञ्चालन नहुन सक्दछ । प्रत्येक संविधानमा संविधानवादका मूल्य अनुसार बनेको नहुन पनि सक्दछ । संविधान हुनुमात्र मानवअधिकारको सुरक्षा हुनु हुन सक्दैन । संविधान संविधानवादको मूल्य बमोजिम बनेको हुनुपर्दछ र मानवअधिकारको संरक्षण र सुरक्षालाई संवैधानिक प्रबन्ध गरिएको हुनुपर्दछ । संविधानवादका मूलभूत मान्यतामा सीमित सरकार, कानूनको नजरमा सबै समान हुनु, विधिको शासन, शक्तिको पृथकीकरण, स्वतन्त्र प्रेस, स्वतन्त्र र सक्षम न्यायालय र प्रजातान्त्रिक संसद्वादका कुराहरू आदि आवश्यक र

2. Marcomd Odello. & vandoli, Sofia. (AD 2011). Emerging Areas of Human Rights in the 21st Century, The Role of Universal Declaration of Human Rights, USA? Rotledge Taylor and Francis Group. P 3

अनिवार्य सर्त मानिन्छन् । अमेरिकी सर्वोच्च अदालतका न्यायाधीश स्टेफेन ब्रायर (१९३८) ले संविधानले निश्चित खालको सरकारको सिर्जना गर्ने कुरामा जोड दिएका छन् । पूर्वीय दर्शनका दार्शनिक एरिस्टोटल (३८४ (३२२ ई.पू.) ले मानवले राज्यको सिर्जना गर्नु पहिलो उपलब्धि भएको भन्दै राज्य विधि र प्रणालीबाट सञ्चालन हुनुपर्ने उल्लेख गरेका छन् । संवैधानिक विकासमा मुख्य गरी तीन क्षेत्रबाट विकास भएको भनिन्छ । जसमा पहिलो कानूनी विकास, दोस्रो वास्तविक विकास र तेस्रोमा विचारधारात्मक विकास रहेका छन् । कानूनी संविधान व्यक्तिसँग सम्बन्धित रहेको छ । वास्तविक संविधान जुन अहिले लागू भएर रहको छ भने विचारधारात्मक संविधान समाजको अवस्था, जसमा कानूनी र वास्तविक स्थितिलाई ध्यान दिएर समाजमा लागू गर्न सकिने कुरा रहेको छ । यस्ता मूल्य र मान्यतालाई संविधान निर्माण गर्दा महत्त्व दिइन्छ । नेपालको संविधानले उल्लेखित त्यस्ता मानवअधिकारका आधारभूत मूल्य र मान्यतालाई उच्च महत्त्व दिएको छ ।[3]

संविधानको अर्थ र महत्त्वको सम्बन्धमा विश्वमा विभिन्न दार्शनिक र विद्वानहरूले विविध प्रकारले व्याख्या र विवेचना गर्दै आएका छन् । बेलायतमा जन्मेका अमेरिकी कानूनविद तथा दार्शनिक डेविट हुम (१७११(१७७६) (David Hume) ले संविधानले न्यायको शासन आवश्यक भएको महसुस गर्ने गर्दछ । जसले सबैको साझा हितमा व्यापक मानिसहरूको लागि आवश्यक नियम लागू हुन पुग्ने भनेका थिए । नागरिकका आधारभूत अधिकार र हितको संरक्षण, सम्पत्ति र प्राकृतिक अधिकारको सुरक्षाको लागि संविधान र कानून बनाएर राज्य र शक्तिशाली जो कोहीलाई सीमित गर्ने काम संविधानले गर्दछ । सोही कारण राज्य चाहिएको कुरालाई थोमस होब्स (१५८८/१६७९), डेविट हुम (१७११/१७७६) जस्ता दार्शनिकहरूले जोड दिए । मानिसको स्वतन्त्रताको महत्त्वलाई बढी जोड दिने बेलायती दार्शनिक जे.एस. मिल (१८०६-१८७३) ले बोल्ने अधिकारलाई व्यापक समाज कल्याणको लागि आवश्यक कुरा हो भनेका छन् । बेलायती विधिशास्त्री जोन लक (१६३२-१७०४) पहिलो दार्शनिक थिए जसले राजनीतिक उदारवाद र आर्थक उदारवादको एकैपटक वकालत गरे । यसरी विश्वमा विभिन्न समयमा विभिन्न दार्शनिक र विचारकहरूले

3. Dobner Petra. & Loughlin, Martin. (AD 2010). Oxford constitutional theory, New York? Oxford University Press.

नागरिक अधिकारको सुरक्षाको लागि लिखित संविधानको वकालत गर्दै आएका छन् ।[४]

विश्व राजनीतिमा सन् ४०७ देखि १०६६ मा संविधानको विकास भएको मानिए पनि खासगरी १७औं शताब्दीबाट संविधानवादको धारणाले व्यापकता लिएको पाइन्छ । सन् १७८९ मा अमेरिकी संविधान १३ वटा राज्यको संघबाट जारी गरी भएपछि सो संविधान विश्वकै पहिलो लिखित दस्तावेज बन्न पुग्यो । त्यसपछि विश्वमा संविधानहरू बन्ने क्रमले तिव्रता पायो । स्वीट्जरल्याण्डमा १८७४ मा संविधान बन्यो । संसदीय इतिहासमा महत्त्वपूर्ण भूमिका भएको बेलायतमा भने संविधान नामको अलग्गै दस्तावेज रहेको छैन। यद्यपि विभिन्न ऐतिहासिक कानूनी दस्तावेजहरू जारी गरिएका छन् । बिल अफ राईट्स १७८९ मा जारी गरिएको थियो । फ्रान्समा १७८९ मा पहिलो संविधान बन्यो । नेपोलियन बोनापार्ट (१७६९/१८२१) लाई फ्रान्सेली संविधानका पिता समान मानिन्छ । जहाँ संविधान सभाले संविधान बनायो भने पूर्व सोभियत संघमा सन् १९१७ को अक्टोबर क्रान्तिपश्चात पहिलो पटक मजदुरको प्रभुत्वमा सन् १९२४ सन् १९५८ मा पछिल्लो पटक पाँचौं संविधान जारी भयो । फ्रान्सको संविधानले प्रत्येक व्यक्तिलाई रोजगारीको हकलाई मौलिक हकमा राखेको छ भने कानूनको दायरामा रही हड्ताल गर्ने अधिकार पनि मौलिक हकमै राखिएका छन् । उता जनवादी गणतन्त्र चीनमा भने सन् १९४९ मा नेता कमरेड माओ (१८९३-१९७६) को नेतृत्वमा भएको क्रान्तिपछि संविधान आयोगबाट सन् १९५४ मा बनेको संविधानलाई पिपुल्स कंग्रेसले अनुमोदन गरी लागू गरिएको थियो । हालको संविधान विभिन्न समयमा संशोधन हुँदै सन् १९८२ को संविधान जारी छ । यसरी विश्वका अनेकौं मुलुक र राज्यका संविधानहरू बन्ने क्रमले व्यापकता पाउँदै आजको परिवेशमा नेपालमा वि.सं. २०७२ असोज ३ गते जनताद्वारा निर्वाचित संविधान सभाद्वारा संविधान निर्मित भई लागू भएको छ । सो संविधान मानवअधिकारको दृष्टिकोणले विश्वका उदार प्रजातन्त्र र शासन व्यवस्था भएका मुलुकहरूमा गरिएका प्रबन्ध जस्तै नागरिक अधिकार र मानवअधिकारको सुरक्षा र संरक्षणमा केन्द्रित देखिन्छ । यसरी विश्व इतिहास र विकासक्रको दृष्टिबाट हेर्दा संविधानको

4. Hardin Russell. (AD 2003). Liberalism, constitutionalism, and democracy, USA? Oxford University Press.

अर्थ र महत्त्व प्रत्येक प्रजातान्त्रिक राज्यको लागि अति धेरै हुन्छ । कानूनी शासनले मात्र मानिसका मानवअधिकारको सुरक्षा गर्न सक्दछ । बेलायती कानूनविद ए.भी. डायसी (१८३५/१९२२) ले कानूनको शासनको बारेमा वकालत गर्दै आएका थिए । कानूनको शासन लागू हुन सकेन भने नागरिक अधिकार, सुरक्षा र मानवअधिकारको हनन् हुन सक्ने तर्फ उनको जोड थियो ।[५]

**४. मानवअधिकारको अर्थ र महत्त्व**

सामान्य रूपमा भन्दा सबै देश, धर्म र संस्कृतिका मानिसहरू तथा नागरिकहरूको लागि बिना भेदभाव आधारभूत नैतिक मान्यताका आधारमा प्रत्याभूत गरिएको अधिकार नै मानव अधिकार हो ("Human rights are universal legal guarantees protecting individuals and groups against actions and ommissions that interfere with fundamental freedoms, entitlements and human dignity") अर्थात मानवअधिकार त्यस्तो अधिकार तथा त्यस्तो नीजि स्वतन्त्रता र सम्मानको अधिकार हो जसलाई कुनै पनि व्यक्ति र समूहले हस्तक्षेप गर्न सक्दैन ।[६]

मानवअधिकार मानिसको आधारभूत र प्राकृतिक अधिकार हो । मानवअधिकारको संरक्षण र सुरक्षा गर्नु प्रत्येक सभ्य राज्यको प्राथमिक दायित्व हो र हुन्छ । संयुक्त राष्ट्र संघको सदस्य भएका राष्ट्रहरूले राष्ट्र संघको विधान तथा मानवअधिकारको विश्वव्यापी घोषणा तथा अन्तर्राष्ट्रिय कानूनका व्यवस्था अनुसार आफ्नो राष्ट्रमा मानवअधिकारको संरक्षण र सुरक्षाको वातावरणको दायित्व रहन्छ । गैर नागरिकको अधिकारको समेत राज्यले सुरक्षा र संरक्षण दिनुपर्ने हुन्छ । जस्तो राज्यविहीन, शरणार्थी वा विदेशीको पनि मानवअधिकार समान हुने भएकोले सम्मानपूर्ण व्यवहार गर्नु राज्यको कर्तव्य हो । यद्यपि गैरनागरिकहरूलाई मौलिक हकको अधिकार भने हुन्न । राज्यका नागरिकहरूले पाउने अधिकार गैरनागरिकको तुलनामा असीमित हुन्छन् । कतिपय अवस्थामा संविधान र कानूनले पनि अधिकारलाई बाँध्ने गरेको हुन्छ । प्राकृतिक अधिकारलाई रोक लगाउने गरी संविधान र कानून पनि बन्न सक्दैनन । अन्तर्राष्ट्रिय

5. Yash Gnai & Cottrell Jill .(AD 2008). Creating the new constitution ? A guide for Nepali citizens, Sweden ? International IDEA.

6. Human Rights Introduction book, National Human Rigts Commission, BS 2071

महासन्धि, सन्धि तथा कानूनमा हस्ताक्षर र अनुमोदन गर्ने मुलुक बाध्यकारी अवस्थामा पुग्दछ । नागरिक र राजनीतिक अधिकार मात्र होइन आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरू पनि राज्यले रोक्न पाउँदैन ।[७]

मानवअधिकारको मूल तत्त्व भेदभावरहित समानता जहाँ जाति, भाषा, धर्म, लिङ्ग, वर्ग, राजनीतिक विचार, राष्ट्र र राष्ट्रियता, अपाङ्गता, गरिबी, जन्म, मानसिक र शारीरिक स्वास्थ्य आदिको कुनै पनि कारणबाट व्यक्तिलाई विभेद गर्न नपाइने साथै सार्वजनिक अन्तर्राष्ट्रिय कानूनद्वारा प्रत्याभूत अधिकारहरूबाट कसैलाई पनि वञ्चित गर्नु हुन्न भन्ने रहेको छ । मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानून र विधिशास्त्रका मान्यताका आधारमा कुनै पनि औपचारिक र अनौपचारिक समानता व्यक्तिलाई रहेको हुन्छ । त्यस्ता कानूनले कसैलाई पनि विभेद गर्नबाट रोकेको छ भने सारवान समानताले कानून, नीति निर्माण गर्दा व्यक्ति र समूह कसैलाई पनि भेदभाव गर्नु नहुने समानताको सिद्धान्तले मान्यता दिएको छ । नीति निर्माण गर्दा, लागू गर्दा र सार्वजनिक सेवा तथा सुविधाको वितरण गर्दा उल्लेखित मानवअधिकारका मूल्य र मान्यता अनुसार गर्नु पर्दछ । समावेशिता तथा सहभगिताको कुरा गर्दा प्रत्येक व्यक्ति सहित सबै मानिस र नागरिकहरूलाई स्वतन्त्रतपूर्वक तथा औचित्यपूर्ण तरिकाले सक्रियतापूर्वक सहभागिता सहित राजनीतिक अधिकार, नागरिक अधिकार, आर्थिक अधिकार, सामाजिक तथा सांस्कृतिक अधिकारहरू मानवअधिकारको मूल्य र मान्यता अनुसार विकास कार्यमा सहभागिताको निश्चितताको ग्यारेन्टी गरिएको हुनुपर्छ भन्ने मूल्य र दर्शनलाई मानवअधिकार सम्बन्धी महासन्धिहरूले बढी जोड दिएका छन् । यस्ता विश्वव्यापी मूल्य र मान्यतालाई मानवअधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धि, सन्धि, घोषणा तथा कानूनहरूले उल्लेख भएका विषयहरूलाई नेपालको संविधानले नागरिक अधिकारको सुरक्षा गर्न मौलिक हकमा प्रबन्ध गरेको देखिन्छ ।[८]

7. Jim.Lfe (AD 2008). Human rights and social work, USA? Cambridge University press, page 76

8. Naranethem Pillay. (AD 2008). United Nations high commission for human rights, health and poverty
reduction stratifies, USA ? World Health Organization, United Nation Rights.

**५.नेपालको संविधान, २०७२ मा मानवअधिकार**

मानवअधिकार र मौलिक हक एउटै कुरा होइन । यद्यपि मौलिक हक पनि मानवअधिकार नै हुन् । सबै मौलिक हक मानवअधिकार हुन् भने सबै मानवअधिकार मौलिक हक होइनन् । मानवअधिकारका कुराहरू सबै मानवको लागि हो भने मौलिक हक मुलुकको नागरिकको हक र अधिकारको सुरक्षा र संरक्षण गर्नको लागि गरिएको राज्यको संवैधानिक प्रबन्ध हो । नेपालको संविधानको भाग ३ मा मौलिक हक भनिकन छुट्टै विशेष भाग राखी धारा १६ देखि धारा ४६ सम्म मौलिक हक राखिएका छन् । संविधानको धारा ४८ मा नागरिकका कर्तव्य समेत उल्लेख गरिएको छ । यो प्रबन्ध नेपालको संवैधानिक इतिहासमा नौलो खालको व्यवस्था हो । धारा १६ सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १७ स्वतन्त्रताको हक, धारा १८ समानताको हक, धारा १९ सञ्चारको हक, धारा २० न्याय सम्बन्धी हक राखिएका छन् ।[९] संविधानले अपराध पीडितको हक, यातना विरूद्धको हक, निवारक नजरबन्द विरूद्धको हक, छुवाछुत तथा भेदभाव विरूद्धको हक, सम्पत्तिको हक, धार्मिक स्वतन्त्रताको हक, सूचनाको हक, गोपनियताको हक, शोषण विरूद्धको हक, स्वस्च्छ वातावरणको हक, शिक्षा सम्बन्धी हक, भाषा तथा संस्कृति सम्बन्धी हक, रोजगारीको हक, श्रमको हक, स्वास्थ्य सम्बन्धी हक, खाद्य सम्बन्धी हक, आवासको हक, महिलाको हक, बालबालिकाको हक, दलितको हक, जेष्ठ नागरिकको हक, सामाजिक न्यायको हकजस्ता हक अधिकारलाई विभिन्न धारामा शीर्षक तथा त्यसमा सविस्तार दफा उपदफा समेत राखी व्याख्या गरी हक अधिकारको रक्षा तथा निश्चित हुने गरी उल्लेख गरिएका देखिन्छन् । त्यसैगरी धारा ४३ मा सामाजिक सुरक्षाको हक, धारा ४४ मा उपभोक्ताको हक, धारा ४५ मा देश निकाला विरूद्धको हक, धारा ४६ मा संवैधानिक उपचारको हक तथा धारा ४७ मा मौलिक हकको कार्यान्वियन भन्ने धारा समेत राखी त्यसको सही कार्यान्वियनका लागि राज्यले कानून बनाएर लागू गर्ने भनिएको पाइन्छ ।

नेपालको संविधानले संविधानमा उल्लिखित मौलिक अधिकारहरूको प्रभावकारी प्रचलनका लागि संविधान लागू भएको मितिदेखि ३ वर्षीभित्र ती मौलिकहकहरूको कानूनी व्यवस्था गर्नुपर्ने संवैधानिक प्रबन्ध गरे अनुसार वि.सं. २०७७ आश्विन २ गतेभित्र निर्मित भई मौलिक हक कार्यान्वयनसँग

9. Nepalese Constitution, 2015 (2072BS), page 6-18

सम्बन्धित विभिन्न १६ वटा कानूनहरू निर्माण गरिएका छन् । जसमा अपराध पीडित संरक्षण ऐन, २०७५, वैयक्तिक गोपनियतासम्बन्धी ऐन, २०७५, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५, रोजगारी हकसम्बन्धी ऐन, २०७५, जनस्वास्थ्य सेवा ऐन, २०७५, खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५, आवासको अधिकार सम्बन्धी ऐन, २०७५, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५, बालबालिका सम्बन्धी ऐन, २०७५, सामाजिक सुरक्षा ऐन, २०७५, उपभोक्ता संरक्षण ऐन, २०७५, अपराध पीडित संरक्षण ऐन, २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४, कानूनी सहयाता सम्बन्धी ऐन, २०७४, केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५, श्रम ऐन, २०७४ आदि रहेका छन् । उल्लिखित ऐनहरूका विभिन्न दफाहरूमा नागरिक हक र अधिकारको सुरक्षा तथा संरक्षण गर्नको लागि कानूनी प्रबन्धहरू गरिएका छन् ।

### ५.१. मौलिक हकको कार्यान्वयनका सैद्धान्तिक र व्यवहारीक जटिलता

लिखित संविधान भएका मुलुकहरूमा मौलिक हकलाई उच्च प्राथमिकता र महत्त्व दिएर उल्लेख गरिएका हुन्छन् । प्रजातान्त्रिक संविधानमा मात्र होइन समाजवादी चीनकै संविधानमा पनि नागरिक अधिकारको सुरक्षा र संरक्षणको लागि मौलिक हकहरूको प्रबन्ध गरिएको छ । नेपालको संविधानको धारा १६ देखि धारा ४६ सम्म मौलिक हकहरूको उल्लेख गरिएका छन् । मानवअधिकार विश्वका कुनै पनि मानिसले विनापूर्व दायित्व पाउनु पर्ने आधारभूत अधिकारका कुराहरू हुन् भने मौलिक हक चाहिँ त्यो मुलुकका नागरिक भए वापत उनीहरूले पाउने संवैधानिक अधिकारहरू हुन् । यस अर्थमा मौलिक हकहरू पनि मानवअधिकार नै हुन् । फरक चाहिँ ती अधिकार नदिइएको भन्दै गैरनागरिक वा विदेशीले संवैधानिक र कानूनी दाबी गर्न सक्ने अवस्था भने हुन्न । यसैले नागरिकको हक, अधिकार र संवैधानिक अधिकारको रक्षा गर्ने अधिकार नै मौलिक अधिकारहरू हुन् । त्यस्ता नागरिकको जीवनसँग प्रत्यक्ष सरोकार र महत्त्व राख्ने अधिकारको कार्यान्वयनको क्रममा भने कपितय सैद्धान्तिक र व्यवहारिक कठिनाई, समस्या तथा चुनौतीहरू रहेका हुन्छन् र छन् ।

नेपालको संविधानमा व्यवस्था गरिएका मौलिक हकहरूको कार्यान्वयनसँग जोडिएका सैद्धान्तिक पक्षको चर्चा गर्नुपर्दा सो अनुकूलका कानून तथा नियम आदि हुनै पर्ने अवस्था रहेको छ ।

साथै सो बमोजिम सबै नियम र प्रबन्धहरू गरिएका छन् र गरिँदैछन् । संविधानमा उल्लेख गरिएका मौलिक हकमा उल्लेख गरिएका कुराहरू पनि विम्बात्मक र आलंकारिक जस्ता पनि देखिन्छन् । जस्तो धारा १६ मा सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ भनिएको छ । अब नागरिकले कस्तो प्रकारले कुन तहको सम्मानपूर्वक बाँच्न पाउने हो त्यसको सैद्धान्तिक प्रष्टता देखिन्न । अर्को कुरा सहरमा, तराईमा, गाउँमा र हिमाली भेगमा तथा अनेकौं आर्थिक-सामाजिक अवस्था भएका नागरिकहरूको लागि सम्मानपूर्वक बाँच्न पाउने कुराको अनेक अर्थ पनि लाग्न सक्दछ । स्थान, समय र बुझाई अनुसारको सम्मान पनि हुन सक्ने भयो । त्यसो भएकोले मौलिक हकको कार्यान्वयनमा आफ्नै प्रकारको सैद्धान्तिक अन्यौलता र अस्प्रष्टता पनि देखिन्छन् । अर्कोतर्फ सबैभन्दा ठूलो भनेको व्यवहारिक पक्ष बढी जटिल देखिन्छन् । नेपालको आफ्नो भौगोलिक अवस्था, साधन-स्रोत, राज्य संरचना र प्रणाली, निजामती प्रशासन र कार्यशैली, नागरिक चेतना र ज्ञान, संविधान कानूनको सूचना र जानकारी, परम्परागत मूल्य र प्रथा, कानून र नियमहरूका अनेक खाले जटिलता, कानून कार्यान्वयन गर्ने निकाय र प्रशासनको जवाफदेहीतामा कमि तथा राजनीतिक-सामाजिक अवस्था एवम् वातावरण आदि यसमा आइपर्ने व्यवहारिक कठिनाइका पक्ष र पाटाहरू हुन् । नेपालको संविधानमा आधुनिक गणतान्त्रिक र लोकतान्त्रिक मूल्यमा नागरिक अधिकारका मौलिक हकको प्रबन्ध गरिएको भए पनि यी र यस्ता सैद्धान्तिक र व्यवहारिक कारणहरूले गर्दा कार्यान्वयनमा जटिलता तथा अनेकौं खालका चुनौतीहरू समेत देखिन्छन् ।

### ६. संविधानमा अन्तर्राष्ट्रिय महासन्धिहरूको प्रभाव

सन् १९४५ मा संयुक्त राष्ट्र संघको गठन भएपश्चात सन् १९४८ मा मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी गरियो । सो घोषणामा भएका अधिकांश विषयहरूलाई सन् १९६६ को नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (अन्तर्राष्ट्रिय कानून) को रूपमा बृहत्मा विवेचना र व्याख्या सहित लिपिबद्ध गरिएका छन् । नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रोटोकल समेत जारी गरी लागू गरिएको छ । जसको पहिलोले राष्ट्र संघीय मानवअधिकार समितिको निर्देशन लागू गर्नुपर्ने विषय रहेका छन् भने दोस्रो प्रोटोकलले मानिसलाई मृत्युदण्ड

दिन नहुने भन्ने विषय सन् १९८९ डिसेम्बर १५ को राष्ट्र संघको साधरण सभाबाट अनुमोदन गरिएको थियो । त्यसै गरी मानिसलाई मृत्युदण्ड दिन नहुने प्रावधानलाई सन् १९९१ जुलाई ११ देखि लागू गरिएको थियो । यसलाई मानवअधिकारको अन्तर्राष्ट्रिय विधेयक पनि भनिन्छ । यसका कतिपय कुराहरू संयुक्त राष्ट्र संघको विधानको धारा १, ५५, र ५६ मा समेत उल्लिखित गरिएका छन् । मानिस र नागरिकका आधारभूत अधिकार स्थापित गर्ने कुरामा जारी गरिएका अन्तर्राष्ट्रिय कानूनहरूको ठूलो अर्थ र भूमिका रहेको देखिन्छ । यसरी अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी महासन्धिमा व्यवस्था गरिएका विषयहरूलाई प्रजातान्त्रिक संविधानहरूले आ-आफ्ना संविधानहरूमा संवैधानिक प्रबन्ध गर्दै आएका छन् । नेपालको संविधान २०७२ वि.सं.को प्रस्तावना देखि नै नागरिक अधिकार संरक्षणको प्रत्याभूति हुने वाक्यहरू उल्लेख गरिएका छन् । संविधानको धारा १६ देखि धारा ४६ सम्म मौलक हक रहेको छ । मानवअधिकारको विश्वव्यापी घोषणाको धारा ३ र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्धको धारा ६ मा व्यवस्था गरिएको मृत्युदण्ड दिन नपाइने र दिइने गरिएको भए पनि उन्मूलन गर्नुपर्ने कुरालाई नेपालको संविधानको धारा १६ मा संवैधानिक प्रबन्ध गरी उच्च महत्त्व दिइएको छ । नेपालको संविधानको धारा १६ को (१) मा प्रत्येकलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ भनिएको छ । त्यसै गरी सोही धाराको उपधारा (२) मा कसैलाई पनि मृत्युदण्डको सजाय दिने गरी कानून बनाइने छैन भनि प्रष्ट उल्लेख गरिएको छ । मानवअधिकारको विश्वव्यापी घोषणाको धारा १७ अनुसार प्रत्येक व्यक्तिको सम्पत्तिको सुरक्षा सहित कानून अनुसार अधिकारको निर्वाध उपयोग गर्न पाउने कुरा उल्लेख गरिएको छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा ७ मा सुरक्षित तथा स्वास्थ्यपूर्वक प्रत्येकले काम गर्न पाउने वातावरण हुनुपर्ने भन्ने कुरा गरिएको पाइन्छ । त्यसै गरी मानवअधिकारको विश्वव्यापी घोषणाको धारा ८ ले मानवअधिकार तथा नागरिक अधिकार हनन् भएको अवस्थामा प्रभावकारी न्यायिक उपचार पाउने हक हुनेछ भनिएको छ । मानवअधिकार हनन् भएको वा भइरहेको अवस्थामा कानून बमोजिम आवश्यक छानबीन गरी कानून अनुसारको न्यायिक निकायमा सजायको लागि प्रहरी प्रशासन मार्फत पेश गर्नु राज्यको दायित्त्व हो । नेपालको संविधानको धारा १६ ले स्वतन्त्रताको

हकको ग्यारेन्टी गरेको छ । धारा १८ समानताको हक र धारा २० न्याय सम्बन्धी हकलाई मौलिक हकमा राखेको छ । धारा २५ मा सम्पत्तिको हकलाई नागरिकको आधारभूत मौलिक हक मानेको अवस्था छ । यसमा कसैबाट हनन् भएको खण्डमा संविधानको धारा १३३ बमोजिम सर्वोच्च अदालतमा रिटको माध्यमबाट न्यायको माग गर्ने हक सबै नागरिकलाई दिइएको छ । यस्ता प्रबन्ध संविधानमा गरिनुमा मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणा तथा अन्तर्राष्ट्रिय महासन्धिहरूको सकारात्मक प्रभावको रूपमा हेर्नुपर्ने हुन्छ ।

बालअधिकार सम्बन्धी सन्धिको धारा १९, सन्धि अनुमोदन गर्ने मुलुकले आफ्ना संसद्, प्रशासन, समाजिक तथा शैक्षिक निकायबाट बालबालिकाको शारीरिक, मानसिक कुरामा अधिकार हनन् हुन नदिनका लागि आवश्यक कानून निर्माण गर्ने तथा बालबालिकाहरू माथिका कुनै पनि खालको हिंसा, पीडा तथा दमन गर्न नपाइने भनि उल्लेख गरिएका छन् । धारा ३२ ले बालबालिका माथिका आर्थिक शोषण गर्न नपाइने, स्वास्थ्यमा प्रतिकूल असर पर्ने खालका काममा लगाउन नपाइने भनिएका छन् । कानून अनुसारको उमेर भन्दा तल काममा लगाउन नहुने सन्धिमा उल्लेख गरिएको पाइन्छ । बालअधिकार सन्धिको धारा ३३ ले बालबालिकालाई अन्तर्राष्ट्रिय सन्धि र कानून विपरीत लागूऔषधको कारोबार गराउने र प्रयोग गर्न लगाउने गरी प्रोत्साहन गर्न नपाइने, धारा ३४ बालबालिकालाई यौनजन्य व्यवसायमा लगाउने र यौन हिंसा गर्न पूर्णतः निषेध गरेको छ । धारा ३५ र धारा ३६ ले बालबालिकालाई कुनै पनि खालको गैरकानूनी कार्यमा लगाउन नहुने भन्दै उनीहरूको सामाजिक कल्याण र विकासमा अनुमोदन गर्ने मुलुकले कार्य गर्नुपर्ने कुरा लेखिएको छ ।[10] सो अन्तर्राष्ट्रिय सन्धिका प्रावधानहरूमा भएका व्यवस्थाहरूको सम्मान गर्दै नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हक भनि अलग्गै धाराको प्रबन्ध गरिएको छ । बालबालिकाको हक अधिकार र हितको सुरक्षा गर्न बालबालिका सम्बन्धी ऐन, २०७५ पनि बनाई लागू गरिएको छ । जसमा बालबालिकाको मानवअधिकार, कानूनी अधिकार र हितको सुरक्षा गर्नुपर्ने कुराहरू उल्लेख छन् ।

लोकतान्त्रिक राजनीतिक प्रणाली भएका मुलुक र संविधानमा प्रजातान्त्रिक स्वतन्त्रता, विचारको स्वतन्त्रता, धार्मिक स्वतन्त्रता र विश्वास, विचार र अभिव्यक्ति स्वतन्त्रता, संगठित हुन पाउने स्वतन्त्रता

10. Child Rights Convention, 1989

तथा सरकारका निकायमा सहभागी बन्न पाउने स्वतन्त्रता जस्ता स्वतन्त्रता र अधिकार प्रत्येक व्यक्ति र नागरिकलाई रहेको हुन्छ । कानूनको अधिनमा रही विदेशीले समेत त्यस्ता अधिकारको उपयोग गर्न पाउँछन् । त्यस्ता स्वतन्त्रतालाई मानिसका आधारभूत मानवअधिकार सम्बन्धी स्वतन्त्रता मानिन्छ । आधारभूत अधिकारहरूलाई मूल रूपमा भन्नु पर्दा प्रजातन्त्र, मानव अधिकार तथा विधिको शासन पनि भन्ने गरिएको छ । राष्ट्रका निकायले यस्ता व्यक्तिका आधारभूत अधिकारहरूको सम्मान गर्नुपर्ने हुन्छ । मानवअधिकारको विश्वव्यापी घोषणा लगायत जति पनि अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी महासन्धि, सन्धि र घोषणा आदिमा यस्ता विषयले सर्वाधिक महत्त्व पाउँदै आएका छन् । सन् १९६६ मा जारी भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध (ICCPR) मा मानिसका आधारभूत स्वतन्त्रता, सम्मान र आधारभूत नागरिक र राजनीतिक अधिकारको रक्षा गर्नुपर्ने कुरामा बढी जोड दिइएको छ । नेपालले सो अन्तर्राष्ट्रिय महासन्धिलाई सन् १९९१ मेई १४ मा अनुमोदन गरेकोले नेपालको संविधान, २०७२ को धारा १६, १७, १८ देखि धारा ४६ सम्म विभिन्न अधिकारहरूलाई संवैधानिक प्रबन्ध गरिएको छ ।[११]

संयुक्त राष्ट्र संघको उद्देश्यहरूमध्ये जाति, लिङ्ग, भाषा, धर्म आदिका आधारमा कुनै भेदभाव नराखी सबैका निमित्त मौलिक हक र मानवअधिकारहरूप्रति सम्मानको भाव प्रोत्साहित र विकास गर्न पनि संघले अन्तर्राष्ट्रिय प्रत्याभूति गरेको छ । राष्ट्र संघीय संरचना अन्तरर्गतका विभिन्न अंगहरूमध्ये सचिवालयको मानवअधिकार हेर्ने शाखाले मानवधिकारका दस्तावेजहरू, उल्लङ्घनका उजुरीहरू तथा स्थितिको अभिलेख राख्ने, तथ्याङ्क र समीक्षा प्रकाशन गर्ने र मानवअधिकारको सम्मान र संरक्षण गर्ने र मानव अधिकारको सम्मान र स्वतन्त्रताको अभिवृद्धि जस्ता कार्य गर्दै आएको छ ।

विश्वमा मानवअधिकारको संरक्षण, संवर्द्धन र सुरक्षाको लागि मानवअधिकार सम्बन्धी विभिन्न सन्धिहरू गरिएका छन् । ती मध्ये विभिन्न नौ वटा महासन्धिहरूलाई मानवअधिकारको क्षेत्रमा बढी प्रभावशाली र महत्त्वपूर्ण मानिएको छ । सो महासन्धि र अभिसन्धि तथा प्रतिज्ञा पत्रहरूका बारेमा तल टेबुलमा प्रस्तुत गरिएका छन् ।[१२]

11. Nepalese Constitution, 2015 (2072BS), page 15

उल्लिखित प्रमुख नौ वटा अन्तर्राष्ट्रिय महासन्धिको विषय र सन्दर्भ

| क्र.सं. | महासन्धिको नाम | पारित मिति | नेपालद्वारा अनुमोदन/सम्मेलन |
|---|---|---|---|
| १. | नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र | १६ डिसेम्बर १९६६ | १४ मई १९९१ (वि.सं. २०४८ वैशाख ३१) |
| २. | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र | १६ डिसेम्बर १९६६ | १४ मई १९९१ (वि.सं. २०४८ वैशाख ३१ |
| ३. | सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि | २१ डिसेम्बर १९६५ | ३० जनवरी १९७१ (वि.सं. २०२७ माघ २७) |
| ४. | महिलाविरूद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि | १८ डिसेम्बर १९७९ | २२ अप्रिल १९९१ (वि.सं. २०४८ वैशाख ९) |
| ५. | बालबालिकासम्बन्धी महासन्धि | २० नोभेम्बर १९८९ | २२ अप्रिल १९९१ (वि.सं. २०४८ वैशाख ९) |
| ६. | यातना तथा अन्य क्रूर अपमानजनक व्यवहार सम्बन्धी महासन्धि | १० डिसेम्बर १९४८ | १४ मई १९९१ वि.सं. २०४८ वैशाख ३१) |
| ७. | अपाङ्ता भएका व्यक्तिहरूका अधिकार सम्बन्धी महासन्धि | १३ डिसेम्बर २००६ | २७ डिसेम्बर २००९ /२०६६ पुस १२) |

12. Big Nine international Convention on Human Rights, Informal Area Service Center (INSEC), Kathmandu,
page 2.

| क्र.सं. | महासन्धिको नाम | पारित मिति | नेपालद्वारा अनुमोदन/सम्मिलन |
|---|---|---|---|
| ८. | जबरजस्ती बेपत्ता पारिनबाट सबै व्यक्तिहरूका संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि | २० डिसेम्बर २००६ | नेपालले हालसम्म अनुमोदन गरेको छैन |
| ९. | सबै आप्रवासी कामदारहरू र तिनीहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि | १८ डिसेम्बर १९९० | नेपालले हालसम्म अनुमोदन गरेको छैन |

अनुसार आ-आफ्नो ठाउँमा अर्थ र महत्त्व रहेको छ । त्यसमा पनि विश्वव्यापी अर्थ, प्रभाव भएका मानव अधिकार सम्बन्धी ठूला महासन्धिहरूमा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र रहेका छन् । नेपालले ती दुवै महासन्धिहरूलाई अनुमोदन गरी सकेकोले नेपालको संविधानमा मानव अधिकारको संरक्षण गरिएको छ ।

नेपालको सन्दर्भमा सबै प्रकारका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि र बालअधिकार सम्बन्धी महासन्धिको व्यापक अर्थ, महत्त्व र प्रभाव देखिन्छ ।[१३]

**निष्कर्ष**

संविधान मुलुकको सर्वोच्च कानून भएकोले त्यसले मुलुकका नागरिक, जनता, मानिस र व्यक्तिको आधारभूत हक र अधिकारको सुरक्षा र संरक्षण गर्नुपर्दछ भन्ने मान्यता रही आएको छ । लोकतान्त्रिक संविधान बनाउनुको अर्थ र महत्त्व पनि त्यही हो । मानवअधिकारको सुरक्षा गर्न नसक्ने संविधानलाई प्रजातान्त्रिक संविधान भन्नै सकिन्न । नेपालमा लामो राजनीतिक संघर्षबाट प्राप्त संविधान सभाद्वारा निर्मित गणतान्त्रिक संविधानले मानवअधिकारका विश्वव्यापी महासन्धिमा प्रबन्ध गरिएका विभिन्न मानवीय सुरक्षाका

13. Nepalese Constitution, 2015 (2072BS), page 6-18

विषयहरूलाई आफ्नो संविधानको प्रस्तावनादेखि नै महत्त्व दिएको छ । संविधानको धारा १६ देखि धारा ४६ सम्म मौलिक हकहरूको प्रबन्ध गरिएका छन् । सबैजसो मौलिक हकहरूको मूल स्रोत भनेको मानवअधिकार सम्बन्धी विश्वव्यापी महासन्धिहरू नै हुन् । त्यसमा पनि सन् १९४८ मा जारी गरिएको मानवअधिकारको विश्वव्यापी घोषणको धारा १ देखि धारा ३० सम्म उल्लेख गरिएका व्यवस्थाहरूलाई नेपालको संविधानले सम्मान गरेको देखिन्छ । अन्तर्राष्ट्रिय घोषणा आफैमा कानून होइन र त्यसको कानूनी बाध्यता हुन्न । तापनि नेपाल लगायतका विश्वका प्रजातान्त्रिक र गणतान्त्रिक संविधान तथा राजनीतिक प्रणालीहरूले संयुक्त राष्ट्र संघले जारी गरेको सो घोषणालाई कानून सरह नै लागू र पालना गर्दै आएका छन् । संयुक्त राष्ट्र संघकै पहलमा विश्वमा विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरू भएका छन् । जसमा सन् १९६६ को नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अनुबन्धहरूलाई मानवअधिकारको क्षेत्रमा बढी महत्त्वका साथ हेर्ने र लागू गर्ने गरिन्छ । नेपालको संविधानमा पनि उल्लिखित विश्वव्यापी महासन्धिमा भएका कुराहरूलाई बढी स्थान र महत्त्व दिइएको छ । संविधान अनुसार नै कानून बन्ने र संविधान विपरीत हुने गरी कानून बनाउन नहुने भएकोले नेपालको संवैधानिक र कानूनी प्रबन्धको हिसाबमा विश्लेषण गर्दा विश्वव्यापी महासन्धिमा भएका व्यवस्थाहरूले नेपालको संवैधानिक प्रबन्धमा सकारात्मक प्रभाव पारेको देखिन्छ । ♦♦

## गीत



✍ **दिपकराज विश्वकर्मा**

मन परेको मान्छे हौ तिमी
माया गरेको मान्छे हौ तिमी
तिमी बोले पनि ठिकै छ
तिमी नबोले पनि ठिकै छ
टाढै हुनु तर हाँसिदिनु
नजिक हुनु पर्दैन
तिम्रो यादैले पनि मलाई बाँच्न सिकाउछ !!
तिम्रो यादैले पनि मलाई हाँस्न सिकाउछ !!

पानीका थोपाहरूमा छन् तिम्रा याद
हिंडेका बाटोहरूमा छन् तिम्रा सम्झना
डुब्न लाग्दा घाम झर्न लाग्दा बादल
सबै सबै तिम्रै याद बचाउन सधैं तयार छन्
तिमी बोले पनि ठिकै छ
तिमी नबोले पनि ठिकै छ......

# नदी र बाह्र वर्षे मेला



✍ **यशु श्रेष्ठ**

धेरै पहिले काठमाडौँ उपत्यकामा पानी नै पानी थियो । मञ्जुश्रीले यहाँको पानी हालको चोभार डाँडा काटी बाहिर पठाएपछि यो भूमि बसोबास गर्न योग्य भयो । यहाँ चाँडै नै मानिसहरूको बस्ती बढ्न गई यो छिटै सहरको रूपमा परिणत भयो । त्यतिबेला पाटनका किसानलाई स्नानका लागि केही पानी चाहियो । पनौतीका कृषकहरूलाई त पानी नभई भएन । त्यसैले त्यति बेलाका शासक दीर्घरथलाई पानी बिना तड्पिरहेका किसानको दुःखले साह्रै दुखित तुल्यायो । उनी पानीको खोजीमा पश्चिमतिरको फूलोच्च डाँडातिर उक्लिए । यही डाँडामा नदी प्रकृतिकी देवी फुल्चौकीको बास थियो । उनी त्यतै लागे ।

पाटनका नरेशलाई पनि पानी चाहिएको थियो । उनी पनि फुल्चौकी माईसँग नदी याचनाका लागि आइपुगेका थिए । दुवै राजाले फुल्चौकी माई सामु एकै पटक निवेदन गरे । "देवी, मेरो राज्यमा नदी प्रवाहित गरिदिनुहोस् ।" देवीले "तथास्तु" त भनिन् तर एकछिन अकमकिएर सोधिन्, "म एकै चोटी दुईवटा नदी दिन सक्दिनँ । त्यसैले जसले मलाई एक हप्ताभित्र सुन र चाँदीको फूल ल्याई प्रसन्न तुल्याउँछ । त्यसलाई नै म नदी दान दिन्छु । दुवै राजा "हवस्" भनी आ-आफ्नो राज्यतिर लागे । पाटन राज्य त्यतिबेला नै कला-कौशलमा आगाडि बढिसकेको राज्य थियो । त्यसैले त्यहाँका राजाले कुशल कालिगडलाई बोलाई उत्तम खालको सुन र चाँदीको फूल बनाउन आग्रह गरे ।

यता पनौती राज्य अर्थात पाञ्चालका नरेश दीर्घरथ भने निराश हुँदै दरबार फर्के । किनभने कृषि पेसामा मात्र संलग्न रहेका पाञ्चालबासीहरूले सुन र चाँदीको फूल तयार पार्न सम्भव थिएन । प्रजाको सल्लाहअनुसार शासन गर्ने राजा दीर्घरथले प्रजाबाटै समस्याको समाधान हुन्छ कि भन्ने आशा राखी भोलिपल्ट राजसभा बोलाए र फूलचौकी माईको प्रस्ताव सार्वजनिक गरे ।

'फुल्चौकीमाईले कसलाई बढी

पानीको आवश्यकता छ भनेर जाँच्न खोजेकी हुन् । सक्कली सुन र चाँदीको फूल माईलाई के काम ? खेतीका लागि पानी अत्यावश्यक छ । यो कुरा देवीले बुझ्छन् । यसैले देवीलाई प्राकृतिक फूल नै चढाऔँ ।' प्रजाहरूले प्रकृतिकी देवी फूलचौकीलाई धातुका फूलभन्दा प्रकृतिकै फूल चढाउनु उपयुक्त हुने सल्लाह दिए । रानीको पनि सल्लाह यस्तै आयो । रानी एवं पाञ्चालबासी प्रजाको सल्लाहअनुसार भोलिपल्ट नै राजाले फुल्चौकी देवीलाई सुन जस्तै पहेँलो तोरीको फूल र चाँदी जस्तै सेतो मुलाको फूल चढाए । नभन्दै फूलचौकी माई प्रसन्न भइन् र नदीको प्रवाह पाञ्चाल देशतिरै प्रवाहित गरिदिइन् र भनिन् "दीर्घरथ, मेरो वरदानबाट प्राप्त यो नदी आफैं पवित्र छ । यस नदीको जब अर्को नदीसँग सङ्गम हुनेछ, त्यो दोभान अझै पवित्र हुनेछ । यसमा स्नान गरेमा मानिस वा देवता जोसुकैले पनि पाप मुक्त हुने अवसर प्राप्त गर्ने छन् । प्रत्येक बाह्र वर्षमा यस सङ्गममा ठुलो मेला लाग्ने छ ।"

धेरै समयपछि सक्कली सुन र चाँदीका फूल लिएर पाटनका राजा उपस्थित माईनेर उपस्थित भए । पाटनका राजाले फूलचौकी माई झुक्किएको कुरा उनलाई सम्झाए । पनौतीतिर बग्दै गएको नदीलाई रिस वा रोषपूर्ण नजरले हेरे । सायद त्यसैले होला उक्त नदीको नाम रोशी रहन गयो । यो नदीको प्रवाह पनि रोषपूर्ण रहेको छ । पाटनका राजाले पनि हिम्मत हारेनन् । उनले फूल्चौकी माईको आराधना गरी नै रहे । दीर्घरथले रोशी नदी प्राप्त गरेको छ वर्ष पछि मात्र फूलचौकी माई प्रसन्न भइन् र भनिन्, "राजन्, म तपाईंको आराधना गजबको छ । तपाईंलाई पाञ्चल देशमा जस्तो पानीको आवश्यकता रहेन छ । त्यसैले म छोटो प्रवाह भएको नदीमात्र तपाईंलाई दिन सक्छु । यसको नाम गोदावरी हुनेछ र हरेक बाह्र वर्षमा यहाँ पनि ठुलो मेला लाग्ने छ । स्नानका लागि भक्तजनहरूको भिड हुनेछ ।" त्यतिबेलादेखि नै छ/छ वर्षको अन्तरमा यी दुई नदीको सङ्गममा बाह्र वर्षे मेला लाग्दै आएको छ । ◆◆

कविता

## मन

✍ **मनिष प्रयत्न**



कहिलै स्थिर छैन
कहिलै छैन बसमा
आखिर के रहेछ त्यो
अनेक पीडा छन् जसमा

न उत्तर छन् प्रश्नहरूको
न शब्दहरू छन् जोड्नलाई
समाधान म कहाँ खोजु
मनको भय तोड्नलाई

# यौनिक तथा लैङ्गिक अल्पसंख्यक विरुद्ध हुने अपराधको अनुसन्धान



✍ प्र.उ. मोहन कुमार थापा

**विषय प्रवेशः**

कुनै पनि व्यक्तिले आफ्नो पहिचानसहितको आत्मसम्मानपूर्वक बाँच्न पाउनु निजको आधारभूत मानव अधिकारको विषय हो । यस्तो अवस्थामा फरक लैङ्गिक पहिचान र यौन अभिमुखीकरण भएका व्यक्तिहरूले पनि आफ्नो स्वतन्त्र पहिचानसहित आत्मसम्मानपूर्वक बाँच्न पाउनु निजको मानव अधिकार तथा संवैधानिक हक हो । कुनै पनि व्यक्तिले आफ्नो स्वअनुभूति अनुसारको लैङ्गिक पहिचान हासिल गर्नु निजको नितान्त वैयक्तिक आत्मनिर्णयको अधिकार अन्तर्गतको विषय हो । यसमा अरू व्यक्ति समाज राज्य वा कानूनले जैविक लिङ्ग के हो भनी निर्धारण गर्नु सान्दर्भिक हुँदैन । मानिसको स्वतन्त्रता प्रतिष्ठा र आत्मसम्मानमा चोट पुऱ्याउने खालका कुनै पनि व्यवस्थाहरू मानव अधिकारको दृष्टिकोणबाट समेत मान्य हुन सक्दैनन् ।

मानव अधिकारको दृष्टिमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूले अन्य व्यक्ति सरह समान अधिकारको उपभोग गर्न हक राख्दछन् । यद्यपि हाम्रो समाजमा लैङ्गिकता भित्र अझै पनि महिला र पुरूषलाई मात्र मानिने मान्यता राखिने हुँदा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूलाई अझै विभिन्न लान्छना र अपशब्द प्रयोग गरिने, फरक खालको यौन अभिमुखीकरण र लैङ्गिक पहिचान भएका कारणले यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरू माथि विभिन्न प्रकारका अमानवीय व्यवहार, हत्या, हिंसा, बलात्कार, कुटपिट, दुर्व्यवहार, यातनाजस्ता अपराध हुँदै आएको देखिन्छ । यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूलाई यौनकर्मी हो भनी सम्झिने मानसिकताबाट माथि उठ्न नसक्नु, दुर्व्यवहारको शिकार हुनु, अन्य व्यक्ति सरह मैत्रीपूर्ण व्यवहारबाट वञ्चित हुनु, सामाजिक लाञ्छना तथा भेदभाव यथावत रहनु र समाजमा अझै पनि यौनिक तथा लैङ्गिक अल्पसंख्यक

भन्ने शब्द र यसको विविधता सम्बन्धी सचेतना नहुनु, यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूलाई अझै पनि परिवारले अस्वीकार गर्नु, रोजगारीमा विभेद गर्ने गरिएको देखिन्छ ।

नेपालमा यौनिक तथा लैङ्गिक समुदाय एक अल्पसंख्यक समुदायको रूपमा रहेको छ । फरक लैङ्गिक पहिचान र यौनअभिमुखीकरणको कारणले यस समुदायका व्यक्तिहरू विभेदमा परिरहेका छन् । जैविक लिङ्गको आधारमा समाजले तोकी दिएको सामाजिक भूमिका भन्दा फरक भूमिकामा प्रस्तुत हुने व्यक्तिहरू तेस्रो लिङ्गी हुन् । तेस्रो लिङ्गी भन्ने शब्दले यी समुदायभित्रको विविधता समेट्न नसकेको हुँदा अहिले यस प्रकारको लैङ्गिकताको अवस्थालाई मान्यता दिँदै यौनिक तथा लैङ्गिक अल्पसंख्यक भनेर सम्बोधन गर्ने गरिएको छ । यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका अधिकांश व्यक्तिहरू नागरिक तथा राजनीतिक, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारबाट वञ्चित हुनु परेको यर्थाथता हाम्रा सामु छन् । नेपालको संविधानले सबै नागरिकलाई समान व्यवहार गर्नुपर्ने व्यवस्था गरेको सन्दर्भमा भेदभाव भोग्नु परेको र अन्य सरह समानताको अनुभव गर्न नपाएको गुनासो लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका मानिसहरूले गरिरहँदा निजहरूको हक अधिकारको संरक्षण गर्ने दायित्व प्रहरीको पनि भएकोले यौनिक तथा लैंगिक अल्पसंख्यक समुदाय विरूद्द हुने अपराधको अनुसन्धान गर्दा यसतर्फ प्रहरीले विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

**यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको विविधता** :

सामान्यतया समाजमा तीन प्रकारका सामाजिक लिङ्ग महिला, पुरूष र तेस्रो (अन्य) लिङ्गी रहेका छन् । महिला र पुरूषको भूमिकालाई समाजले परापूर्वकालदेखि मान्यता दिएको छ भने तेस्रो लिङ्गीको लैङ्गिक भूमिकालाई मान्यता दिने क्रममा रहेको छ । जैविक लिङ्गको आधारमा समाजले तोकिदिएको सामाजिक भूमिका भन्दा फरक भूमिकामा प्रस्तुत हुने व्यक्तिहरू तेस्रो लिङ्गी (अन्य) हुन् । तर, तेस्रो लिङ्गी भन्ने शब्दले यी समुदायभित्रका विविधता समेट्न नसकेको हुँदा अहिले यस प्रकारको लैङ्गिकताको अवस्थालाई व्यापकता दिँदै यौनिक तथा लैङ्गिक अल्पसंख्यक भनेर सम्बोधन गर्ने गरिएको छ । यौनिक तथा लैङ्गिक अल्पसंख्यकभित्र कोही महिला-महिला सम्बन्ध राख्ने, कोही पुरूष-पुरूष सम्बन्ध राख्ने, कोही महिला र पुरूष दुवैतर्फ सम्बन्ध राख्ने हुन्छन् भने कोही आफ्नो शरीरमा भएको यौनाङ्गको प्रकृति भन्दा ठिक विपरीत अभिरूचि हुने व्यक्ति

हुन्छन् । कसैको शरीरमा महिला र पुरूष दुवैको यौनाङ्ग हुन्छ भने कसैको यौनाङ्ग हुँदैन वा विकसित हुँदैन । यिनलाई विविध नामले सम्बोधन गरिन्छ । यस विविधतामा विषेश गरी समलिङ्गी महिला (Lesbian), समलिङ्गी पुरूष (Gay), द्विलिङ्गी (Bisexual), लिङ्ग परिवर्तित व्यक्ति (Transgender), र अन्तरलिङ्गी (Intersex) व्यक्तिहरू पर्दछन् । जसलाई सजिलोको निम्ति LGBTI भन्ने गरिन्छ । हाल यी पाँच प्रकृति भन्दा पृथक समूह पनि हुने स्वीकार गरिसकिएको छ । जसले माथि भएका समूहका वर्गीकरण भित्र आफूलाई राख्न चाहँदैनन् वा पर्दैनन् । यस समूहलाई अनौठो (Queer) भन्ने गरिन्छ । तसर्थ, हिजोआज 'LGBTIQ भन्ने शब्द प्रयोग गरिन्छ । यी छ बाहेक यौनिक विकर्षण लगायतका अन्य प्रवृत्ति पनि देखिने भएबाट यसलाई पनि समेट्न LGBTIQA भन्ने गरिन्छ । यस समुदायभित्रको समग्र पहिचानको व्यापकतालाई समेट्ने गरी Sexual Orientation and gender identities अर्थात यौनिक अभिमुखीकरण तथा लैङ्गिक पहिचान भन्ने शब्द पनि प्रचलनमा आउने गरेको छ । संक्षिप्तमा यी सबै वर्ग र समूहलाई समेट्न यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय भन्ने गरिन्छ ।

**यौनिक तथा लैंगिक अल्पसंख्यकसँग सम्बन्धित संवैधानिक तथा कानूनी व्यवस्था :**

नेपालको संविधानको प्रस्तावनामा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक, विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक, सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको, अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ । धारा १२ वंशीय आधार तथा लैङ्गिक पहिचान सहितको नागरिकता, यो संविधानबमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचान सहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्नेछ । साथै मौलिक हक अन्तर्गतका केही व्यवस्था यस समुदायका अधिकारसँग प्रत्यक्ष सम्बन्धित छन्, जो निम्न छन्ः-

धारा १६ (१) मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ भन्ने उल्लेख गरेको छ भने

धारा १७ (१) मा कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन भन्ने उल्लेख गरेको छ । त्यसैगरी धारा १८ मा सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन । सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिनेछैन । राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भन्ने उल्लेख छ । धारा ४२ मा सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, सीमान्तकृत, मुस्लिम, पिछडा समुदाय, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ भन्ने व्यवस्था छ । राज्यका निर्देशक सिद्धान्तअन्तर्गतका विभिन्न व्यवस्थाले पनि यौनिक तथा लैङ्गिक अल्पसंख्यकका विषयमा केही सकारात्मक व्यवस्था गरेको छ । त्यसै गरी मुलुकी फौजदारी अपराध संहिता, २०७४ को दफा १६० र १८८ (७) लिङ्गको आधारमा भेदभाव नगर्ने र लिङ्गको आधारमा लिङ्ग पहिचान गरी गर्भपतन गराउन नपाउने व्यवस्था गरेको छ भने मुलुकी देवानी संहिता, २०७४ को दफा १७ ले प्रत्येक नागरिक कानूनको दृष्टिमा समान हुने र कुनै पनि नागरिकलाई कानूनको संरक्षणबाट वञ्चित नगरिने भन्ने उल्लेख छ ।

**यौनिक तथा लैंगिक अल्पसंख्यक विरूद्ध हुने हिंसा :**[1]

यौनिक झुकावका आधारमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्ति प्रति गरिने कुनै पनि किसिमको पूर्वाग्रही व्यवहार नै उनीहरू विरूद्ध हुने हिंसा हो । यसमा सामाजिक वहिष्करण, विभेद, उनीहरूप्रति अपमानजनक व्यवहारसँगै देहायका हिंसा पर्दछन्:

- परिवारको इज्जतमा दाग लगाएको आरोपमा परिवार र समुदायका सदस्यहरूबाट हत्या वा तथाकथित प्रतिष्ठाको लागि गरिने हत्या,

१. नेपाल प्रहरी कर्मचारीहरूका लागि लैङ्गिक संवेदनशील अनुसन्धान तथा सञ्चारका सिप तालिम निर्देशिका, २०७८ (नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल)

- समलिङ्गी पुरूष व्यक्तिको अपहरण, कुटपिट र अपमानित गर्ने कार्यका साथै उनीहरूमाथि भएको दुर्व्यवहारको भिडियो क्लिप सामाजिक सञ्जालमा प्रसारण गर्ने कार्य
- समलिङ्गी महिला, उनको यौनिकताको कारण आक्रमण र बलात्कार,
- सुधार गर्ने नाममा गरिने बलात्कार जसअन्तर्गत महिलालाई उपचार र निको पार्ने नाममा उनलाई बारम्बार बलात्कार गर्ने कार्य
- जबरजस्ती विवाह गरिदिने
- सुधार गर्ने नाममा मानसिक उपचार केन्द्र वा धार्मिक स्थलमा जबरजस्ती भर्ना
- विद्यार्थी वा शिक्षकद्वारा विद्यालयमा मौखिक रूपमा गाली गलौज र दुर्व्यवहार गर्ने तथा हेप्ने र डर देखाउने कार्य
- बाटोमा हिंड्दा हैरानी गर्ने र अनावश्यक दुःख दिने
- राज्यका निकायहरूद्वारा हुन सक्ने हिंसा तथा दुर्व्यवहार

**यौनिक तथा लैङ्गिक अल्पसंख्यकसँग सम्बन्धित अधिकारहरूः**

- पहिचानको अधिकार
- लैंगिक भेदभाव विरूद्धको अधिकार
- गोपनियताको अधिकार
- विवाह गर्ने अधिकार
- स्वास्थ्य, प्रजनन स्वास्थ्य र परिवार नियोजन सम्बन्धी अधिकार
- सन्तान जन्माउने अधिकार
- जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकार
- लैङ्गिक हिंसा वा शोषण विरूद्द उन्मुक्तिको अधिकार
- क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा यातना विरूद्धको अधिकार

**न्यायिक दृष्टिकोण** :

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ले लिङ्गका आधारमा कुनै पनि व्यक्तिलाई भेदभाव नगरी हरेक व्यक्तिलाई घोषणापत्रमा उल्लेखित सबै अधिकार र स्वतन्त्रता प्राप्त हुनेछ भनी उल्लेख गरेको छ । मानव अधिकार सबै मानवका लागि समान र विभेदरहित ढंगले उपभोग गर्न पाउनु पर्दछ भन्ने सर्वमान्य सिद्धान्त पनि हो । नेपालमा यौनिक तथा लैंगिक समुदायका व्यक्तिहरूका हक अधिकारको सम्बन्धमा सर्वोच्च अदालतले अत्यन्तै उदार भई महत्वपूर्ण निर्णयहरू गरेको छ । त्यस्ता केही निर्णयहरू देहाय बमोजिम रहेका छन् ।

**निवेदक सुनिलबाबु पन्त विरूद्ध नेपाल सरकारः**[२]

२. नेकाप २०७४, अंक ९

- कुनै पनि व्यक्तिले आफ्नो यौन पहिचान र यौन अभिमुखीकरण सहितको आत्मसम्मानपूर्वक बाँच्न पाउनु निजको मानव अधिकार तथा संवैधानिक हक हुने ।
- आफ्नो स्वअनुभूतिको लैङ्गिक पहिचान हासिल गर्नु निजको वैयक्तिक आत्मनिर्णयको अधिकार हो ।
- पहिले लिएको नागरिकता संशोधन गरी आफ्नो वास्तविक लैङ्गिक पहिचान सहितको नागरिकता संशोधन गरी लैङ्गिक अल्पसंख्यकको अस्तित्व स्वीकार गर्नुपर्ने ।

**सुमन पन्त विरूद्ध गृह मन्त्रालय समेत[३]**

- लैङ्गिक तथा यौनिक अल्पसंख्यक उपर गरिने सबै खाले विभेदहरू, चाहे कुनै कार्य (action) हुन् वा कार्य नगरिएको स्थिति (Omission) हुन्, गैरकानूनी देखिने । लिङ्ग, शारीरिक स्थिति, वैवाहिक स्थिति समेतको आधारमा भेदभाव गर्न नपाइने ।
- संविधानले लैङ्गिक तथा यौनिक अल्पसंख्यकको अलग पहिचान स्वीकार गरी लिङ्गको आधारमा विभेद गर्न नपाइने कुराको प्रत्याभूति गरेको छ । आफ्नो व्यक्तिगत जीवन कसरी सञ्चालन गर्ने, आफ्नो लैङ्गिक पहिचान के हुने भन्ने कुरा आत्मनिर्णयको अधिकार हुने ।

**रजनी शाही विरूद्ध राष्ट्रिय महिला आयोगः[४]**

- संविधानले उपलब्ध गराएका हकहरू महिला, पुरूष, तेस्रो लिङ्गी वा समलिङ्गी जोसुकैले संविधान र प्रचलित कानूनबमोजिम समान रूपमा उपभोग गर्न सक्ने ।
- कुनै महिला वा पुरूषले अर्को समलिङ्गी महिला वा पुरूषसँग बस्न वा जीवन बिताउन चाहन्छ भने अदालतले त्यसमा कानूनतः रोक लगाउन सक्ने अवस्था नहुने ।

**डिलु बुदुजा विरूद्ध नेपाल सरकारः[५]**

- भेदभावरहित प्रयास गर्दै आम नागरिकसरह पहिचान दिने प्रयास भएको अवस्थामा निवेदकको मागअनुसार राहदानीमा तेस्रो लिङ्गीको पहिचान दिन नसक्ने भन्ने सवाल नै नउठ्ने ।
- मेशिन रिडेवल राहदानी (MRP) कुनै एउटा देशसँग मात्र सरोकार रहने प्रकृतिको लिखत नभई अन्तर्राष्ट्रियस्तरको लिखत हो ।

३. ने.का.प २०७४, अंक १२
४. ने.का.प. २०७०, अंक १, नि.नं. ८९४५
५. ने.का.प. २०७०, अंक ८ निणर्य नं. ९०४८

यस्तो प्रकृतिको लिखतमा परिवर्तन गर्दा सो सम्बन्धमा अन्य स्थानमा पर्ने असर समेतलाई दृष्टिगत गरी परिवर्तन गर्नुपर्ने ।

**प्रेमकुमारी नेपाली विरूद्ध राष्ट्रिय महिला आयोग समेत :**[६]

- यौनाङ्गको हिसाबले शारीरिक रूपको पहिचान एउटा भए पनि यौनिक अभिमुखीकरणको हिसाबले शारीरिक पहिचानभन्दा फरक प्रवृत्ति रहेको छ भने त्यस्तो अभिमुखीकरण वा प्रवृति स्वयं निषेध गर्न नमिल्ने ।
- संविधानले उपलब्ध गराएका हकहरू तेस्रो लिङ्गी वा समलिङ्गीको हकमा आकर्षित नहुने संवैधानिक बन्देज रहेको नदेखिँदा संविधानले उपलब्ध गराएका हकहरू महिला, पुरूष, तेस्रो लिङ्गी वा समलिङ्गी जोसुकैले संविधान र प्रचलित कानूनबमोजिम समान रूपमा उपभोग गर्न सक्ने ।
- समलिङ्गी भन्न रूचाउनेलाई संविधान तथा प्रचलित कानूनमा कुनै व्यवधान रहेको छ वा छैन भन्नेतर्फ वर्तमान संवैधानिक व्यवस्था हेर्दा, संविधानले समलिङ्गी, विपरीत लिङ्गी वा तेस्रो लिङ्गी भनी हक अधिकारको प्रयोगमा नागरिकहरूमा कुनै विभाजन नगरेको ।
- विवाह गरेको भन्ने आधारमा पत्नीको वैयक्तिक अधिकार र स्वतन्त्रतालाई सीमित गर्ने अधिकार पतिमा निहीत हुन्छ भनी कानूनतः भन्न नमिल्ने ।
- प्रचलित कानूनले बर्जित नगरेको र संविधानले उपलब्ध गराएको हकसँग सादृश्यता राख्ने अधिकारको उपभोगलाई सामाजिक मान्यताको कारणले वञ्चित गर्न नमिल्ने ।
- कुनै महिला वा पुरूषले अर्को समलिङ्गी महिला वा पुरूषसँग बस्न वा जीवन बिताउन चाहन्छ भने अदालतले त्यसमा कानूनतः रोक लगाउन सक्ने अवस्था नहुने ।
- समाजमा एकातिर सार्वजनिक रूपमा अभिलेखबद्ध भएर वा नभएर समलिङ्गी साझेदार सम्बन्धको अस्तित्व रहने, त्यसको वैधतालाई चुनौती नदिने अथवा ग्रहण वा सहन गर्ने, अर्कोतिर त्यस्तो सम्बन्धभित्र विद्यमान हुन सक्ने समस्याहरूका बारेमा बेवास्ता पनि गर्ने कुरा सँगसँगै हुन सक्ने होइनन् । यसमा राज्यले समलिङ्गी सम्बन्धमा हस्तक्षेप गरेको छैन भनेर मात्रै पुग्दैन, त्यस्तो सम्बन्धलाई कानून र नीतिसम्मत ढंगले घोषित रूपमा विस्तृत रूपमा सम्बोधन गर्न सक्नु पर्ने ।

६. ने.का.प. २०७०, अङ्क १ निणर्य नं. ८९४५

- विवाह गरी वा नगरी समान लिङ्ग भएकासँग वा विपरीत लिङ्ग भएकासँग पृथकपृथक रूपमा वा साझेदारको रूपमा जीवनयापन गर्ने भन्ने कुरा व्यक्तिहरूले नै निणर्य गर्ने कुरा हो । प्रचलित कानून र परम्परामा विवाह भन्नाले विपरीत लिङ्गी व्यक्तिहरू बीचको कानूनी सम्बन्धलाई निर्दिष्ट गरेको भए पनि समलिङ्गी सम्बन्धहरूको बारेमा कानूनी व्यवस्था या त अपर्याप्त छ वा मौन रहेको ।
- समलिङ्गीले आफ्नो बारेमा आत्मनिणर्यको अधिकार प्रयोग गर्न सक्ने नै देखिन्छ र गोपनीयतालगायतका तिनीहरूको आधारभूत मौलिक एवं मानव अधिकारको कारणले आन्तरिक सम्बन्धको प्रयोगको प्रकृतिको बारेमा दखल दिनुपर्ने कारण देखिँदैन । त्यसरी हेरिएमा कोसँग कसरी जीवन व्यतीत गर्ने भन्ने कुरा व्यक्तिगत निणर्यको विषय हुने देखिन्छ । विवाह कानूनी विषय भएकोले विवाहित सम्बन्ध कायम राख्न खोजेको भए तत्सम्बन्धी कानूनी शर्तहरू पूरा गर्नुपर्ने हुन्छ भने विवाह नगरेर पनि सँगै बस्नलाई कानूनको अभावले मात्रै रोक्न सक्ने नदेखिने ।

**यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय विरूद्धको अपराध अनुसन्धान गर्दा ध्यान दिनुपर्ने कुराहरूः**

यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय विरूद्धको अपराध अनुसन्धान गर्दा विशेष रूपमा ध्यान दिनुपर्दछ । अनुसन्धान गर्दा ध्यान दिनुपर्ने कुराहरू निम्न रहेका छन्:

- यौनिक तथा लैङ्गिक अल्पसंख्यक पीडित व्यक्तिहरूको अधिकारको संरक्षण गर्ने ।
- समान व्यवहार गर्ने, भेदभावजन्य व्यवहार नगर्ने ।
- यौनिकताको विषयमा अनावश्यक प्रश्न सोधेर हैरान पार्नु हुँदैन ।
- यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिको पहिचानको सम्मान गर्नुपर्ने ।
- सम्मानजनक व्यवहार गर्नुपर्ने ।
- सहयोगी व्यवहार प्रदर्शन गर्ने ।
- अनुसन्धानको क्रममा पीडितले दोश्रो पटक आलोचनात्मक भेदभावपूर्ण प्रक्रियाको सामना गर्नु परेको भन्ने महसुस गर्न सक्ने तर्फ ध्यान दिने ।
- पीडितले चाहेमा गोपनीयता कायम राखिदिने ।
- व्यक्तिगत जानकारी गोप्य राखिदिने ।
- पीडितलाई साथी वा परिवारको सदस्यको उपस्थिति आवश्यक छ, छैन ? बुझ्ने ।
- आफ्नै शरीरसँग सम्बन्धित अप्ठ्यारा सामना गरिरहेको अवस्थामा

यौनजन्य आक्रमण अझ संवेदनशील हुन्छ ।

- धेरै यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्ति आफ्नो शरीरका अङ्गको बारेमा चिन्तित हुने हुनाले यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूसँग विश्वासको वातावरण निर्माण गर्नु पर्दछ ।
- यौनजन्य अपराधको शारीरिक परीक्षण गर्नुपरेमा परीक्षण गर्नु अगावै त्यसको प्रक्रियाबारे पीडितलाई पर्याप्त जानकारी गराउनु पर्छ ।
- पीडितको निर्णयको सम्मान गर्नुपर्छ ।
- यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्ति पहिचान प्रतिको घृणा र लज्जाबोधको कारण आत्मसम्मानमा कमी हुने हुनाले विभिन्न सहायताको आवश्यकता हुन सक्छ ।
- यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिको घरेलु दुर्व्यवहार र यौनशोषण हुने सम्भावना बढी हुन्छ ।
- पीडितको साथमा आएको व्यक्ति नै पनि पीडक हुन सक्ने तर्फ सचेत हुनुपर्छ । यस्तो अवस्थामा पीडित र उनको साथीलाई अलग राखेर देहायका प्रश्न सोध्न उपयुक्त हुन्छः
- के तपाईं घरमा सुरक्षित रहेको अनुभव गर्नुहुन्छ ?
- के जीवनमा तपाईंलाई कसैले हिर्काउने, चोट पुऱ्याउने वा डर धम्की देखाउने गर्छन्?
- तपाईंसँगै आएको व्यक्तिको उपस्थितिमा तपाईंले प्रश्नको उत्तर खुला वा सहज रूपमा दिन असजिलो हुनु वा उत्तर दिन नसक्नुको कुनै कारण छ ?
- परिवारले आफ्नो एक सदस्यको नयाँ लैङ्गिक पहिचानलाई स्वीकार नगर्न सक्छ र यस्तोबेला तपाईंले पीडितको बारेमा परिवारसँग कुराकानी गर्दा उनको पहिलेको लैङ्गिक पहिचान अनुसारको शब्द, पदावली र सर्वनामको प्रयोग गर्नु उपयुक्त हुन्छ ।
- पीडित र परिवारसँग अलग अलग कुरा गर्नु आवश्यक हुन सक्छ ।
- पीडितको परिवारले यौनिक तथा लैङ्गिक अल्पसंख्यक सम्बन्धी अवधारणा र विषयबारे नबुझेको हुन सक्छन् । केही विशेष अवस्थामा परिवारलाई यो विषयसम्बन्धी जानकारी दिने व्यवस्था मिलाउनका साथै पीडित सहायता सेवा दिनु उपयुक्त हुन्छ ।
- यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायहरूले आफूलाई सधैं असुरक्षित महसुस गर्ने गर्दछन् । अधिकांश घरपरिवार र समाजबाट संरक्षण नपाएको यिनीहरूलाई महसुस हुने हुँदा सुरक्षाको अनुभूति

दिलाउनु पर्दछ ।

**निष्कर्ष :**

कुनै पनि व्यक्तिले आफ्नो पहिचानसहितको आत्मसम्मानपूर्वक बाँच्न पाउनु निजको आधारभूत मानव अधिकारको विषय भएको हुँदा यस्तो अवस्थामा फरक लैङ्गिक पहिचान र यौन अभिमुखीकरण भएका व्यक्तिहरूले पनि आफ्नो स्वतन्त्र पहिचानसहित आत्मसम्मानपूर्वक बाँच्न पाउनु निजको मानव अधिकार तथा संवैधानिक हक हो । मानव अधिकारका विश्वव्यापी सिद्धान्तहरूले हरेक मानिसलाई समानता र भेदभावविरूद्धको अधिकार प्रत्याभूत गरेको छ । यसै सन्दर्भमा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय विरूद्ध हुने अपराध अनुसन्धानको क्रममा प्रहरीले कुनै पनि भेदभाव गर्नु हुँदैन । कानूनको दृष्टिमा सबै समान छन् र समान संरक्षणको हकदार हुन भन्ने कुराको मनन गरी व्यवहार गर्नु पर्दछ ।

यौनिक तथा लैङ्गिक अल्पसंख्यकको हक अधिकारको विषयमा नेपालको संविधान तथा कानूनमा समेत समावेश भएका छन् । साथै, सर्वोच्च अदालतले पनि यस समुदायको अधिकारका सम्बन्धमा गरेका निणर्यहरू प्रगतिशील र सकारात्मक रहेका छन् । तर व्यवहारमा यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरू विभिन्न खालको विभेद, अपराध र हिंसाका उच्च जोखिममा छन् । यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूलाई समाजमा खुलेर स्वतन्त्रतापूर्वक हिँडडुल गर्न पाउने र सम्मानपूर्वक बाँच्ने वातावरणको निर्माण गर्न आवश्यक छ । उनीहरूलाई मानव अधिकारको उपभोग गर्नबाट वञ्चित गरिनु हुन्न भन्ने मान्यताका साथ व्यवहार गर्नु प्रहरीको दायित्व हो । फरक खालको यौन अभिमुखीकरण र लैङ्गिक पहिचान भएका कारणले यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरू माथि हुने विभिन्न प्रकारका अमानवीय व्यवहार, हत्या, हिंसा, बलात्कारजस्ता घटनाहरू हुन नदिने तर्फ सचेत हुनु जरूरी छ । संविधान र कानून विपरीत यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायले सधैं सबैतिरबाट हिंसा, विभेद र अमानवीय व्यवहार भोग्नु परिरहेको हुँदा यस समुदायमाथि भएको अपराधको अनुसन्धानमा प्रहरीले विशेष ध्यान दिनु पर्दछ ।

**सन्दर्भ सामाग्रीहरूः**


- नेपालको संविधान
- मुलुकी अपराध संहिता, २०७४
- मुलुकी देवानी संहिता, २०७४
- नेपाल कानून पत्रिकाहरू
- यौनिक तथा लैंगिक अल्पसंख्यकको

मानव अधिकार अवस्थाको अध्ययन प्रतिवेदन, २०७७, राष्ट्रिय मानव अधिकार आयोग

- ♦ विभिन्न पत्रपत्रिका, अनलाइनहरूमा प्रकाशित लेखहरू
- ♦ नेपाल प्रहरी कर्मचारीहरूका लागि लैङ्गिक संवेदनशील अनुसन्धान तथा सञ्चारका सिप तालिम निर्देशिका, २०७८ (नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल) ।

♦♦♦

**लघुकथा**

# सडक राजनीति



✍ **ममता मृदुल**

हत्यारालाई फाँसी दे फाँसी दे जुलुसको चर्को आवाजले इटहरीको सडक तातेको छ । ठाउँ ठाउँमा टायर बालेर बसेका जमातले सबै बन्द गराएका छन् । अनुहार नचिनिने गरी ट्रकले किचेको बच्चाको शवलाई कपडाले छोपेर राखिएको छ । पाँचथरमा श्रीमतीलाई खबर गर्छु भनेर उठ्न लागेका थिए । झ्यापुल्टे समाउन आइहाल्यो । उठ्नै दिएन । फोन कता झरेछ भेट्टाइएन । लासको अनुहार हेर्छु भन्दा अनुहार चिनिदैन भनेर हेर्नै दिएनन् ।

हजुर चुपचाप बस्नुस् । हामीले झन दिनभरि घाममा आन्दोलन गरिरहेका कसको लागि । झ्यापुल्टे केटोले रिसाएको भावले भनेपछि उनी चुप लागे । साँझमा दुई पक्ष बिचमा छलफल हुँदैथ्यो । पोस्टमार्टम गर्न नमिल्ने भनेर लाश जिम्मा दिएपछि सबै गएर सदगद गरे ।

दस लाख आन्दोलन गर्ने नेताले बुझे ।

छ लाख लिनुस काका अरू पैसा आन्दोलन गर्नेलाई मासुभात ख्वाउनै पर्यो । भनेर हातमा छ लाख थमाएर हिंड्यो झ्यापुल्टे ।

पैसा बोकेर डेरा जान मन लागेन । भेन रिजर्भ गरेर पाँचथर जान हिंडे । गाडीमा केही नखाई पाँचथर पुगे । गाडीबाट ओर्लेर घरमा आए । थकित अनुहार देखेर श्रीमतीले लोटामा पानी ल्याएर दिंदा भक्कानिए ।

हैन के भो तपाईंलाई हिजो बाबु तपाईंलाई नभनि काकाको पछि लागेर आएछ । दिनभरि फोन गरेका उठेन भन्थे । बाबा आउनु भो बाबा आउनु भो छोरा खुसीले उफ्रिरहेको छ ।

# पुगौं है पुगमालिका !



✍ प्र.ना.उ. जयश्वर रिमाल

कालीकोट आएसँगै यहाँका सम्पूर्ण गाउँ र बस्तीलाई आफ्नै आँखाले हेर्ने चाहना थियो । सुन्दर दृश्य कैद गरी फर्किने रहर समेत बोकेको थिएँ । “एक पन्थ दो काम” भने झैं कामको सिलसिलामा जाँदा समेत आन्तरिक पर्यटक बन्न थालें। सायद आफ्नो चाहनाकै कारण होला छोटो बसाइमा समेत निकै ठाउँमा पुग्न सकें । धेरै गाउँ र बस्तीलाई आफ्नै आँखाले नियाल्न पाएँ ।

यहाँका बस्ती, पाटन तथा धार्मिक स्थलहरूले मेरो परिवार, मातृभूमि र साथी “सर्कल” समेत भुलाउँदै लग्यो । कार्य व्यस्तता कम हुने बित्तिकै अर्को गन्तव्यबारे सोची हाल्थें । एक पछि अर्को गर्दै गन्तव्य बदलिंदै गयो । कालीकोट बसाइका सुगन्धहरू थपिंदै गए । मन रमाउँदै गयो ।

यसै बिच चैत्र १३ गते साँझ पुगमालिकाको प्रसङ्ग चल्यो । छिटो हिंड्नेका लागि “वन डे ट्रेक” रहेको जानकारी पाएँ । भगवानको मन्दिर जाने चाहना भइसकेपछि किन नजाने भन्ने सोच भयो । “ट्रेकिङ् टिम” तयार गरें ।

मेरो टिममा पहिलो रोजाई बने जिल्ला प्रशासन कार्यालय, कालीकोटका सहायक प्र.जि.अ. सरोज अधिकारी । अत्यन्तै सरल स्वभावका धनी उनले से-फोक्सुण्डोको ट्रेकिङ्गमा समेत साथ दिएका थिए । सेवाकै दौरान कर्णाली प्रदेश घुम्नका लागि सरूवा मागेर आएका उनीलाई छाड्न पो कहाँ सक्थें र !

मान्मदेखि फोई गाउँसम्मको यात्रा गाडीबाट र त्यसपछि पुगमालिकासम्म पैदल जानुपर्थ्यो । फोईदेखि पुगसम्मको पैदलमार्ग हाम्रा लागि अपरिचित थियो । वर्षमा एक पटक (जनै पूर्णिमाको दिन) मात्र मेला लाग्ने र अरूबेला मानिसहरूको आवातजावत नियमित नहुने भएकोले पैदलमार्ग स्पष्ट थिएन । मौसमले छिनछिनमा रङ्ग फेर्ने र प्रतिकूल मौसममा बाटो खुट्याउन कठिन हुने जानकारी थियो । विगतका वर्षहरूमा मेला भर्न

गएकाहरू बाटो भुलेर अलपत्र परेका कहानी समेत सुनिएको थियो ।

यस्तै अनिश्चितताका बाबजुद हामी पुगमालिका मन्दिर जान तम्सिएका थियौं । फोईबाट हामीलाई साथ दिने कोही होओस् भन्ने चाहना थियो । त्यसैले मान्मबाट निस्किने बेलामा फोइका स्थानीय बासिन्दा नबिन हमाललाई टेलिफोन गरी साथ दिन अनुरोध गरें । मनकारी उनले मेरो प्रस्ताव सहर्ष स्वीकारे । निकै सहजताको महसुस भयो । अनि तय भयो हाम्रो धार्मिक यात्राका सहयात्रीहरू । सरोज, नबिन, म र मेरा सहकर्मी सहित जम्मा ७ जना ।

१४ गते साँझ १७:०० बजे कालीकोट सदरमुकाम मान्मदेखि शुरू भएको हाम्रो यात्रा त्यस दिन फोइ गाउँसम्म मात्रै थियो । साँझ २०:०५ बजे नबिनजीको घरमा पुगियो । नबिनजी र भाउजुको आत्मिय स्वागतले मन पगाल्यो । छोरीको व्यवहार र पाहुनालाई गरेको सत्कारले वहाँहरूले दिएको असल संस्कार प्रतिविम्बित गरेको थियो । आतिथ्यता मुक्तकण्ठले प्रशंसा गर्दै त्यस रात उनकै घरमा सुतियो ।

निकै थोरै मानिस जाने स्थानमा जादै थियौं । परम्परागत मेला भर्न जाने बाहेक कालीकोटकै बासिन्दा पनि नजाने ठाउँ थियो यो । उत्सुकता र कौतुहलताले घेरेको थियो । कालीकोटको शिर मानिने पुगमा पुग्ने चाहनाले भने मलाई बेचैन बनाइरह्यो । बिहान उठेर "गुगल" गरे । पुगमालिकाको उचाई भेटिएन । नबिनजीलाई सोधें। उनले मुस्कुराउँदै एउटा गीतको अंश सुनाए । "चुलिँदै मालिका अग्लो, हुँदै अग्लो पुग" ।

"भनेपछि बडिमालिका, चुलिमालिका भन्दा पनि अग्लो हो पुगमालिका ?", मैले सोधें । मेरो प्रश्नलाई तल झर्नै नपाई टप्प टिपे जसरी भने, "अनि त !" हाँसोको फोहोरा छुट्यो दुवैको । उनले पुगमालिकाको उचाई समुद्री सतहबाट अं. ४४०० मिटर रहेको जानकारी समेत दिए ।

पहाडी बाटोमा खासै नहिँडेका र लामो समयसम्म हाइकिङ्ग/ट्रेकिङ्ग नगरेका साथीहरू पनि साथमा थिए । समुद्री सतहबाट २५०२ मिटर उचाईमा रहेको फोई गाउँबाट १७०० मिटर उकालो चढ्दै अं. ४४०० मिटरको उचाईमा पुगी पुनः फोईमा फर्किनु थियो सोहि दिन । एकैदिनमा यति लामो उकालो र ओरालोको यात्रा जोखिमपूर्ण थियो । तर सबैमा हिम्मत देखियो ।

अघिल्लो रात पानी परेकोले मौसम शितल थियो । यात्रा केही सहज हुने अनुमान गरियो । १५ गते बिहानको ५:५३ बजे फोई गाउँबाट पुगको यात्रा

शुरू भयो । ठाडो उकालो बाटोमा अवस्थित विशाल "ढाकी" ढुङ्गा गाउँलेको लागि चिन्ताको विषय बनेको रहेछ । धराप बनेर बसेको "ढाकी" खसेमा फोईको एउटा टोल नै सखाप हुने त्रासले उनीहरूले त्राहिमाम हुनु स्वाभाविक नै देखियो ।

फोईलाई पछाडि छाडी उकालो चढ्दा गाउँको सुन्दर दृश्य भने आँखामा नाचिरह्यो । उच्च पहाडी भूभागमा रहेको फोई गाउँ चिलखाया पछि कालीकोटकै सुन्दर भूमि रहेको अनुभूत भयो । नाकै ठोक्किने नौ घुम्तीको साँघुरो बाटो ४० मिनेटमा पार गर्दै सानो मैदानी इलाका, नौफेरीमा पुगियो । नौ फेरीबाट फोइको दृश्य कम्ता सुन्दर देखिएन । सुन्दर गाउँ र बस्ती दृश्यहरू क्यामेरामा कैद गर्दै अगाडि बढ्यौं ।

नौ फेरीबाट केही अगाडि बढेपछि मुङ्गाया पाटा पुगियो । सर्पको टाउको जस्तो देखिने एउटा अनौठो ढुङ्गाले मेरो आँखा तान्यो ।

उक्त ढुङ्गामा आफ्नो पदचाप छाड्दै पाइला अगाडि बढाउन लाग्दा भुइँभरि काफल देखियो । फरक परिवेश, फरक भूगोल, फरक दृश्य ! मनसँगै आँखा रमायो । आखिर पदयात्राको सुगन्ध भनेकै दृश्यावलोकन न हो ! यात्राका सुगन्धहरू बढ्दै जान थाले । मन हर्षित हुँदै गयो ।

वर्षौंअघि खाएको भुइँकाफलको स्वाद ताजा भएर आयो । नखाईकन मन थाम्न सकिएन । कति साथीहरूले भने देखेकै रहेनछन् । पहिलो पटक चाख्ने मौका पाए । करिब १ घण्टा हिँडाईको थकाई र प्यास दुवै मेटायो । केही बेर अगाडि बढेपछि जङ्गलको बिचमा खेतीयोग्य खाली जमिन भेटियो । निकै ठूलो क्षेत्रफल रहेछ । पहिले फोईका बासिन्दाहरूले फापर, जौ र गहुँ लगाउने गरेका । मलिलो माटो भएकोले उब्जनी पनि राम्रो हुने । तर आजकाल कसले गर्ने खेती ! सबैलाई सुख नै चाहिने । यसैले होला देशैभरि धेरै उर्बर जमिनहरू बाँझा छन् । विदेशी खाद्यान्नको आयत बढ्दै गएको छ । आवश्यकता, प्राथमिकता र प्रविधिको संयोजन हुन नसकेको र परनिर्भरता बढेकोमा चिन्ता व्यक्त गर्दै अगाडि बढ्यौं ।

उत्सुकता, कौतुहलता र बेचैनीमा बाटो कट्दै गयो । काफलको स्वादमा जिब्रो पड्काउँदै यात्रा जारी थियो । भुइँकाफलको स्वाद जिब्रोबाट हराइसकेको थिएन । नबिनजीको पाइला अकस्मात रोकियो । मसँग "ट्रेकिङ्ग स्टिक" मागेर जमिनमा खोतल्न थाल्नुभयो । खुसी हुँदै प्याकुडे (स्थानीय भाषामा) नामको बोझो जस्तै देखिने जडिबुटी निकाल्नु भयो । यसलाई पखालेर मुखमा राखी यात्रालाई निरन्तरता दियौं। यसले झण्डै

१ घण्टाको यात्रामा मुख सुक्न दिएन । यात्रामा उर्जा थपियो ।

यस बिच बिरलै भेटिने किसिम किसिमका सुगन्धित फुलहरूले आँखाको नानी फुलाउँदै लगे । स्थानीय भाषामा "मेग्ये" भनिने फूलले यात्रामा खुसी थप्यो ।

बाटो जङ्गलको बिचमा पस्यो । बिस्तारै मानिसहरू पैदल हिंडेको निशानी समेत देखिन छोड्यो । बिचबिचमा फुलेका गुराँससँगै आफ्नो मन फुलाउँदै गोब्रेसिम भन्ने स्थानमा पुग्यौं । ज्येष्ठसम्म पनि लालीगुराँस फुलिरहेको देख्दा अचम्म समेत लाग्यो । गुराँसकै छेउबाट उडेको डाँफे (राष्ट्रिय पंक्षी) ले आफूसँगै मेरो मन निकै परसम्म उडाइरह्यो । गर्वले छाती चौडा भयो । खुसीको सीमा नै रहेन ।

करिब आधा बाटो तय गरेपछि झुलौना महादेव मन्दिर पुगियो । यात्रा सफलता र सहजताको कामना गर्दै मन्दिरको दर्शन गरियो । नबिनजीले मन्दिरमा ध्वजा चढाउनु भयो । एकछिन थकाई मार्दै साथमा लिई गएको ड्राई फुड खायौं र पाइला अगाडि बढायौं ।

विशाल जङ्गलको बिचैबिच हिंड्दै गर्दा अत्तिसी पाटीमा पुगेपछि एउटा घृणित मानव व्यवहारको निशानी देखियो । आवेग, उत्तेजना र क्षणिक स्वार्थ पूर्तिका लागि सयौं वर्ष लागेर हुर्किएका वनस्पतिहरू छेदविच्छेद गरि लडाइएको रहेछ । प्रकृतिको यस प्रकारको छेदन अस्विकार्य मात्रै नभएर दण्डनीय थियो । छेदन भएका विशाल रूखहरू प्रयोग विहीन थिए । यस्तो अवस्थाले हामीलाई निकैबेर दुःखी बनायो ।

केही अघि बढेपछि एउटा भोजपत्रको रूख देखियो । नबिनजीले रूख नजिकै गएर भोजपत्रका पत्रहरू निकाल्दै ऋषिमुनीहरूले गर्ने प्रयोग बारे संक्षिप्त जानकारी दिनुभयो । हामी भने उक्त पत्रहरू हातमा खेलाउँदै अगाडि बढिरहँदा जङ्गलको बाटो सकियो र पाटन क्षेत्र शुरू भयो । जतौरूको भात खाने स्थान भनेर चिनिने यस पाटन क्षेत्र तिर्थयात्रीहरूको विश्रामस्थल रहेछ ।

अन्दाजी ३६०० मिटर उचाईमा रहेको यस स्थानमा पुग्दा केही साथीहरूलाई हल्का टाउको दुख्न शुरू भएको थियो । शरीरलाई "एक्लमटाईज" गर्दै जानु थियो । एकछिन विश्राम लिई नबिनजीले लिएर जानुभएको रोटी र साग खायौं । सुस्तरी हिंड्ने, एकछिन आराम गर्ने, खानेकुराहरू खाने अनि फेरि हिंड्ने गर्दै बाटो कटाउँदै गयौ।

जता हेरे पनि उस्तै लाग्ने पाटन क्षेत्रमा पैदल मार्ग कतै भेटिएन । अबको यात्रा सबै पाटनै पाटन थियो । निकै माथि देखिएको पहाडको टुप्पो (पुगमालिका) लाई "एम" गर्दै अन्दाजमा

उकालो लाग्दै थियौ । घरपालुवा जनावरहरूको एउटा हुल हामीतर्फ आउँदै गरेको देखियो । ग्वाला निकै अगाडि थियो, पछाडि करिब १०० वटा जति भेडा, बाख्रा र घोडाहरूको समूह । यात्राका सबै रङ्गहरू क्यामेरामा कैद गर्न सिपालु सरोज सरले तिनै जनावरतिर क्यामेरा फर्काए र नजिक लम्किए । यसक्रममा एउटा अचम्मको दृश्य देखा पर्यो ।

एउटा ठुलो कालो कुकुर (स्थानीय भाषामा भोटे कुकुर) दौँडदै भेडाहरूको बथानको अगाडि आएर ठिङ्ग उभियो र सबै जनावरहरूलाई रोक्यो । उनीहरू आज्ञाकारी भई आदेश पालना गरे । शिकारीले सिकारको लागि तयार भए जसरी कुकुरले पोजिसन लियो र सरोज सर माथि जाइलाग्न लाग्यो । उसले हामीबाट भेडा असुरक्षित ठानेको आभाष भयो । नबिनजीले पछाडितर्फ बिस्तारै पाइला चाल्दै उनीहरूबाट टाढा भई आक्रमणबाट जोगिन सुझाउनुभयो । सरोजजीले त्यसै गर्नुभयो । एउटा पशुको यो तहको सचेतना र नेतृत्वको प्रशंसा गर्दै पुनः यात्रालाई निरन्तरता दियौं ।

पाटनक्षेत्र प्रवेश गरेपछि मौसमले भने हामीलाई निकै चिन्तित बनायो । कहिले बादलले पूरै ढाक्ने अनि निकै चिसो बढाउने त कहिले घाम लाग्ने भइरह्यो । मौसम उघ्रिने बित्तिकै क्यामेरा निकालेर तस्विर लिन खोज्यो उत्ति नै बेला बादलले ढाकिहाल्थे । बादल र क्यामेराले लुकामारी खेलेजस्तो भयो ।

पानी परिहाल्यो भने ओत लाग्ने ठाउँ समेत देखिदैनथ्यो । कतै माथि पुग्न नसकिने हो कि आशंकाका बाबजुद पाइला बढाइरह्यौं । केहीबेरको हिँडाईमा हुम्दिना पाटन पुगियो । भुइँ भरि एकै किसिम र एकै रङ्गका फुलहरू फुलेका थिए । फूहरूको जीवनमा समेत हिउँको निकै ठुलो प्रभाव रहेको आभाष हुन्थ्यो । हिउँले छिट्टै छाडेका स्थानमा फूलहरू फुलिसकेका थिए भने पछि छाडेका स्थानमा फक्रिदै गरेका । यसैले कतै कोपिला, कतै फक्रिदै गरेका त कतै जवान भइसकेका फूलहरू देखिन्थे ।

यी फूलहरूले सुख्खा पाटनलाई रङ्गिन बनाउनुका साथै हाम्रो थकानलाई निकै टाढा भगाएका थिए । उकालो चढ्दै गर्दा बाटोमा फरक–फरक रङ्गका फूलहरू देखिन्थे । उचाई, मौसम र माटो अनुसार प्रकृतिका उपज पनि फरक नै हुने । यिनै फूलहरूसँगै हाम्रो यात्रा निरन्तर रह्यो ।

झण्डै ३९०० मिटरको उचाईमा पुगेपछि दाहिनेतर्फ एउटा बाटोको ट्र्याक देखियो । यति लामो यात्रामा पैदलमार्गको निशानी समेत भेटिएको थिएन । उक्त ट्र्याकले हाम्रो आँखा

तान्यो । अलिक नजिक गएर हेर्यौ। ढाँडखर्क भनिने त्यस स्थानमा मेला भर्न आएका तीर्थयात्रीले राती ओत लाग्ने गरेको ओडार रहेछ । नजिकै दुईवटा धर्मशाला पनि बनाइएको थियो । धर्मशाला र ओडारमा गरी झण्डै ७/८ सय जना तीर्थयात्रीले प्रतिकूल मौसममा आफूलाई सुरक्षित राख्न सक्ने रहेछन् ।

पुगमालिका मन्दिर देखि २०० मिटर तल पुगेपछि मन रोमाञ्चित भयो । ज्येष्ठको मध्यसम्म पनि त्यहाँ हिउँ छपक्कै देखियो । जीवनमा पहिलोपल्ट हिउँ साँधेर खाइयो । नबिनजीले सफा हिउँमा चुक, चिनी, जीरा राखी साँधेर हामीलाई चखाउनु भयो । हिउँ खाँदै र खेल्दै हामी गन्तव्यमा पुग्यौं । समग्रमा हाम्रो ७ घण्टाको यस यात्रा निकै रोमाञ्चकारी रह्यो ।

एकैदिन त्यसमा पनि ६/७ घण्टाको विचमा उच्च पहाडी भू-भागको १७०० मिटर उकालो यात्रा हासिल गरि कालीकोटकै शिर पुगमालिकामा पुगेका थियौं । मन प्रफुल्लित भयो । नेपाल टेलिकमको "फोर जी" सेवा पुगमालिका सम्म नै टिप्ने रहेछ । एक छिन् परिवारसँग भिडियो कल गरेर त्यहाँको सुन्दरताबारे सबैलाई जानकारी दिन पाउँदा निकै खुसी लाग्यो ।

धार्मिक यात्रा थियो, सबैजना सनातन हिन्दू धर्म मान्ने भएकोले पहिले मन्दिर दर्शन गर्न लाग्यौं । पुगमालिकाबाट वरिपरिको दृश्य असाध्यै सुन्दर देखिने जानकारी थियो । मौसमको प्रतिकूलताले गर्दा सुनेजस्तो दृश्य देख्न भने पाइएन । एकछिन भएपनि मौसममा सुधार आउने हाम्रो चाहना अधुरै रह्यो । अपेक्षकृत नभए पनि त्यहाँको सुन्दरतालाई आँखाले अवलोकन गर्दै केही दृश्यहरू क्यामेरामा समेत कैद गरियो ।

आजकाल हाइकिङ्ग र ट्रेकिङ्ग युवा पुस्ताको आकर्षण बनेको छ । शरीर स्वस्थ राख्नुको साथै आन्तरिक पर्यटनलाई बढावा दिने यस्ता कार्यक्रमहरूलाई बढावा दिनु सबैका लागि हितकर समेत छ । एउटा ट्रेकिङ्ग रूट तय गरी न्युनतम सुविधा उपलब्ध गराउने हो भने दुई दिनको ट्रेकिङ्गको लागि "पुगमालिका मन्दिर" उत्तम गन्तव्य हुनेछ । यसतर्फ तिलागुफा नगरपालिकाले ध्यान पुऱ्याउनु आवश्यक देखिन्छ । आय आर्जनको अन्य स्रोत नभएका यस्ता स्थानलाई पर्यटकीय गन्तव्यमा परिणत गर्न सके कालीकोटको विकासमा टेवा पुग्नेछ । धार्मिक तथा ऐतिहासिक महत्वका स्थानहरूको पहिचान स्थापित गराउँदै आन्तरिक पर्यटनलाई बढावा दिन सम्बन्धित सबैमा अनुरोध गर्दछु । ♦

कविता

# रमाइलो



✍ डा.सत्यराज थपलिया

लेकतिर चिसो हुन्छ तराईमा तातो ।
चन्द्रसूर्याङ्कित ध्वजा फरफराउने रातो ।।
हिउँदमा धूलो, धुवाँ बर्खाभर हिलो ।
भए पनि नेपाल नै लाग्छ रमाइलो ।।१।।

सधैंभरि अभावले खुम्च्याउँदै दिल ।
बाँच्नै निम्ति खोज्नु परे पनि स्वयं सिल ।।
सुस्त सुस्त चाल्न खोज्ने विकासको पाइलो ।
जन्मथलो नेपाल नै लाग्छ रमाइलो ।।२।।

मित्रता र प्रेम नै हो संसारको सार ।
सकेसम्म गम खान्छु, खान्न कैल्यै हार ।।
कान्छो छोरो बाआमाको हैन म माइलो ।
जन्मभूमि नेपाल नै लाग्छ रमाइलो ।।३।।

पूर्वीतिर मेची कोशी पश्चिम महाकाली ।
गण्डकी र कर्णाली नै बग्ने सस्यशाली ।।
आर्यावर्त पुण्यभूमि हो, टेकियो पाइलो ।
अन्तभन्दा नेपाल नै लाग्छ रमाइलो ।।४।।

फेरि जन्म लिनैपर्ने भए बारम्बार ।
यै देशमा जन्म पाऊँ, आफ्नू व्यवहार ।
जसोतसो धानेकै छु, गर्दै दुःखजिलो ।
संसारमा नेपाल नै लाग्छ रमाइलो ।।५।।

कृष्णसार मृग डुल्ने, शालिग्राम भा'को ।
काली बग्ने, फूल फुल्ने लालीगुराँसको ।।
कतै हिउँ पर्ने, हावा चल्ने, घमाइलो ।
मलाई त नेपाल नै लाग्छ रमाइलो ।।६।।

# श्रीमद्भागवत महापुराणमा के छ ?



✍ **बद्रीप्रसाद ढकाल**

श्रीमद्भागवतलाई पौरत्स्य वाङ्मयको अमूल्य र महत्त्वपूर्ण ग्रन्थ मानिन्छ । यसको अध्ययन गरेका र यसको भावार्थका बारेमा ठुलाठुला विद्वान्हरूले आ-आफ्नो वैचारिक पक्षबाट व्याख्या विश्लेषण गर्ने गरेका छन् । त्यसैले 'विद्वान्हरूको विद्वत्ताको परीक्षा भागवतमा हुन्छ' (विद्यावतां भागवते परीक्षा) भनिएको छ । पौरस्त्य वाङ्मय परम्पराको निकै प्रसिद्ध यो भनाइ भागवतको अर्थगाम्भीर्य र भाषिक प्रौढताको मूल्याङ्कन गरेर लेखिएको मानिन्छ । श्रीमद्भागवतलाई सम्पूर्ण ताप/दुःखको अन्त्य र परम आनन्द प्राप्तिका लागि पढ्ने, सुन्ने र बुझ्ने गरिन्छ । जीवनजगत्को वास्तविक तत्त्व ब्रह्म ('वेद्यं वास्तवमत्र वस्तु शिवदं तापत्रयोन्मूलनम्' भागवत, १.१.२) र त्यसलाई बुझ्न सहयोग गर्ने विषयहरू माया, सृष्टि, स्थिति, प्रलय, जीवात्मा, पुनर्जन्म, मुक्ति, जगत्, भक्ति, ज्ञान, कर्म आदिलाई विभिन्न आख्यान, संवाद, स्तुति, गीत आदिका माध्यमबाट प्रतीकात्मक अर्थको तहमा व्यक्त गरिएकाले भागवतमा अर्थगाम्भीर्य छ भने धीमहि, दुर्मेधान्, संरोहयित्वा जस्ता वैदिक व्याकरणबाट सिद्ध गर्नुपर्ने केही शब्दका साथै लौकिक संस्कृतमा निबद्ध परिष्कृत र स्तरीय भाषाशैलीको प्रयोग रहेकाले भाषिक प्रौढता छ । अर्थगाम्भीर्य र भाषिक प्रौढताकै कारण यसको रहस्य बुझ्न विद्वान्हरूले पनि निकै मिहिनेत गर्नुपर्ने भएकाले विद्वान्हरूको विद्वत्ताको परीक्षा गरिने कसीका रूपमा भागवतलाई लिइएको हो भन्ने गरिन्छ ।

श्रीमद्भागवत रचना सन्दर्भलाई हेर्दा पनि यसभित्र जीवन जगत्को गहन पक्षलाई उद्घाटन गरिएको छ । अझ सिङ्गो ग्रन्थ पढेर त्यसको भाव गाम्भीर्य बुझ्न निकै साधना गर्नुपर्ने हुन्छ । यसको तात्पर्यार्थ र भाषा दुवै दृष्टिले यसको रहस्य बुझ्न सामान्य प्रतिभाबाट सम्भव छैन भन्ने पनि स्पष्ट हुन्छ । विषयको गहनताका दृष्टिले नै भागवतलाई वेदरूपी कल्पवृक्षको पाकेको फल र

सम्पूर्ण वेदान्तको सार एवम् जीव र ब्रह्मको एकतारूप कैवल्य/मोक्ष अर्थात परम आनन्दको अवस्था प्राप्त गराउन सक्ने सक्षम ग्रन्थ मानिन्छ ।

भगवान्को यो 'भगवत इदम्' भन्ने अर्थमा 'भगवत्' शब्दमा 'अण्' प्रत्यय भई भागवत शब्द बनेको हो । कनिष्ठ भएर पनि भाषा र भाव दुवै दृष्टिले उत्कृष्ट महापुराणका रूपमा रहेको यस ग्रन्थको मूल नाम 'भागवत'मा आदरसूचक 'श्रीमत्' शब्द जोडेर पूरा नाम 'श्रीमद्भागवत महापुराण' राखिएको हो । श्रीमद्भागवतको स्वरूप र आयाम हेर्ने हो भने १२ स्कन्ध र ३३५ अध्यायमा समेटिएको छ भने ६ अध्याय भागवत माहात्म्यमा संरचित छ ।

बाह्र स्कन्धमा संरचित श्रीमद्भागवतको प्रथम स्कन्धमा १९ अध्याय रहेका छन् । यस स्कन्धका अध्यायहरूमा भक्ति र योगको निरूपण, परीक्षितको जन्म व्यास र नारदको संवाद, नारदको चरित्र, शुकदेवसँगको भेट र संवादका आख्यान पाइन्छ । यो स्कन्ध भागवतको मुख्य विषयको सारका रूपमा रहेको छ । उपक्रम अंशका रूपमा रहेको पहिलो स्कन्धमा भागवत रचनाको सन्दर्भ, राजा परीक्षित्को जन्म र उनलाई तक्षक नागले डसेर सात दिनमा मृत्यु हुन्छ भनी ऋषिपुत्रले दिएको श्रापलाई प्रस्तुत गरिएको छ । मृत्यु नजिक आइपुगेपछि गङ्गाको किनारमा ध्यानमग्न भएका परीक्षित्ले आफूलाई भेट्न आएका शुकदेवसँग मृत्यु नजिकै आएका व्यक्तिले के गर्नुपर्छ भनी प्रश्न गरेपछि प्रत्युत्तरमा शुकदेवले जीवनजगत्को वास्तविक तत्त्वको बोध गर्नुपर्ने बताई चतुःश्लोकी भागवतको उपदेश गरेका छन् । चतुःश्लोकी भागवत भगवान् नारायणले ब्रह्मालाई जीवनजगत्को वास्तविकताबारे दिएको उपदेश हो । ब्रह्मको सगुण रूप भगवान्द्वारा गरिएको उपदेशात्मक अर्थ र भगवान्का निर्गुण रूप ब्रह्म र सगुण रूप भगवान्का विभिन्न अवतारको वर्णनका सृष्टिको वर्णनका रूपमा रहेको छ ।

दोस्रो स्कन्धमा १० अध्याय रहेका छन् । दोस्रो स्कन्धमा चतुःश्लोकी भागवतका माध्यमबाट समग्र भागवतको मुख्य प्रतिपाद्य विषय प्रस्तुत गरिसकेपछि तेस्रोदेखि बाह्रौं स्कन्धका दश स्कन्धमा विभिन्न कथाका माध्यमबाट भागवतको मुख्य विषयको विस्तार र बाह्रौं स्कन्धको उत्तरार्धमा उपसंहार/निष्कर्ष प्रस्तुत गरिएको छ ।

त्यसै गरी तेस्रो स्कन्धमा ३३ अध्याय, चौथोमा ३१ अध्याय, पाँचौंमा २६ अध्याय, छैटौंमा २० अध्याय, सातौंमा १५ अध्याय, आठौंमा २४ अध्याय, नवौंमा २२ अध्याय, दशौंमा पूर्वार्ध र उत्तरार्ध

गरी ८९ अध्याय, एघारौंमा ३१ र बाह्रौं स्कन्धमा १३ अध्याय रहेका छन् ।

तेस्रोदेखि बाह्रौं स्कन्धसम्म भागवतका विभिन्न विषय रहेका छन्, सर्ग, विसर्ग, स्थान, पोषण, ऊति, मन्वन्तर, ईशानुकथा, निरोध, मुक्ति, आश्रय । तेस्रो स्कन्धमा सर्गको वर्णन गरिएको छ । सर्गको अर्थ सृष्टि हो । भागवतका अनुसार निर्गुण ब्रह्मले त्रिगुणात्मिका माया/प्रकृतिलाई साथ लिएर गर्ने सृष्टि सर्ग हो । यस सृष्टि प्रक्रियामा निर्गुण ब्रह्मको 'एकबाट धेरै बन्न चाहन्छु' भन्ने इच्छाअनुरूप मूल प्रकृतिमा लीन भएका सत्त्व, रज र तमोगुणमा आपसी क्रियाप्रतिक्रिया भएपछि महत्त्वको उत्पत्ति हुन्छ । त्यसबाट तामस, राजस र सात्त्विक अहङ्कारको उत्पत्ति हुन्छ र उक्त त्रिगुणात्मक अहङ्कारबाट, पञ्चमहाभूतः पृथिवी, जल, तेज, वायु आकाश पञ्चतन्मात्राः रूप, रस, गन्ध, स्पर्श, सङ्ख्या आदि भौतिक जगत्को उत्पत्ति हुन्छ । यसरी प्रकृतिबाट महत्त्व हुँदै समग्र विषयहरूको उत्पत्ति हुने यस प्रक्रियालाई नै भागवतमा सर्ग भनिएको छ । यस सृष्टिमा प्रकृति स्थूल रूपमा दृश्यमान हुने भएकाले यसलाई प्राकृत सृष्टि पनि भनिएको छ । विसर्गको भनेको सृष्टिको विविधता हो भन्ने कुरा यस स्कन्धले प्रष्ट पारेको छ ।

श्रीमद्भागवत महापुराणको चौंथो स्कन्धमा सृष्टिको विविधताअन्तर्गत जीवसृष्टिलाई लिइएको छ । प्राकृत सृष्टि भइसकेपछि जीवको सृष्टि हुन्छ । यस क्रममा सर्वप्रथम निर्गुण ब्रह्मको सगुणसाकार रूप प्रकट हुन्छ । निर्गुण ब्रह्मको सगुणसाकार रूप भनेको ब्रह्मा (सृष्टिकर्ता), विष्णु (पालनकर्ता) र शिव (संहारकर्ता)को समष्टि रूप हो । विराट् रूप पनि निर्गुण ब्रह्मकै सगुण रूप हो । निर्गुण ब्रह्मले माया/प्रकृतिको साथ लिई विराट् रूप धारण गरेपछि उक्त विराट्रूपको सहायताबाट ब्रह्माले जीवसृष्टिको विस्तार गरेका छन् । जीव सृष्टिका लागि ब्रह्माले पहिले मानस प्रक्रिया अवलम्बन गरेका छन् । यस प्रक्रियाबाट सृष्टिको निरन्तरता हुन नसक्ने बुझेपछि उनले जैविक प्रक्रिया अपनाएका छन् । ब्रह्माद्वारा गरिएको जीवसृष्टिलाई वैकृत सृष्टि भनिएको छ । यसअन्तर्गत सर्वप्रथम उद्भिज्ज (भुँइ फोरेर पैदा हुने) वनस्पति, औषधी आदिको सृष्टि, यसपछि अण्डज (अण्डबाट उत्पन्न हुने) र जरायुज (सालनालसहित उत्पन्न हुने) पशुपंक्षीको सृष्टि र अन्त्यमा मनुष्यहरूको सृष्टि भएको छ । यसरी भागवतले वनस्पति पनि जीव हुन् भन्ने मान्यतालाई निकै पहिले नै स्थापित गरिसकेको छ । मनुष्यको सृष्टि अन्त्यमा गरिएकाले होला, समग्र सृष्टि प्रक्रियाकै

उत्कृष्ट सृष्टिका रूपमा मनुष्य रहेको छ । जीवनजगत्को वास्तविकताको बोध गरी परम आनन्द प्राप्त गर्ने सामर्थ्य पनि मानिसमा मात्र रहेकाले यसलाई सर्वोत्कृष्ट जीवको संज्ञा दिइएको हो ।

पञ्चम स्कन्धमा भागवतमा अन्य वर्णित विषयहरूमा जीवहरूको सुरक्षित किसिमले स्थिति होस् भन्ने उद्देश्यले सृष्टि गरिएका आकाश मण्डलका सूर्यचन्द्र आदि विभिन्न ग्रहहरू र भूमण्डलका विभिन्न द्वीप, समुद्र र वर्षहरूको वर्णन गरिएको छ ।

सप्तम स्कन्धमा जीवहरूको सुरक्षा र पालनको समुचित व्यवस्था र पालनपोषण विशद् चर्चा गरिएको छ भने सातौं स्कन्धमा जीवले आफूले गरेको कर्म अनुसार फल भोग्ने र पुनर्जन्म प्राप्त गर्ने प्रक्रिया को चर्चा गरिएको छ । सृष्टि प्रक्रियालाई सुव्यवस्थित बनाउन सहयोग गर्ने विभिन्न समयका राजाहरू र तिनका कार्य अर्थात् मन्वन्तरको विशद् वर्णन अष्टम स्कन्धमा गरिएको छ । नवम स्कन्धमा निर्गुण ब्रह्मका विभिन्न सगुण रूप/अवतार र उनका प्रेमी भक्तहरूको विभिन्न आख्यानले युक्त भएका गाथाहरू समेटिएका छन् । जीवनलाई दुःखी बनाउने काम, क्रोध, लोभलाई त्यागी परम तत्त्व (ब्रह्म र ब्रह्मको सोह्रै कला सम्पन्न पूर्ण अवतार श्रीकृष्ण) को चिन्तनमा एकाग्र हुने प्रक्रिया निरोधका रूपमा दशम स्कन्धमा पाइन्छ । जीव/मनुष्यले समस्त दुःखबाट मुक्त भएर परम आनन्द प्राप्ति गरेको अवस्थालाई मुक्तिका रूपमा एकादश स्कन्धमा उल्लेख गरिएको छ र सम्पूर्ण जीवनगजत्को पारमार्थिक सत्ताका रूपमा रहेको ब्रह्म (आश्रय) को वर्णन गरिएको छ भने बाह्रौं स्कन्धमा 'अहं ब्रह्मा परम् धाम ब्रह्माहं परमं गति' भन्ने सूक्तिको व्याख्या र बोधले मोक्ष प्राप्तिको, सूक्ष्म जीव तत्त्वको चर्चा गरिएको छ ।

श्रीमद्‌भागवतको मुख्य उद्देश्य नै आश्रय तत्त्वरूप ब्रह्म र जीवको अभेदको बोध गराएर मानिसलाई परम आनन्द प्राप्त गराउनु हो । चारै वेदका महावाक्यहरू 'प्रज्ञानं ब्रह्म' (ऋग्वेद), 'अहं ब्रह्मास्मि' (यजुर्वेद) 'तत्त्वमसि' (सामवेद), 'अयमात्मा ब्रह्म' (अथर्ववेद) ले भनेको कुरा पनि यही हो । वेदका व्याख्यात्मक ग्रन्थ र पौरस्त्य वाङ्मयका प्रस्थानत्रयी (परमतत्त्व/आत्मतत्त्व बोधका तीन मार्ग) का रूपमा रहेका उपनिषद् (श्रुतिप्रस्थान), श्रीमद्‌भगवद्‌गीता (स्मृतिप्रस्थान) र ब्रह्मसूत्र (तर्कप्रस्थान) को सार पनि यही हो । जीव र ब्रह्मको एकत्त्वको बोधको स्थितिमा मानिस ज्ञानी, समदर्शी र त्यागी बन्दछ । यही स्थितिलाई जीवन्मुक्तिको अवस्था भनिन्छ ।

भागवतका प्रवक्ता शुकदेव यही जीवन्मुक्तिको अवस्थामा थिए । यो कुरा उनले भागवतमा बोलेको वचन र गरेको व्यवहारबाट थाहा हुन्छ । कलिका कारण ध्यानस्थ ऋषिका गलामा मरेको सर्प लगाइदिएर ऋषि पुत्रद्वारा सात दिनमा तक्षक सर्पबाट डसिएर मृत्युको होस्‌को श्राप पाए पछि राजा परीक्षित्‌लाई सात दिनसम्म भागवत सुनाएर एवम् सुनेको कुरालाई मनन् र निदिध्यासन गर्न प्रेरित गर्दै व्यहारमा उतार्न सिकाएर जीवन्मुक्त बनाउने कार्य पनि उनले नै गरेका छन् । श्रीमद्‌भागवत महापुराणको मूल उद्देश्य पनि मानवलाई जीवन्मुक्त गराउनु नै रहेको छ ।

सुरूमा अज्ञानको स्थितिमा रहेका राजा परीक्षित् 'तक्षकको डसाइबाट सात दिनमा मृत्यु हुन्छ' भनी ऋषिपुत्रबाट पाएको श्रापपछि अत्यन्त दुःखी र भयभीत भएका छन् तर शुकदेवबाट समग्र भागवत सुनेर त्यसको मनन् र निदिध्यासन गरिसकेपछि चाहिँ उनमा ज्ञानबाट आफूभित्रको ब्रह्म उर्फ 'अहं ब्रह्म परमधाम ब्रह्माहं परमम् गति'को अनुभूति गर्दै मृत्यु भयबाट छुटकारा पाएको बताएका छन् । यसबाट जीवनमा सबैभन्दा ठुलो भय भनेको मृत्युभय हो र यसको कारण भनेको अज्ञान हो भन्ने देखिन्छ । जबसम्म मन शुद्ध हुँदैन तबसम्म अज्ञानको निवृत्ति हुँदैन, यसर्थ निष्काम कर्म र भक्ति/सेवा गरेर मनलाई शुद्ध बनाएको र तत्त्वज्ञानबाट जीवनको वास्तविकता/आत्मतत्त्वको बोध गरेको वा जीवन्मुक्ति प्राप्त गरेको व्यक्ति नै संसारका सबै किसिमका भयबाट मुक्त भई परम आनन्द प्राप्त गर्दछ भन्ने भागवतको मान्यता हो । भागवतका अनुसार जीवन जगत्‌को वास्तविक तत्त्व भनेको सत्, चित् र आनन्द स्वरूप ब्रह्म हो । यसैलाई भागवतका विभिन्न ठाउँमा परमतत्त्व, परमात्मा, आत्मतत्त्व, आत्मा आदि नाम दिइएको छ । यही ब्रह्मबाट नै सम्पूर्ण जगत्‌का साथै जीवात्माको सृष्टि भएको हो ।

श्रीमद्‌भागवतका अनुसार ब्रह्मबाट सम्पूर्ण जीवनजगत्‌को सृष्टि हुन्छ र पुनः ब्रह्ममै विलीन हुन्छ । यस्तै ब्रह्मले पनि आफैँभित्र रहेको सत्‌अंशरूप सामग्री र चित्‌अंशरूप इच्छाशक्ति एवम् कलाको प्रयोग गरी जीवन जगत्‌को सृष्टि गर्ने भएकाले ऊ जीवन जगत्‌को अभिन्न निमित्तोपादान कारण हो भनिएको छ ।

सूक्ष्म शरीर र स्थूल शरीरको प्रसङ्गको उल्लेख गर्दै यस पुस्तकमा स्थूल शरीर भौतिक तत्त्व (हाड, मासु, रगत) आदिले बनेको हुन्छ । भौतिक तत्त्व अन्तर्गत पृथिवी, जल, तेज, वायु, आकाश यी पाँच तत्त्व पर्ने भएकाले यिनबाट बनेको शरीरलाई पाञ्चभौतिक

देह भनिन्छ भन्ने कुरालाई स्पष्ट पारिएको छ । अन्नबाट बन्ने भएकाले स्थूल शरीरलाई अन्नमय कोश भनिएको छ । अन्नबाट बनेको र जोवीर्यको पिण्डमा कारण शरीर हुँदै बनेको सूक्ष्म शरीरको प्रवेश गर्भावस्थामै हुने भए पनि गर्भावस्थाबाट बाहिर निस्केको अवस्थालाई जन्म भन्ने गरिएको छ । यही स्थूल शरीरबाट सूक्ष्म शरीरको विच्छेदन हुनुलाई मृत्यु भनिएको छ । यसैले ज्ञान प्राप्त नगरी भौतिक शरीरको मृत्यु हुँदैमा परम आनन्द/मुक्ति प्राप्त नहुने भएकाले मृत्यु र मुक्ति फरक कुरा हुन् भन्ने भागवतको मान्यता हो ।

भागवतको सार वा यसले दिन खोजेको सूक्ष्म ज्ञान भनेको ब्रह्मबाट उत्पन्न जीव ब्रह्मबाट भिन्न हुन सक्दैन, ब्रह्मको शक्ति माया/ अविद्याद्वारा भ्रान्त भएर उसले यो तथ्य बुझ्न सकेको छैन, जब ज्ञानबाट अविद्यामाथि विजय प्राप्त गरी उसले जीव र ब्रह्मको एकताको बोध गर्दछ भन्ने नै हो । यस स्थितिमा नै सबै किसिमका भय र दुःखबाट मुक्त भएर ऊ त्यागी, समदर्शी र परमआनन्दित हुन्छ । यस किसिमको ज्ञान शुद्ध भएको मनबाट मात्र सम्भव हुन्छ । मनलाई शुद्ध बनाउने साधन चाहिँ भक्ति/सेवा, वैराग्य र निष्काम कर्म हुन् । ♦♦♦

## देश चाहिन्छ



✍ **सनत कुमार आचार्य**

मेरा पाइतालाहरू
देश बुझ्न हिँडिरहन्छन्
म सिङ्गो देश काँधभरि बोकेर
हिमशिखर धाउँछु
पहाड पुगेर लालीगुराँस सिउरन्छु
तराईको मैदानमा अनायासै रमाउँछु ।

देश भन्नु त श्रद्धा हो मेरो
भक्तिथापाहरूको वीरतासँगै
लुम्बिनीको बुद्धलाई ढोग्छु
म देशको निन्दा सहन्न
मेरो रगतमा मेरै देश छ
मेरो देशमा मेरै स्वधर्म छ
अनि यतै स्वकर्मको प्राण छ ।

देशभन्दा अलिपर, मेरो केही नभएपछि
यही देशमै मेरो वंश छ
देशकै माटोमा, आफ्नै ऐना हेर्दै
यसैमा समाहित हुनु छ, म
देशको भूगोलको सुगन्धले
मलाई जोड-जोडले स्वस्फूर्त बोल्न लगाउँछ
मलाई, मेरो देश चाहिन्छ
मलाई, मेरो परिवेश चाहिन्छ ।

# सवारी दुघर्टनाः न्यूनीकरणका उपायहरु



✍ प्र.ना.उ.भोजराज पाण्डेय

**घटना-१**

२०७९ फागुन १ गते रातिको समयमा नवलपरासी जिल्ला रामग्राम न.पा. वार्ड नं १ निलोगेट स्थित सुनवल-परासी भित्री सडक खण्डमा परासीबाट सुनवलतर्फ जादै गरेको लु ५ प ९६७ नं. को मोटरसाइकल आफै अनियन्त्रित भई गेटमा ठक्कर खाई दुर्घटना हुँदा जिल्ला नवलपरासी रामग्राम न.पा. १४ रेक्सहवा बस्ने वर्ष ३५ को मोटरसाइकल चालकको टाउकोमा चोट लागि गम्भीर घाइते भई उपचारको लागि जिल्ला अस्पताल परासी ल्याएकोमा निजको अवस्था गम्भीर रहेको र सो अस्पतालमा उपचार हुन नसकेको हुँदा डाक्टरले निजलाई तत्कालै भैरहवा स्थित मेडिकल कलेजमा रिफर गरेकोमा सोही राति २१ः५५ बजे भैरहवा मेडिकल कलेजका डाक्टरले मृत घोषणा गरेका थिए ।

**घटना-२**

२०७९ फागुन १८ गते राति ९ः५० बजे सुनवल न.पा. २ नयाँबस्ती स्थित सुनवल परासी भित्री सडक खण्डमा प्रदेश नं.३-०३-००१ प ४९६३ नं. को मोटरसाइकल आफै अनियन्त्रित भई पल्टिन जाँदा मोटरसाइकल चालक र पछाडि सवार गरी दुई जना व्यक्तिहरू घाइते भई उपचारको लागि जिल्ला अस्पताल परासी पठाईएकोमा दुवै जना घाइतेहरूको अवस्था अत्यन्त गम्भीर रहेकोले थप उपचारको लागि मेडिकल कलेज भैरहवा पठाएकोमा एक जनाको सोही अस्पतालमा र अर्को एक जनाको पछि उपचारको क्रममा मेडिकल कलेज भरतपुर चितवनमा मृत्यु भएको थियो ।

माथि उल्लेखित सवारी दुर्घटनाका घटनाहरू केवल प्रतिनिधि घटनाहरू मात्र हुन । दुवै घटना मोटरसाइकल संलग्न भई भएका घटना हुन् । दुई पाङ्ग्रे सवारी साधनबाट भएको दुर्घटनामा बढी हताहति भएको देखिन्छ । हुन त दुर्घटना कहिले पनि आफूले जानीजानी हुने वा गराउने भन्ने

हुँदैन । यो अचानक परिस्थितिवश हुने हो । जसको पूर्वानुमान पनि हुँदैन् ।

सवारी भन्नाले एक ठाउँबाट कुनै अर्को स्थानमा इन्जिनको सहायताले गुड्ने कुनै साधन प्रयोग गरी पुग्नुलाई जनाउँछ । सामान्य अर्थमा बुझ्दा इन्जिनको सहायताले गुड्ने कुनै साधनमा बसी वा चलाई त्यसरी पुग्ने क्रममा हुने कुनै घटना वा दुर्घटनालाई सवारी दुर्घटना भनिन्छ । सवारी दुर्घटना वा सडक दुर्घटना भन्नाले सडकमा गुडिरहेको एउटा सवारी साधनले कुनै कारणवश अर्को सवारी साधन, सडकमा उभिएको वा हिँडिरहेको पैदल यात्री, जनावर वा अन्य कुनै संरचनाहरू जस्तैः रूख, पर्खाल, पोल, सडक छेउमा रहेको घर, गोठ वा अन्य सजिव निर्जीव वस्तु आदिलाई ठक्कर दिँदा हुने दुर्घटनालाई जनाउँछ । सवारी दुर्घटनाको कारणले धनजनको क्षति हुन पुग्छ ।

नेपाली वृहत शब्दकोश अनुसार कुनै व्यक्ति वा वस्तुको हानि वा क्षति हुने आकस्मिक घटना अर्थात अपर्झट आइपरेको कष्टपूर्ण घटना नै दुर्घटना हो । यसलाई अझै व्यापक रूपमा अर्थ्याउँदा काबु बाहिरको घटना कल्पना भन्दा टाढाको अथवा नसोचेको घटना नै दुर्घटना हो । सवारी तथा यातायात व्यवस्था ऐन २०४९ मा सवारी दुर्घटनाको बारेमा स्पष्ट रूपमा उल्लेख गरेको पाइँदैन । तापनि प्रचलित मान्यता अनुसार, कुनै सवारी साधनले अर्को सवारी साधन वा सडकमा रहेका अन्य सजिव एवं निर्जिव बस्तुलाई ठक्कर दिन्छ र त्यसबाट भौतिक क्षति हुने, मानवीय अथवा पशु चौपाया घाइते हुने र मृत्यु हुने अवस्था मध्ये कुनै एक वा बढी अवस्था सिर्जना हुन्छ भने त्यसलाई सवारी दुर्घटना भनिन्छ ।

यान्त्रिक सहायताले चल्ने कुनै पनि सवारी साधनहरू माथि दक्षता सहितको मानवीय नियन्त्रणबाट नै सडकमा सवारी साधनहरू सञ्चालन हुन्छन् । तथापि मानवीय नियन्त्रण हुँदाहुँदै पनि यदाकदा नियन्त्रण भन्दा बाहिर अथवा काबु बाहिरको परिस्थितिको कारण मानवीय संयमता गुम्न गई सवारी दुर्घटना हुन सक्दछ । त्यसले पक्कै पनि सवारी दुर्घटनामा परी ज्यान गुमाउने र घाइते भई शरीर अङ्ग भङ्ग हुने व्यक्तिको परिवारमा पर्न गएको आर्थिक, सामाजिक तथा मानसिक क्षतिलाई कुनै शब्द र अङ्कमा गणना गर्नु सामान्य विषय होइन । यद्यपि यसबाट भएको भौतिक क्षतिलाई हेर्ने हो भने अर्बौ रूपैयाँको क्षति भएको छ ।

सवारी साधनको प्रयोग गरी आत्महत्या गर्ने देखि बाहेक नेपालमा योजना बनाएर सवारी साधनको प्रयोग गरी कसैको ज्यान लिएका घटना बिरलै

होला । सडकमा सवारी साधन लिएर हिंडे पछि सावधानीपूर्वक सवारी सञ्चालन नगरेमा जुनसुकै बेला पनि दुर्घटना हुन सक्छ । प्रत्येक पल, समय र दिनमा कुनै न कुनै दुर्घटना भई नै रहेका हुन्छन् । २४ घण्टाको अवधिलाई चार भागमा छुट्याएर विश्लेषण गर्ने हो भने कुनै त्यस्तो समय छैन, जुन समयमा सवारी दुर्घटना नभएको होस् । बिहान, दिउँसो, बेलुका वा राती सबै समयमा दुर्घटना भएका हुन्छन् । चालकले सवारी साधनको चालक सीटमा बसी सवारी लिई सडकमा निस्केपछि चाहे बिहानको समय होस, चाहे दिनको समय होस् वा रातको समय नै किन नहोस् जतिखेर पनि सजग र सचेत रहनुपर्छ र सडक सुरक्षालाई ध्यान दिनुपर्छ भन्ने कुरा निर्विवाद छ । होशियारी नपुऱ्याई सवारी साधन चलाउँदा दुर्घटना हुन सक्छ भन्ने कुरा सडकमा गाडी चलाउने प्रत्येक चालकलाई थाहा हुन्छ । त्यसै गरी सडकमा होस नराखी अनुशासित तरिकाले नहिँडे सवारी साधनले ठक्कर दिन सक्छ भन्ने कुरा बटुवा वा पैदल यात्रीलाई पनि जानकारी भएकै कुरा हो । दुर्घटनामा पर्ने रहर कसैलाई पनि हुँदैन । दुर्घटना पछिको विकराल अवस्थाले मानिसको आर्थिक र मानसिक अवस्थालाई नराम्रोसँग प्रभावित पारेको हुन्छ ।

नेपालमा प्रत्येक दिन औसत १४ जनाको सवारी दुर्घटनाका कारण मृत्यु हुने गरेको अध्ययनले देखाएको छ । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) को अध्ययन अनुसार वार्षिक ५,११५ जनाको सडक दुर्घटनामा ज्यान जाने गरेको छ । मृत्यु हुने मध्ये ८० प्रतिशत पुरूष र २० प्रतिशत महिला हुने गरेका छन् । सरकारी तथ्याङ्कले भने दैनिक औसतमा ८ जनाको सडक दुर्घटनामा मृत्यु हुने गरेको देखाउँछ । वर्षमा दुई हजार आठ सय जनाको मृत्यु हुने गरेको तथ्याङ्क छ । तर दुर्घटना हुने कारण मध्ये चालकको लापरबाही, तीव्र गतिमा सवारी सञ्चालन, मादक पदार्थको सेवन, सवारीको यान्त्रिक खराबी लगायत प्रमुख कारण रहेका छन् ।

लुम्बिनी प्रदेश अन्तर्गत पर्ने नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला पूर्व पश्चिम राजमार्ग र हुलाकी सडक सञ्जाल समेतले जोडिएको तराईको जिल्ला हो । लुम्बिनी प्रदेशका अन्य जिल्लाहरूमा जस्तै यस जिल्लामा पनि सवारी दुर्घटना अथवा सडक दुर्घटनाको दर न्यून हुन सकेको छैन् । राजमार्ग सडक, हुलाकी सडक र भित्री सडकहरूमा दैनिक जसो दुर्घटना हुने गरेको अवस्था छ । चालकको लापरबाही, सवारी चालक अनुमती पत्र प्राप्त नगरी

सवारी चलाउनु, तीव्र गति, मादक पदार्थको सेवन, पुराना सवारी साधनको सञ्चालन आदि कारणहरूले गर्दा दुर्घटना हुने गरेको छ ।

आर्थिक वर्ष ०७७/०७८ मा नवलपरासी जिल्लामा साना ठूला सवारी साधनहरू समेत गरी जम्मा १९४ वटा सवारी दुर्घनाका घटनाहरू भएकोमा (सवारी साधन एक-आपसमा ठोकिई मानिस घाइते नभएका घटनाहरूको संख्या समावेश छैन) महिला, पुरूष र बालबालिका समेत गरी जम्मा ५१ जनाको मृत्यु भएको थियो भने २८६ जना घाइते भएका थिए । त्यसैगरी आर्थिक वर्ष ०७८/०७९ मा जम्मा १८७ वटा सवारी दुर्घटनाका घटनाहरू भएकोमा सो दुर्घटनाहरूमा महिला, पुरूष र बालबालिका समेत गरी जम्मा ३४ जनाको मृत्यु भएको थियो भने २७८ जना घाइते भएका थिए । अघिल्लो आ.व.को संख्या हेर्दा यस आ.व.मा दुर्घटना संख्या तथा मृत्यु एवं घाइते हुनेहरूको संख्यामा भने केही कमि आएको पाइन्छ ।

त्यसैगरी यस आ.व. को १० महिनाको अवधिमा मानिस मृत्यु तथा घाइते हुने गरी भएका ७० वटा सवारी दुर्घटनाका घटनाहरूमा महिला, पुरूष तथा बालबालिकाहरू समेत जम्मा ३६ जनाको मृत्यु भइसकेको छ भने ८० जना मानिसहरू घाइते भई उपचारको लागि विभिन्न अस्पतालहरूमा पठाइएको थियो । यसै तथ्याङ्कलाई आधार मानी विश्लेषण गर्दा अघिल्लो दुई आ.व. को तुलनामा यस आ.व. को घटना संख्यामा कमी आएको छ भने, मृत्युको संख्या भने बढी रहेको देखिन्छ तर घाइतेको संख्यामा भने कमी देखिन्छ ।

नेपालको भूबनोटको कारणले गर्दा सडकको अवस्था जहिले पनि कमजोर हुने गरेको छ । पहाडी भूभागमा रहेका सडक पानी परेको बेला हिलाम्मे हुने र पानी नपर्दा धुलाम्मे हुने गरेको कारण सडक दुर्घटना हुने गरेको पाइन्छ । सडकको कमजोर अवस्था, खाल्डाखुल्डी र साँघुरा सडक र घुम्तीहरूको कारण पनि दुर्घटना हुने गरेको छ । सवारी साधनको अवस्था, पुराना सवारी साधन, सडक प्रयोगकर्ताको लापरबाही, तीव्र गति, अदक्ष चालक, लामो समय सम्म एउटै चालकले सवारी चलाउनु, सवारी नियमको उलङ्घन गर्नु, क्षमता भन्दा बढी यात्रु तथा सामान ढुवानी गर्नु पनि सडक दुर्घटना निम्त्याउने थप कारण बनेका छन् । त्यसमा पनि मापदण्ड बिना र योजना बिना निर्माण गरिएका सडक र सडकको अवस्था अनुसार सवारी सञ्चालन नहुनुले पनि सवारी दुर्घटना गराउन आधार तयार गरेका छन् ।

युरोप अमेरिका लगायतका मुलुकहरूमा सार्वजनिक सवारी साधन चलाउने चालकहरूको ड्रेसकोर्ड अनिवार्य गरिएको छ । त्यहाँका चालकहरू टाई सुट लगाएर अत्यन्त मर्यादित र अनुशासित तरिकाले सवारी साधन चलाउछन् । चप्पल लगाएर सवारी साधन चलाउन नपाइने नियम छ र यो कडाईका साथ पालना हुने गरेको छ । हामी कहाँ ट्राफिक चेकजाँचलाई हैरानीको रूपमा लिने गरिएको छ । आफूलाई चित्त नबुभ्क्दा सडकमा डिउटीमा उभिएको ट्राफिक प्रहरी कर्मचारी माथि जाइलाग्ने गरेको पाइन्छ, मानौ ऊ हाम्रो सबै भन्दा ठूलो दुश्मन हो ।

विकशित देशमा सवारी नियमको उलङ्घन सार्वजनिक सवारी साधनहरूका चालकले हतपति गर्दैनन् । किनकि त्यहाँ सवारी नियमको उलङ्घन गर्नेलाई जरिबानाको दर अत्यन्त उच्च छ । यो पनि दुर्घटना न्यूनीकरण गर्ने एउटा तरिका हो । हामी कहाँ आए आफ्नो, गए शाहुको भन्ने चलन व्याप्त छ । गाडी किनेर चालकको जिम्मा लगाएको सवारी धनीलाई किस्ता कसरी बुभ्काउने भन्ने मात्र ध्याउन्न हुन्छ । युवाहरूको खाडी लगायतका मुलुकहरूमा भएको पलायनले गर्दा सवारी साधन चलाउने चालकहरूको अभाव छ । सवारी साधन चलाउन जानेको हुन्छ तर चालक अनुमती पत्र हुँदैन । सवारी दुर्घटना भएको अवस्थामा उसले व्यहोर्नु पर्ने कानूनी जटिलताको बारेमा न सवारी धनीलाई जानकारी छ ? न चालक स्वयमलाई ? सवारी दर्ता नवीकरण र इन्सुरेन्स किन गर्नुपर्छ भन्ने पनि थाहा नभएको अवस्था छ ।

मादक पदार्थको सेवन गरी सवारी साधन चलाउनु दुर्घटनाको प्रमुख कारण हो । तसर्थ मादक पदार्थ र लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाउने, सवारी साधन चलाउँदा मोबाइलमा कुरा नगर्ने, नजिकमा बसेको यात्रुसँग कुरा नगर्ने, तीव्र गतिमा सवारी नचलाउने, सडकको अवस्था अनुसार मात्र सवारी चलाउने, तीव्र गति र चालकको नियन्त्रण बाहिर सवारी नचलाउने, पैदल यात्रुलाई प्राथमिकता दिई सवारी साधन चलाउने र सवारी नियमको पालना गरी सवारी साधन चलाउने गरेमा पक्कै पनि सवारी दुर्घटनाबाट बच्न सकिन्छ ।

त्यस्तै यात्रु बोक्ने साधनमा नुन तेलदेखि चामलसम्म बाख्रा, भैसी कुखुरादेखि सुँगुरसम्म बोक्ने र सवारीको क्षमता भन्दा बढी यात्रु बोक्ने तथा सामान ढुवानी गर्ने साधनमा यात्रु बोक्ने कार्यले दुर्घटनालाई बढावा दिएको छ । यसलाई नियन्त्रण र निरूत्साहित गर्नु पर्दछ ।

सुरक्षित यात्राका लागि सवारी साधन दुरूस्त हुनु, चालक स्वास्थ्य हुनु र चालकलाई सडक सुरक्षाको बारेमा पूर्ण ज्ञान हुनु जरूरी रहेको छ । साथै नेपाल प्रहरी लगायतका निकायहरूले समय समयमा चालक लक्षित चेतनामूलक कार्यक्रम र स्वास्थ्य परीक्षण लगायतका कार्यक्रमहरू सञ्चालन गरी चालकलाई प्रशिक्षित गर्ने कार्यलाई थप निरन्तरता दिई दुर्घटना कम गर्न सकिन्छ । ♦

**लघुकथा**

# खुसीको आँसु



✍ **ललिता 'दोषी'**

रमणले कोठामा पस्दै भन्यो– "आमा ! म तपाईंलाई भोलि पशुपति घुमाउन लैजान्छु ।" रनमायाले आँसु पुछ्दै– "खान्न बाबू ! मलाई केही हेर्न मन नै छैन । दिउँसो गाइँगुइँ कुरा सुनेपछि आङमा घाम लागेको छैन । म भएसम्म तैंले पटक्कै पीर नगर बाबू ! एउटा त के दुइटै किड्नी दिनुपरे पनि म दिन्छु । म त डुब्न लागेको घाम न हुँ । तँ धेरै बाँच्नुपर्छ बाबू । ढुङ्ग्रो, माडवारी मात्र होइन दुःखको बेलामा काम लाग्ला भनेर थुक निलेर साँचेको केही पैसा पनि छन् ।"

रमणको बोली फुटेन मुटु भने फुट्ला जस्तै भयो । लैजान्छु भनेको त खान्छु सुन्नुभए छ भन्दै कोठाबाट निस्केर श्रीमतीको मन चोर्न मोबाइल गर्दै भन्यो– "हेलो मेरी प्यारी, कुन बेला माइती पुग्यौ ? हेर न, मेरो पनि दुइटा किड्नी फेल भएको रहेछ । तिमीले एउटा किड्नी दिनुपर्ने भयो । डाक्टरले यही सल्लाह दिएका छन् ।"

सीमाले तुरून्त जबाफ फर्काई– "होइन के कुरा गर्नुहुन्छ ? तपाईंलाई मेरो माया लाग्दैन ? मलाई पनि केही भयो भने तपाईंलाई कसले स्याहार गर्छ हँ ? अहिले आमालाई वृद्धाश्रम नपुऱ्याउनुहोस् । उहाँको किड्नी भए पनि काम लाग्छ ।"

श्रीमतीको कुराले रमणलाई मुटुमा सयौं वाण लागेझैं असैह्य भयो । आमालाई कान नसुन्ने बनाइदिएकोमा भगवान्‌लाई मनमनै धन्यवाद भन्यो । श्रीमतीको मोबाइल काटेर आमाको काखमा सुतेर पश्चातापको आँसु झार्दै भन्यो–"आमा, पीर नगर्नुहोस् । मलाई केही भएकै छैन । पर रामहरि बाजेको किड्नी फेल भएको हो । तपाईंले त रमण सुन्नुभएछ ।"

छोराको कुराले रनमायाको आँखाबाट खुसीको आँसु झरिरह्यो तप्पतप्प ।

कविता

# किन मान्नु म कसैलाई गुरु ?



✍ राजबाबु श्रेष्ठ (सागर )

भोकको शय्यामा मृत्युको सिरक ओढेर
पुलमुनि बाँच्न सिकेको मान्छे हुँ म ।
अभावै अभावका वनहरूमा भौंतारिदै गर्दा
डाँफे र मुनालसँगै
नाँच्न सिकेको मान्छे हुँ म ।
सोलुखुम्बुको त्यो ठाडो उकालो
एक भारी भोक बोकेर उक्लिदै गर्दा
बाटाका जून र ताराहरूसँग
हाँस्न सिकेको मान्छे हुँ म ।
एक भारी सपना
आफ्नै पाइतालाले कुल्चेर
एक मुट्ठी मुस्कान
साँच्न सिकेको मान्छे हुँ म ।

किन मान्नू म कसैलाई गुरू ?
खोइ म पढ्ने पाठशाला ?
र कहाँ छ मलाई पढाउने गुरू ?

जात पढाउने तिम्रो पाठशालामा
म कहिल्यै त्यहाँ अटाउन सकिनँ ।
मनुस्मृतिले कोरेका छुवाछुतको रेखा
मेरो लाचारीको डस्टरले
कहिल्यै मेटाउन सकिनँ ।
छुवाछुत फुल्ने तिम्रा ती हाँगाहरूमा
खोइ ? देखाऊ न
कहाँ छ, फुलेको मेरो जातको फूल ?

तिमीले दिएको खाते सर्वनामले मलाई,
जसले धरतीलाई बिछ्यौना
र एक अङ्गालो आकाश ओढ्न सिकायो ।

किन, मान्नु म कसैलाई गुरू ?
खोइ, म पढ्ने पाठशाला ?

खोल्नु नै छ भने,
मेटेर विद्रोहको डस्टरले जात
मानवताको पाठशाला खोल्नु ।
रोप्नु नै छ भने,
उखलेर मनुस्मृतिको जात
एउटै जातको रूख रोप्नु ।

सबैभन्दा पहिले,
उखलेर चारैतिर विभेदको रूख
त्यहाँ एउटै आकाश र पृथ्वी रोप्नु
जहाँ एउटै जातको फूल फुलुन्।

किन, मान्नु म कसैलाई गुरू ?
जसले शिष्यका गुरू दक्षिणाबाट
शहरमा विभेदका पाठशाला खोल्ने गर्छन् ।

लघुकथा

# पुस्तक विमोचन



✍ गङ्गा कर्माचार्य पौडेल

नयाँ किताब बजार पठाउनुभन्दा पहिला विमोचन गर्ने चलन छ । यो चलनलाई कसैले पुस्तक लोकार्पण भन्छन् । कसैले घुम्ती खोली भन्छन् ।

एकदिन मेरो साथी कवि लेखनाथले भने, "हेर न मेरो त किताब छाप्न भन्दा विमोचन गर्दा दोब्बर खर्च बढी लाग्यो । किताब नि बिक्री भएन । के गर्नु ? यो विज्ञापनको जमानामा अलि हल्लाखल्ला गरेन भने पनि कसैले साहित्यकार भनेरै चिन्दैनन् । त्यै भएर किताब विमोचन त गर्नै पऱ्यो"।

त्यो त हो । देखेकै छौ नि त्यो चतुरमानले एउटा किताब लेखेर नेपाल अधिराज्यभरिका प्रदेश र जिल्ला घुमायो । त्यतिले नपुगेर यूरोप अमेरिका तिरका साहित्यकारहरूलाई पिडिएफ पठाएर धुमधामले अन्तक्रिया समेत गरायो । अहिले उसलाई सबैले वरिष्ठ साहित्यकार भन्छन् । म नेपाली भाषा साहित्यको गद्यपद्य दुवै विधामा कलम चलाई विविध विषयमा तीन दर्जन किताब लेखीसकें तर मलाई कसैले चिन्दैनन् ।

मेरो कुरा सुनेर लेखनाथले फेरि भने "मेरो किताब विमोचनमा चार जना विज्ञबाट समिक्षा गर्न लगाइएको थियो । मैले सोचेको थिएँ, त्यति धेरै जनाले समिक्षा गरेपछि प्रचार प्रसार त हुनेनै भयो । त्यसमा पनि मैले उहाँहरूबाट प्रशस्त र सही मार्ग निर्देशन पाउनेछु भन्नेमा म ढुक्क थिएँ ।

विज्ञहरू बोल्ने क्रममा पहिलो विज्ञले भन्नुभयो, "किताबमा भाषा अशुद्ध छ । रहरले मात्र किताब छापेर धनको नाश, वनको नाश र समयको नाश भयो। यस्तो किताब लेख्नु भन्दा नलेखेको जाती" ।

दोस्रो विज्ञले आफू विद्यार्थी छँदा पढेको उपन्यासको कुरा गर्नुभयो । मेरो किताब भित्र पस्नुनै भएन ।

तेस्रो विज्ञले भन्नुभयो, "अचेल साहित्यका किताब लेख्ने मान्छे धेरै भए ।

चयाउसरि उम्रिएका छन् किताबहरू । सैद्धान्तिक ज्ञान बिना लेखिएका ताइतुइका किताब पनि साहित्य हुन्छ ? साहित्यकार बन्न अलि बढी नै मेहनेत गर्नु पऱ्यो नि । अनि पो स्तरीय किताब लेखिन्छ" ।

चौथो विज्ञले मेरो किताब हातमा लिएर नचाउँदै भन्नुभयो, "लेख्नुस् यस्ता थुप्रै किताब लेख्नुस् । एउटा विधाको दश ओटा किताब लेखेपछि एउटा त कसो उत्कृष्ट नहोला र । भविष्यमा ठूलो साहित्यकार बन्नुहोस् शुभकामना"। ♦

कविता

# बोल्छ



✍ **बेनी बहादुर थापा**

परिश्रमले मान्छे महान, बन्न मिल्छन् पनि कति ।
श्रम शोषण गर्ने ती, पशुहरू पनि कति ।।
श्रम गर्ने महान छन्, वैज्ञानिक कति-कति ।
श्रमले नै ठुला-ठुला, उद्योग ती कति-कति ।।

कविता खोज गाउँमा, गरिबहरू छन् जहाँ ।
खान लाउन नपुगेर, आत्महत्या पनि जहाँ।।
कविता खोज भरिया, हलो जोत्नेहरूसँग ।
कविता खोज लौ तिमी, गिटी कुट्नेहरूसँग ।।

कविता लेख तिनको, बालुवा चाल्ने छन् जहाँ।
त्रिशुलीको किनारमा, जान सक्छौ तिमी त्यहाँ ।।
कविता गाउँको लेख, देउराली र भन्ज्याङको ।
कविता ठाउँको फेरि, उकाली र ओरालीको ।।

दुःख, बेथा गरिबको, कवितामा उतार है ।
दुःख तिनको कम गर्ने, कसरी हो बिचार है ।।
गरिबी तिनमा धेरै किन, छायो पनि बुझ ।
कसरी न्यून पार्ने, सोच केही अनि बुझ ।।

मरी-मरी गिट्टी कुट्ने, आधा पेट पनि कतै ।
पुसमा बालुवा चाल्ने, खान धौं-धौं हुने कतै ।।
चप्पल लगाई आउने अर्बौपती पनि भए ।
कति फेरि ठुला-ठुला पलायन पनि भए ।।

# चर्तुमास, तुलसी र पुरुषोत्तम महिना



✍ अच्युतप्रसाद पौडेल 'चिन्तन'

पूर्वीय धर्म शास्त्र मान्ने नेपालीहरूका घर, महल, मठ, मन्दिरहरूमा चतुर्मास अवधि (आषाढदेखि कार्तिकसम्म) तुलसीको विशेष पूजा हुने गर्छ । तुलसीवृक्ष, उपासना वा मोठ भएका घरमा वास्तुदोष रहँदैन । आवास गृहहरूमा अन्य वृक्ष, रूखहरूले छाया परेका भए वास्तु दोष मानिन्छ भने तुलसीवृक्षको छाया परेमा वास्तुदोष मेटिन्छ । शास्त्रीय मान्यतामा तुलसीको मोठ, गमला आदि सजाउने कार्य उत्तर, पूर्व या पूर्वोत्तर दिशामा गर्नुपर्छ । तुलसी वृक्षबाट बिघ्न, बाधाहरू हट्छन् र मनका भय, अशान्तिहरू पनि दूर हुन्छन् । रोगनाशक शक्ति हुन्छ तुलसीमा ! आपत् उद्धारक बीज शक्ति तुलसीको उपासना गरेरै अपहरित सीतालाई रावणरूपी क्रोध, भय, हिंसा, अनि तनावको स्थितिबाट मुक्त गर्नु भएको थियो श्रीरामले ! पञ्चवटीक्षेत्रमा आफ्नै हातले जलसेचन गर्दै तुलसी प्रार्थना गरेको र उनै राम द्वापरयुगमा कृष्ण भई धर्ती अवतरित भएर वृन्दावन सुरम्य भएको हो । वृन्दा भन्नु तुलसी नै हो, यसको विशालताले त्यो क्षेत्र वृन्दावन भएको हो । अघिल्लो जन्ममा 'गुणवती' ले तुलसी उपासना गरेकीले पछि श्रीकृष्णकी पत्नी सत्यभामा भएकी हुन् र उनका पिता सूर्य र तुलसीको उपासनाको कारण 'सत्राजित्' भएका र पति 'चन्द्रदेव' पछि अक्रुर भई श्रीकृष्णका महामन्त्री बनेका हुन् । अघिको 'तुलसी' सत्यभामाको घर आँगनीको 'कल्पवृक्ष' हो ।

तुलसीवृक्ष क्षेत्र आफैंमा पवित्र हुन्छ, नयाँ ऊर्जा पनि दिन्छ । मृत्यु शय्यामा पुग्न लागेकाहरूलाई यसले 'मृत्युसञ्जीवनी'को काम गर्छ। आयुर्वेदशास्त्रका प्रणेता 'धन्वन्तरी'ले तुलसीलाई सम्पूर्ण आयुर्वेदशास्त्रको प्राण भन्नुभएको छ । पूर्वीय दर्शनमा विश्वास गर्ने हाम्रा लागि तुलसी जीवनको आरम्भदेखि मृत्युपर्यन्त जीवन साथी नै हो । तुलसी मञ्जरी (सुकेको पात) हरदम रहने घर, आवास गृहहरूमा प्रेत,

पिशाचहरूको भय हुँदैन, शरीर निरोगी हुन्छ । हिजोआज 'हर्वल टि', 'तुलसी चिया' बिहानै पिउने चलन पनि छ । घरको पछाडि वा दक्षिणक्षेत्रमा तुलसी, मोठहरू, गमलाहरू निषेध छ । पितृहरूका लागि तुलसी अनिवार्य हुन्छ । गाई, गोठ, गौशाला परिसर र तुलसीक्षेत्र परिसरमा ठूल-ठूला कष्टहरू सहन गर्ने क्षमता हुन्छ ।

तुलसीको स्थापना गर्नाले सदाशिव सदैव प्रसन्न हुनुहुन्छ । तुलसीदललाई वैधृतियोग, व्यतीपातयोग, भृगुबार, मङ्गलबार, औंसी, पूर्णिमा तिथि, द्वादशी, आशौच समय र जन्म सूतकमा टिप्नु हुँदैन । तुलसीका सुप्रसिद्ध आठ नामहरू मध्ये 'वृन्दा', 'वृन्दावनी', 'पुष्पसारा' 'नन्दिनी' हो जसको अर्थ हुन्छ-सारा विश्वलाई पवित्रतम बनाउने ! विश्व ब्रह्माण्डको उदय धर्तीको मूल तत्त्व पाँच भौतिक पदार्थ (माटो, पानी, वायु, अग्नि, तेज) हो । जल, वायु, तेज, आकाश तत्त्वबाट सिर्जित यो सूक्ष्म ब्रह्माण्ड हाम्रो शरीरलाई वास्तुशास्त्रकै विषयवस्तुको मिश्रण भनिएको छ । विशाल ब्रह्माण्डको प्रतीक संसार हो ।

शुक्ल र कृष्ण गरी दुई भेद भए पनि उस्तै सिद्धि दिने एकादशी हरेक महिनाको दुई वटाको दरले वर्षभरिमा चौबिसवटा र पुरूषोत्तम मास समेत दुईवटा गरी जम्मा २६ वटा हुन्छन् । त्यसमध्ये तुलसी वीज रोपणको एकादशी "निर्जला" हो । चतुर्मासको समापन हरिबोधिनी एकादशी भने कार्तिक शुक्लमा पर्छ । सामान्यतया द्वादशीयुक्त एकादशीलाई एकादशी भनिन्छ । दिनको प्रातः समय एकादशी, मध्यादिनभरि द्वादशी र भोलिपल्ट सूर्योदयअघि त्रयोदशी तिथि स्पर्श भएको एकादशीलाई त्रिस्पृशा भनिन्छ । यस्तो पर्व परेमा अन्य एक हजारवटा एकादशीको पुण्य एकैदिनको उपासनाबाट लिन सकिन्छ । शुक्लपक्षको पुनर्वसु नक्षत्रले युक्त भएको एकादशी जया हो, शुक्लपक्ष श्रवण नक्षत्रले युक्त विजया हो, द्वादशी रोहिणी नक्षत्र परे जयन्ती हुन्छ र पुष्य नक्षत्र परेमा पापनाशिनी हुन्छ । कलियुगमा मानिसको उमेर समय निकै नै थोरै भएकाले यस्ता विशेष दिनहरू पहिल्याई पुण्य लिने प्रयास गर्नु पर्छ । फलाहार, जलाहार वा निराहारबाट एकादशी उपासना गर्ने गरिन्छ । वाणीको व्रत, श्रवणको व्रत, आचरण, तन, मन, धनको पवित्रता, इन्द्रिय निग्रह, देवपूजा, हवन, जप, अनुष्ठान, दान, क्षमाशीलता, सबै नै उपासनाका स्वरूपहरू हुन् । एकादशीमा अन्न खास गरी चामलमा मानिसका दुष्कर्म (पाप) हरू बस्ने भएकाले अन्न नै ग्रहण गर्नु परे पनि चामलको भात र परिकार ग्रहण नगर्ने

विधान छ । महिनामा एक दुई दिन अन्न त्यागले शरीरको पाचन क्षमता राम्रो भई शरीर निरोगी हुन्छ र मुख्य जठराग्नि पनि बलियो हुन्छ । आयुर्वेदले पाचन प्रणाली बिग्रने कारण नै सबै किसिमका रोगको उदय हुने बताएको छ ।

अग्निपुराण, अथर्ववेद, उपनिषद्हरूदेखि मत्स्यपुराणसम्म र अनेकौं पूर्वीय धरोहर, साहित्य नै हुन् । यसै अन्तर्गतको छुट्टै पुराण ब्रह्मवैवर्त पुराणले तुलसीको व्यापक चर्चा गरेको छ । तुलसीसँग वायु प्रदूषण मुक्त गर्ने क्षमताको साथै जल प्रदूषणको मुक्तिको क्षमतासमेत रहेको छ । यमुनातटमा द्वापरयुगमा तुलसीवृक्ष भए पनि हाल कलियुगका नदी किनारमा तुलसीवृक्ष निषेध छ । जीवनका सञ्चालक जलशायी विष्णु र विष्णुको प्रतीक तुलसी र वर्षा ऋतुसँग घनिष्ट सम्बन्ध छ । वर्षाको पूर्वाभ्यास सँगसँगै अन्नको मूलस्रोत जल भण्डार वितरण आषाढदेखि नै हुने गर्छ । बिस्तारै जलको वर्षा कम हुँदै जीवनको मूल स्रोत अन्न भण्डारको थालनी कार्तिक मार्गसँगै तुलसीको पूजा समापन समेत हुने गर्छ । जीवनको उदय भनौं सृष्टि जलबाटै हुने हो र रक्षा अन्नबाटै हुने हो । जल र अन्न दुवैका लागि वायु अनि पृथ्वी (माटो) आवश्यक छ । सँगसँगै पाक शक्ति (अग्नि/तेज) पनि आवश्यक छ, र त तुलसीको चर्चा गर्नु परेको हो ।

पूर्वीय धर्म, दर्शन अनुसार तिथि, बार, नक्षत्र, योग, करण यी पाँच तत्त्व मिश्रण भएर पन्चांग बन्छ र पन्चांगअनुसार पात्रो र त्यसको निर्देशनानुसार दिन, पर्व, चाड, उत्सव भनौं जन्मदेखि मृत्यु संस्कार सम्मका सबै कार्य गरिन्छ । सूर्यको गति भन्नु गते हो, १२ महिनाको १ वर्ष, कुनै महिना २९ देखि ३२ दिन सम्मको र जम्मा गरी ३६५ दिनको १ वर्ष हुने गर्छ । चान्द्रमास अनुसार तिथि हुन्छ, हाम्रो संस्कृति र सभ्यता प्राचीन अझ भनौं अर्वाचीन सम्मको छ र सूर्य र चन्द्रमास अनुसार संस्कार, पद्धतिको विकास भएको छ । तिथि, नक्षत्र, राशिका सबै कुरा चन्दमाको गति अनुसार हुन्छ । चन्द्रमा चम्किला भएका बखतलाई शुक्ल पक्ष, पूर्णिमा भनिन्छ भने अँध्यारोको १५ दिने समयलाई कृष्णपक्ष, औंसी भनिन्छ । शुक्लपक्ष वा रात्रिको उज्यालोको पक्ष देवताको दिन हो भने रातको अँध्यारो, कृष्णपक्ष पित्रको दिन हो । स्पष्ट भन्नु पर्दा माघदेखि असारसम्मको सूर्य उत्तरायण देवताको दिन हो भने श्रावणदेखि पौषसम्मको समय पितृको दिन हो । अझै स्पष्ट भन्दा हाम्रो ३६५

दिनको १ वर्ष हुँदा पितृको केवल १ दिनमात्र हुन्छ ।

हाम्रा घर आँगनीमा फेरि अधिक मास आएको छ । २०८० श्रावणको २ गतेदेखि ३१ गतेसम्म अधिकमास परेको छ । मलै मल भएकोले मल मास, बढी समय भएकाले अधिक मास पनि भन्ने गरिएको छ । हाम्रो संस्कृति र सभ्यता प्राचीन अझ भनौं अर्वाचीन सम्मको छ र सूर्य र चन्द्रमास अनुसार संस्कार, पद्धतिको विकास भएको छ । सौर्यमास १ महिनामा औसत ३० दिनको हुन्छ भने चन्द्रमास औसत २९ दिनकै हुन्छ । भनौं गतेले ३६५ दिनको १ वर्ष हुँदा चन्द्र गतिअनुसारको तिथि र यसका बिच बिचमा हुने क्षयले गर्दा ३५४ दिनमै १ वर्ष हुन्छ । हरेक वर्षको झण्डै ११ दिनको दरले बढी हुँदै जाँदा झण्डै ३ वर्षमा १ महिना नै बढी हुने गर्छ । यही बढी भएको समय नै अधिकमास हो । जसलाई मलमास भनिने गरियो सृष्टि सञ्चालनको क्रमदेखि नै ।

वैदिक परम्पराअनुसार हरेक मास, बार, ऋतु, तिथि, नक्षत्र, राशि भनौं पलपल सम्मको आ-आफ्ना अधिष्टातृ देवता भनौं मालिक हुन्छन् । सबैका आफ्ना इष्टदेव कुलदेव हुन्छन् । मानिसमा पनि आफ्नो इष्ट देव कुलदेव भएन भने त्यो बेलगामको घोडा सरह हुन्छ, बेवारिसे हुन्छ, गतिछाडा भई घरको न घाटको हुन्छ । यो नियम समाज, संगठन, संस्था, देशको पनि हुन्छ । वैदिक परम्परामा ३३ करोड देवता छन् । सबैले आफ्नालाई संरक्षण गरिराखेका हुन्छन्, जसबाट अपनत्व, मालिकत्व स्विकारिएको हुन्छ । सरल रूपमा भन्नु पर्दा हाम्रा घरमा बा अथवा अभिभावक हुनुहुन्छ भने जस्तै हो । यहाँ बढी भएको समय अधिकमासको कोही मालिक भएन आजको भाषामा भन्दा ऊ अनागरिक जस्तै भयो । यतिबेला कुनै चाड, पर्व पनि परेनन्, कुनै उत्सव नै भएन । कुनै काम नभई बेसहारा बन्न पुगेको अधिकमास लकडाउनको बेलाको घर जस्तै भयो, सबैतिर ठप्प छ, कसैले केही नगर्ने, न उत्साह, न उमंग, न चहलपहल, मूर्तिवत हुँदा उसले आफ्नो मालिकको खोजी गर्न लाग्यो । जीवन निरस भएको कसैले वास्ता नगरेको, गर्भश्राव भई आमाको कोखबाट अधिक्रो गएको अनुभूति गर्न लाग्यो र मरेको बिरालो जस्तै भएर सृष्टिकर्ता ब्रह्मा कहाँ पुग्यो । ब्रह्माको काम त सिर्जना मात्रै थियो, संरक्षणका लागि तारणहार श्री विष्णु कहाँ पुग्नु पर्ने सुझाव पायो उसले । श्रीविष्णु कहाँ पुग्दा मेरो स्थीर रूप गोलोकबासी श्रीकृष्ण सामु यो कुरा पुऱ्याउनु पर्छ भनेपछि निरिह अधिकमास गोलोक पुग्यो । गोलोक पुग्नासाथ

उसको अनुहारमा चमक आइहाल्यो । श्रीकृष्णले तिम्रो सहारा म हुन्छु भनेपछि ऊ प्रसन्न भयो र उसको नाम बदलियो । अबदेखि उसलाई पुरूषोत्तम मासले सम्बोधन हुने भयो, सबैको उत्तमलाई पुरूषोत्तम भनिन्छ । बेसहारा, पीडित, त्याज्य, अपहेलितको सहारा दैव हुन्छ भन्ने मान्यता अनुसार अब ऊ सबै मासको सबैभन्दा उत्तम समयको रूपमा देखियो । यो मासमा गरिने व्रत, ध्यान, पूजा, तप, निष्ठा कर्म थोरै भए पनि जसले गर्छ त्यसको फल अनन्त हुने भयो । यसै अनुसार विशेष दान पुण्य गर्न चाहने, थोरै खर्चमा धेरै पुण्य चाहनेले यस मासमा धार्मिक कार्यहरू गर्ने गरिन्छ । यद्यपि घर वास्तु, विवाह, ब्रतबन्ध, अन्य ठूला औपचारिक चाड पर्व भने मान्ने चलन अहिलेसम्म छैन । अघि द्वापर युगमा वनबासको समयमा कुन्ती, द्रौपदी सहित पाँच पाण्डवले कन्दमूल, फलहरूको भोजन गरेर यो व्रत गरे । स्वयं श्रीकृष्णले सबै कथा सुनाएर समस्या पर्दा धैर्य गर्ने, आफ्नो धर्म र निष्ठा नछोड्ने, यथाशक्ति पुरूषोत्तम मासको व्रत, पूजा गर्न निर्देशन दिनु भएको कुरा शास्त्रहरूले चर्चा गरेका छन् । काम्यक वनमा बसेर उनीहरूले यस मासको आराधना गरे, सान्त्वना पाए आफ्ना मालिकबाट । अब मलमास पनि सबै मासको राजा हुने भयो । थोरै गरिएको दान पुण्यको फल सिधैं भगवानसम्म पुऱ्याउन सक्ने भयो । यो मासका बीचमा २ एकादशी हुन्छन् जसलाई पद्मिनी र परमा एकादशी भनिन्छ, जुन अहिले १३ गते र २७ गते परेको छ ।

अधिकमासमा खासगरी ३३ कोटी देवताको प्रतीक ३३ वटा मालपुवा तयार गरी तुलसीपत्र राखी, काँसको थालमा पहेंलो पिताम्बरले छोपेर सुनको प्रतिमा सहित भगवानमा अर्पण गर्ने विधान छ । सक्नेले ठूलो विधिले कथा माहात्म्य श्रवण गर्दै श्रीकृष्ण कथा, पुराणहरू श्रवण गर्छन् । विपुल लक्ष्मी, धन, कीर्ति, मान, इज्जत, प्रतिष्ठा, जीवनमा ऐश, आराम, शान्ति, कान्ति चाहनेले यो मासको यथाशक्ति उपासना गर्नै पर्छ ।

प्रत्येक ३ वर्षमा ३ महिनाको अन्तरालमा यस्तो समय आउँछ । यसअघि २०५० भादौ, २०५३ असार, २०५६ जेठ, २०५८ असोज, २०६१ साउन, २०६४ जेठ, २०६७ वैशाख, २०६९ भदौ, २०७२ असार, २०७५ जेठ, २०७७ असोजमा थियो, अहिले ०८० साउन हुँदै अब आउने वर्षहरूमा यस्तो मास २०८३ जेठ, अनि २०८५ कार्तिकमा पर्दछ र फेरि पनि परिरहन्छ । काठमाडौं किर्तिपुर नजिकको मच्छेगाउँ हिजोआज

झकिझकाउ भएको छ । त्यसो त २०८० श्रावण महिना अधिकमास, मलमास वा भनौं पुरूषोत्तम मास परेको छ । ईश्वरको मूल २४ अवतार र त्यसमा मुख्य १० अवतार मध्ये मत्स्य भनौं माछो अवतार मत्स्यनारायणको निवासक्षेत्र भएकाले यो स्थान बढी पावन भएको हो, त्यसो त तेस्रो अवतार बँदेलकै कारण पूर्वको चतराक्षेत्र पावन छ, बाराहक्षेत्र । नेपालका ४ धाम बाराहक्षेत्र, पशुपतिक्षेत्र, रूरूक्षेत्र र मुक्तिक्षेत्र हो । सत्ययुगमा नेपालको नाम सत्यपुर, त्रेतामा तपोवन, द्वापरमा मुक्तिपुर र हाल कलिमा नेपाल रहेको छ । श्रीवष्णुको दोस्रो अवतार कछुवाबाट पृथ्वीको रक्षा भई देव दानवहरूले समुद्रमथन गरी प्राप्त पृथ्वी धन बाँडेर लिएका हुन् । चौथो अवतार नृसिंह अर्थात आधा मान्छे आधा सिंह रूपबाट दानव हिरण्यकशिपुको बध गरी भक्त प्रह्लादको रक्षा र वामन अवतारबाट वलि निग्रह गरी छैठौं अवतारमा मानिसको उग्ररूप परशुरामको रूप लिई शोषक शासक राजामहाराजाहरूको दोहोलो काढेको अनि सातौं रूपमा अयोध्यामा आदर्श रामको रूप अनि वृन्दावनमा श्रीकृष्णको अवतारपछि लुम्बिनीमा शान्तिको रूपमा बुद्ध अवतार र हाल चालु कलिको अन्त्यमा कल्की रूप लिएर संसारलाई त्राण दिने प्रसंगहरू पूर्वीय धर्म दर्शनमा यत्रतत्र पाइन्छ । श्लोक यस प्रकार छ,

**मत्स्य कुर्मो वराहश्चनारसिंहश्च वामन । रामो रामश्च कृष्णश्च बुद्ध कल्कि तथैव च ।।**

थानकोट आसपास छ मच्छेगाउँ, नजिकै थानकोटस्थित मातातीर्थमा उनै अवतारी श्रीकृष्ण आमाको मुख हेर्न आएका थिए । ४ नारायण चारैतिरबाट रक्षित काठमाडौंको बुढानीलकण्ठ शिव र विष्णुको संयुक्त रूप हो । आराध्यदेव पशुपतिनाथ नपुगेसम्म संसारकै भ्रमण पूरा हुन्न, शिरभाग भएकाले शिवको । शिव र विष्णुमा भेद छैन । शिवको आश्रयस्थल हाम्रो मिलयक्षेत्र हो र यहाँको हिमाल हेर्न दुनियाँ यहीं आउँछ । पुरूषोत्तम मासभरि चन्द्रागिरी न.पा. क्षेत्र मच्छेगाउँमा रहेका कुण्डमा स्नान गर्नुपर्ने, भगवान् मत्स्यनारायणको दर्शन गर्नुपर्ने शास्त्रीय मत छ ।

यहाँ कुण्डको मध्यभागमा मन्दिर छ, मन्दिरमा माछाको मुख देखिन्छ भने भगवानको ४ हातमा शंख, चक्र, गदा, पद्मको रूप देखिन्छ । यहाँ घण्टाकार पौराणिक र कलात्मक शैलिको वरिपरी १४ कलात्मक धारा र पछाडितिर पर्खालमा श्रीवष्णुको मूर्ति रहेको छ । वाहन गरूड, हनुमान, शिवलिंग लगायतका विभिन्न मूर्तिहरू सजिएका छन् । ♦♦

# विज्ञान, धर्म र अध्यात्म



✍ **राजेशमान के.सी.**

विज्ञान प्रकृति र उर्जा अथवा शक्तिको पछाडि हुने नियमहरूको अध्ययनको नाम हो । खासगरी प्रकृतिमा हुने रूपान्तरण, प्रकारान्तरण वा परिवर्तन र त्यसको गुण, प्रभाव अथवा प्रयोग र तिनमा हुने, भइरहने क्रिया-प्रतिक्रियाको अध्ययन-अनुसन्धान, परीक्षण तथा प्रयोग गर्ने विधिको नाम नै 'विज्ञान' हो ।

आज विज्ञान प्रविधिको क्षेत्रमा भएको अभूतपूर्व प्रगतिका कारण सिंगो विश्व एउटा सानो गाउँ अर्थात "ग्लोबल भिलेज" मा परिणत हुन पुगेको छ । हामी संसारको कुनै पनि मुलुकमा केही घण्टाको यात्राबाट सहज रूपमा पुग्न सक्ने भएका छौं । टेलिभिजनको आविष्कारले गर्दा हामी घरभित्रको एउटा सानो कोठामा बसेर संसारका गतिविधिहरू देख्न र सुन्न सक्ने भएका छौं। वातानुकूलित यन्त्रको आविष्कारले गर्दा हामी घरभित्र कोठामै बसेर मौसमी तातो वा चिसोबाट बच्न सक्ने भएका छौं ।

विशेष गरी सूचना प्रविधिको क्षेत्रमा भएको अभूतपूर्व प्रगतिले गर्दा हामी संसारको कुनै पनि मुलुकमा रहेका व्यक्ति अथवा नातेदारसँग घरको एउटा सानो कोठामा बसेर प्रत्यक्ष कुराकानी अथवा सन्देश आदान प्रदान गर्न सक्ने भएका छौं । केही दशक अघिसम्म मात्र एक ठाउँको चिट्ठी अर्को ठाउँमा पुग्न हप्तौं र महिनौं लाग्ने गर्थ्यो । तर आज मोबाइल, टेलिफोन, इन्टरनेट, भाइवर आदि जस्ता सञ्चार प्रविधिको विकासले गर्दा हाम्रो सूचना र सञ्चार प्रणाली अत्यन्त सहज र सुलभ हुन पुगेको छ ।

त्यसो त विज्ञान आफैमा नराम्रो बस्तु होइन तर यान्त्रिक विकास सँगसँगै मानवीय भावना विलुप्त हुँदै जानुका कारण भने यसको सही उपयोगमाथि प्रश्न पनि उठिरहेको छ । हामी देख्दछौं कि प्रविधिको उपयोग सकारात्मक कार्यहरूमा भन्दा पनि नकारात्मक कार्यकै लागि बढी हुने गरेको छ । आज चारित्रिक मूल्य, नैतिक आचरण या धार्मिक मर्यादाहरूले आफ्नो महत्त्व गुमाउँदै गइरहेको छ । जसको परिणाम,

मनुष्यको सुख-सुविधाको लक्ष्यलाई लिएर अगाडि बढिरहेको विज्ञानले आज विनाशको लागि पनि सामग्रीहरू उत्पादन गरिरहेको छ ।

त्यसै गरी धर्मको अर्थ हुन्छ धारणा । जीवनमा यस्तो नैतिक मूल्यको धारणा, जसबाट हाम्रो कर्म श्रेष्ठ होस् र त्यो श्रेष्ठ कर्मको सकारात्मक सन्देश हामी आफ्नो सामाजिक जीवनमा पनि फैलाउन सकौं । त्यसैले धर्म मनुष्यको जीवनमा कुनै असल नियम, असल गुण वा असल विचार एवम् दृष्टिकोण अपनाउनेलाई भनिन्छ । धर्मले नै हामीलाई गलत कर्मबाट बचेर रहने शिक्षा दिन्छ । हाम्रो मनुस्मृतिमा धर्मको दशवटा लक्षणहरूबारे स्पष्ट रूपमा उल्लेख गरिएको पाइन्छ जस्तै- धृति, क्षमा, दमोस्तेयं शौचमिन्द्रियनिग्रहः धीर्विद्या सत्यमक्रोधो दशकम् धर्म लक्षणम् । अर्थात धैर्य, विद्या, सहनशीलता, क्षमा, इन्द्रिय निग्रह, अस्तेय वा चोरी नगर्नु, क्रोध नगर्नु, पवित्र रहनु, मनलाई दमन गर्नु वा मनलाई वशमा राख्नु, हस्तक्षेप वा अरूको काममा हस्तक्षेप नगर्नु । यी धर्मका दश आधारभूत लक्षणहरू हुन् ।

संसारमा जति पनि धर्म छन्, तिनको एक प्रमुख उद्देश्य भनेको मनुष्यको असल चरित्र निर्माण गर्नु नै हो । यसको अलावा धर्मको लक्ष्य मनुष्यको संस्कार तथा व्यवहारलाई सुधार गर्दै उसलाई समाजको लागि एक जिम्मेवार र उपयोगी नागरिक बनाउनु पनि हो । उसको नैतिक-चारित्रिक उत्थान गर्दै उसलाई एउटा असल मानवत्वको दर्जामा पुर्‍याउनु पनि हो । यद्यपि धर्मको विकृत स्वरूप भने मानव समाजको लागि हानिकारक पनि हुन्छ । विगत केही दशकहरूमा धर्मको नाममा जुन किसिमका साम्प्रदायिक दङ्गा अथवा युद्धहरू भएका छन् त्यसले गर्दा कतिपय मानिसमा धर्मप्रति एक किसिमबाट वितृष्णा बढेको पनि देखिन्छ । त्यसैले धर्मलाई आ-आफ्नो स्वार्थ अनुकूल व्याख्या गर्ने र आफ्नै धर्मलाई मात्र ठूलो ठानी अरूको धर्मलाई गौण मान्ने जुन किसिमको चलन वा प्रवृत्ति देखिने गरेको छ त्यसलाई भने हामीले परित्याग गर्नै पर्दछ ।

वास्तवमा धर्म होस् वा विज्ञान, दुवैको मुख्य उद्देश्य भनेको मानव जीवनलाई सुखी र समृद्ध बनाउनु नै हो । विज्ञानले मानवीय इच्छाहरूको परिपूर्ण गर्ने साधनको खोजी गर्दछ भने धर्मले मनुष्यको अनियन्त्रित इच्छा आकांक्षाहरूलाई सन्तुलित राख्ने यत्न गर्दछ । अतः हामी भन्न सक्छौं कि धर्म र विज्ञान परस्पर विरोधी होइनन् । बरू यी दुवै एक अर्काका परिपूरक हुन् र दुवै मानव हित र कल्याणको लागि आवश्यक छ । विज्ञान भौतिक सुखको लागि आवश्यक छ भने धर्म शान्ति र

शुद्ध आचरणको लागि । त्यसैले धर्म र विज्ञान मानिसका लागि दुई जोडी आँखा जस्तै हुन् । समाजको लागि पनि धर्म र विज्ञान दुवैको आवश्यक छ ।

अब आध्यात्मिक प्रसङ्गमा पनि अलिकति चर्चा गरौं। अध्यात्मले मनुष्यको व्यवहार एवं आचरणलाई सुधार गर्दछ र उसको गलत संस्कारहरूमा परिवर्तन ल्याई उसलाई असल मानवीयताको बोध गराउँदछ । आध्यात्मिकताकै कुरा गर्दा योग र ध्यानको प्रसङ्ग पनि जोडिएर आउने गर्दछ । योग र ध्यानले मनुष्यको विचारलाई श्रेष्ठ र व्यवस्थित तुल्याउँदछ । साथै यसले हाम्रो मनको एकाग्र शक्ति पनि बढाउँदछ । जसले गर्दा ईर्ष्या, द्वेष, घृणा, क्रोध अथवा प्रतिशोधको भावनाले हाम्रो मनमा जरा गाढ्न पाउँदैन । वास्तवमा मनुष्य जीवनमा आइपर्ने सबै किसिमका व्यावहारिक समस्याहरूको समाधान मानिसको मनोभावनामा आधारभूत परिवर्तनबाट नै हुन सक्छ र मनोभावनामा आधारभूत परिवर्तन ल्याउनु नै वास्तवमा आध्यात्मिक ज्ञानको मुख्य उद्देश्य हो । किनकि आध्यात्मिक ज्ञानमा नै मानिसको विचार, भावना अनि मनोकांक्षालाई सही दिशा दिने शक्ति अथवा क्षमता अन्तरनिहित रहेको हुन्छ ।

आज विज्ञान र प्रविधिको उच्चतम विकास गरी भौतिकवादी दृष्टिकोण अपनाइरहेका विकसित मुलुकहरूमा पनि जुन किसिमको हिंसा, कलह र अशान्तिको बादल मडारिँदै गइरहेको छ र यसबाट सामाजिक मूल्य मान्यताहरूमा समेत क्रमिक रूपमा ह्रास आइरहेको छ त्यो धर्म र आध्यात्म ज्ञानकै कमीको कारणले गर्दा हो । यसले विज्ञान प्रविधिले गरेको विकास र उपलब्धिलाई मानव हितमा यथोचित रूपले उपयोग गर्न नसकिएको यथार्थतालाई नै उजागर गर्दछ ।

त्यसैले समग्रमा हामी के भन्न सक्तछौं भने धर्म र अध्यात्म ज्ञानको माध्यमबाट आधुनिक विश्व जगतमा भएको विज्ञान र प्रविधिको उपलब्धिलाई सही रूपमा उपयोग गरी त्यसलाई मानव हित र कल्याणमा लगाउन अभिप्रेरित गर्न सकिएको खण्डमा नै हामी मानव हित र विश्व कल्याणको लागि योगदान पुऱ्याउन सक्तछौं । यसको लागि विज्ञानसँग धर्म र अध्यात्मको समन्वय गर्नु वर्तमान सन्दर्भमा अति नै आवश्यक देखिन्छ । हैन भने आज जुन विज्ञान प्रविधिको विकास र उपलब्धिलाई लिएर हामी गर्व गरिरहेका छौं भोलि गएर त्यही नै हाम्रो लागि विनाशको प्रमुख कारक पनि बन्न सक्तछ । विश्वभरि भयावह रूपमा देखा परेको कोरोनाको महामारीलाई पनि हामीले यसै संकेतको रूपमा लिनु युक्तिसंगत होला कि ? ♦♦♦

बालनिबन्ध

# माटोको बिलौना



✍ देवकी के.सी

भाइबहिनीहरू अवश्य पनि माटो त सबैले देखेकै छौ होला ? आफ्नो आमाहरूले माटोले घर आँगन लिपेका पनि देखेका हौलाऊ ? तिमीहरूले पनि माटोमा भाँडाकुटी खेल्ने चल्ने अवश्य गरेका होलाऊ । सानोमा त माटोमानै घर बनाएर खेल्ने, अक्षर कोर्ने, माटोमानै लडिबुडी गर्दै कपडा मैलो बनाउने सबैले गरेका होलाउ । अझ कतिपयले त खानेकुरा भनेर माटानै खाँदा आमाबाबाले निकै गाली गर्नु भयो पनि होला । अहिले ठूलो हुदैं गएपछि चाहिं कतै झुक्किएर कपडा वा हातगोडामा माटो लागे छ्या भनेर तिमीहरू घृणा गर्छौ । जतिजति भाई बहिनीहरू ठूलो हुँदै जान्छन् । त्यति माटोलाई फोहोर भनेर छुन घिन मानेको देख्दा मलाई असाध्यै नरमाइलो लाग्छ ।

भाईबहिनीहरू हो म माटो देख्दा फोहोर अवश्य पनि होला तर म फोहोर मात्र होइन संसारको जीवनदाता पनि हो । म कसरी बन्छु थाहा छ तिमीहरूलाई ? म त विभिन्न खनिज पदार्थ चट्टानको क्षय र जैविक अवशेषको साथै भौतिक एवं रासायनिक प्रक्रियाबाट बन्ने गर्दछु । म पनि त्यतै गरेर चट्टान, हावापानी र वनस्पतिमा भर पर्छु । थाहा छ भाइबहिनीहरू हो हाम्रो देश नेपालमा भूधरातलको आधारमा यहाँ उपलब्ध माटोलाई पाँगो, बलौटे, रातो, फुस्रो, तलैया, हिमाली गरेर पाँच भागमा बाँडिएको छ ।

म ठाउँ अनुसार विभिन्न ठाउँमा फरक फरक रूप रङ्गमा पाइन्छु । यदि वर्षातमा नदीले थुपारेको माटोमा बालुवा र झारपात मिलेमा मलाई पाँगो माटो भन्छन् । विशेष गरी तराइ र वेशीमा पुगेपछि म पाँगो माटोमा बालुवा र कंकड र पत्थर मिलेमा बलौटे माटो हुन्छु । यदि कुनै ठाउँमा ताल तलैयाहरू सुकेर बनेमा म तलैया माटो हुन्छु । मध्य पहाडी र महाभारतका उँचो भागहरूबाट टुक्रिएका चट्टानमा झारपात मिली बनेमा मलाई रातो फुस्रो माटो भन्छन् । कतै हिमनदीले थुपारेर माटो, बालुवा, कंकड पत्थर मिलेमा त्यसलाई हिमाली माटो

भन्छन् ।

त्यसैले म माटो पनि ठाउँअनुसार फरक छु । मेरो प्रकार धेरै भएजस्तै म मा उत्पादन हुने खाद्यान्नहरू पनि फरक फरक हुन्छ । पाँगो माटोमा विशेष गरी धान, तेलहन, सुर्ती, सनपाट उखु आदि खेती गर्छन् । रातो फुस्रो माटोमा कोदो, मकै, फलफूल खेती गर्छन् । कृषि उत्पादनकै लागि सबैले उत्तम तलैया माटोलाई मान्छन् । हिमाली माटोमा भने जौ, आलु, फापर उत्पादन विशेष गरेर हुन्छ । भाइबहिनीहरू हो मेरो प्रकार अनुसार मलाई खेतीमा प्रयोग गरेमा राम्रो उत्पादन हासिल गर्न सकिन्छ ।

तिमीहरूले पनि त देखेका होलाऊ नि कतै कालो माटो, कतै सेतो, कतै रातो फुस्रो, कतै बालुवा त कतै चट्टान मिसिएको माटो । रातो, फुस्रो, सेतो माटो त आँगन घर लितपोत गर्न प्रयोग गरेको त तिमीहरूलाई पनि थाहा होला नि ? मलाई कृषि उत्पादन गर्न, घर बनाउन, घर आँगन लितपोत गर्न, कतै माटाका भाँडा बनाउन विभिन्न कामा प्रयोग गरेका छन् मानिसहरूले । विभिन्न रूप र आकारमा म संसारभर रहेको छु । सबै मानिसले मलाई नै प्रयोग गरेर जिवन निर्वाह गर्छन् । म बिना यो संसारमा मानिसलगायत वनस्पति सम्पूर्णको अस्तित्व सम्भव छैन । म सबैको जीवनदाता, अन्नदाता हुँ । तैपनि मानिसहरूले मलाई छ्या फेहोर भन्दै घृणा गरेको सुन्दा मेरो चित्त दुख्छ । यदि मलाई संरक्षण र सम्मान मात्र गर्न सकेको खण्डमा यो संसारकै संरक्षण हुन्छ । यदि म नहुने हो भने खाद्यान्न उत्पादनमै कठिनाई हुन्छ । त्यसैले त थाहा होला नि म संसारको लागि कति महत्त्वपूर्ण रहेछु भन्ने कुरो त ।

आजभोलि मानव जातिले मेरो अस्तित्व संकटमा पार्दै आएका छन् । विकास निर्माणमा जथाभावी पहाड काटेर मलाई खसालेकै छन् । भिरालो ठाउँमा पनि मलाई खोतलेर कमजोर बनाएका छन् । त्यसैले त आज म मेरा प्यारा मानव जातिहरूबाटनै पीडित छु । हुन त आजभोलि  सरकार र विभिन्न संघसंस्था मिलेर खाली ठाउँमा वृक्षारोपण गरेर मलाई संरक्षण गर्ने पहल त भएकै छ । तैपनि मेरो संरक्षणमा विशेष चासो भने देखाएका छैनन् ।

भाइबहिनीहरू हो, म माटो मैले आज मेरो कथाव्यथा भनेर तिमीहरूसित बिलौना गरेपछि त तिमीहरूले मलाई त अवश्य पनि बुझ्यौ होला भन्ने आशा गरेको छु । त्यसैले म सबैसित बिन्ती गर्दै फेरि भन्छु मलाई माटो फोहोर भनेर घृणा नगर्नु है । म त सबैको लागि दुध पिलाएर बचाउने आमा जत्तिकै महान छु । किनकि माटो र आमा समान छन् । माटोले खाद्यान्न उत्पादन गरेर सबैको

प्राणको रक्षा गर्छ भने आमाले पनि जन्म दिएर दुध पिलाएर प्राणको रक्षा गरेकी हुन्छिन् । त्यसैले त माटोलाई सबैले आमा सरह सम्माननीय मानेका छन् ।

भाइबहिनीहरू जति भने पनि मेरो कथाव्यथा सकिन्न ? मैले यतिमात्र भने मेरो कथाव्यथा । अब त मलाई घृणा गर्दैनौं होला नि ? मलाई संरक्षण गर्ने बारे सोच्छौं कि ? किनकि मेरो संरक्षण भनेको त सबै मानिसहरूकोनै संरक्षण हो । माटो जीवन हो । फेरि हाम्रो जीवन पनि अन्तिममा खरानी भएर वा गलेर माटोमानै मिल्ने हो । त्यसैले भाइबहिनीहरू हो, माटो र जीवन एकै हो भनेर बुझ्नु है । बाँचुन्जेल मलाई संरक्षण र प्रयोगमा ध्यान दिनु है । मरेपछि पनि मेरै साथमा रहने छौ । त्यसैले अब देखि मलाई संरक्षण र सम्मान गर्नु है किनकि म नै संसार हो । कल्पना गर त भाइबहिनीहरू हो यदि यो संसारमा म माटानै नहुने हो र पानी र चट्टान मात्रै हुने हो भने यो संसार कि त पानीको मात्रै, कि त चट्टानको मात्रै हुन्थ्यो होला ? तिमीहरूले माटो कस्तो हुन्छ भन्ने समेत देख्न पाउँदैनथ्यौ होला ? त्यसैले आज देखिनै भाइबहिनीहरूले मलाई जीवन ठानेर सम्मान र संरक्षण गर्छौ होला भन्ने आशा राख्दै म माटो आफ्नो बिलौना भन्न यही बन्द गर्दछु । ♦

## गीत



✍ **उर्मिला पन्त पाण्डेय**

असार महिना धान रोप्ने चटारो
मंसिर महिना धान छोप्ने चटारो

कहिल्यै भएन फुर्सद नि बरि लै
के गरी काट्नु नि असारे झरी लै
दिन र रातको सधैं चटारो छ
तैपनि मनमा सधैं अँध्यारो छ

असार महिना धान रोप्ने चटारो
मंसिर महिना धान छोप्ने चटारो

एकपेट खान एक झुम्रो लाउन नि
सधैं नै पर्छ है अत्ति नै धौधौ नि
असार जुरे मंसिर झुल्छ धान
त्यै आशामा फुरुङ्ग हुन्छ यो ज्यान

असार महिना धान रोप्ने चटारो
मंसिर महिना धान छोप्ने चटारो

# वनस्पतिहरूको प्रजननः प्रकृतिको वरदान



✍ श्यामकृष्ण डंगोल प्रतीक्षा

विश्व व्यापक सरल तथा अत्यन्त सूक्ष्म जिवाणुको ऐग्यो व्याक्टेरिया प्रकृति प्रजातिमा युगल जोडी प्रेमी जीवाणुको एकअर्काको आमुन्ने सामुन्ने अत्यन्त नजिक रहन खोज्छन् । तर, एकअर्काको स्पर्शबाट टाढा रहन्छन् । त्यसैले माया, प्रेम भन्ने कुरा घरपरिवार, प्रेमी र प्रेमिकाका बिचमा मात्र कहिल्यै सीमित रहँदैन । आफ्नी प्रेमिकालाई पकाउन र आफ्नो वशमा पार्न भने मानिसले चाहिँ हरतरह रूपमा खुसामद गरेकै हुन्छ । यसलाई प्रेम प्रति मानिसको तीव्र आर्कषणको रूपमा पनि लिइएको पाइन्छ । तर, यो कुनै नौलो र आश्चार्यको कुरा भने पक्कै पनि होइन ।

माया, प्रेम र स्नेहका कुरा मानिसमा मात्र नभएर बिरूवाहरूको सिर्जनामा हुर्कने सबै जीवनधारीमा रहेको पाइन्छ । वनस्पतिहरूको जगतमा मुख्यतयाः दुई लिङ्गी पुष्पगुच्छा पाइन्छ र वैज्ञानिकहरूका अनुसार ब्रह्माण्डमा सजातीय भाले तथा पोथी युग्मको मिलनको सुलभता दिएर आफूतिर आकर्षित गरिरहेको हुन्छ । वनस्पति जगतमा प्रायः सबै पादक वर्गको अनेक प्रजातिहरूमा रोचक प्रजनन विधि रहेको हुन्छ । यस्ता सुन्दर, मनमोहक दृष्यले केही समय लज्जा महसुस गरिसकेपछि बिस्तारै उनीहरू एक अर्काबाट हटेर टाढा हुन्छन् । उनीहरूको यो मौन र लज्जालु दाम्पत्य जीवनलाई सफल पार्न बनाउने भूमिका ती जीवाणुको आवागमनमा दुई प्रेमी जीवाणुको बीचमा रहेको पाइन्छ । साथै यी शोषक जीवन जीवाणुको पैतृक गुणको केही मात्रको आदानप्रदान सन्तति जीवाणुको शरीरमा गर्छन् । युगल प्रेमी जीवाणुको भावी पुस्तामा आमाबुबा दुवैको पैतृक गुणको केही समन्वय भने रहेको हुन्छ । पाइच्चस वृक्षको भाले पुष्णबाट अन्यन्त सुक्ष्म धूलनकण रूपमा परागकण निस्किएको वायुमण्डलमा फैलिन्छ । यसको वासना मनमोहक हुन्छ । यसलाई गन्धको फूल पनि भनिन्छ । केही

परागकण हावाको झोक्कासँगै पाइनस पोथी शंकुमा रहेको जायगको अण्डाशयको ग्रीवामा गएर बस्छ । अण्डाशयको ग्रीवाको एक कुनाबाट एक प्रकारको चिपचाप किसिमको तरल पदार्थ सुक्दै जान्छ, तब यो तरल परागकण गर्दनको सिरैबाट हटेर अण्डाशयको भित्रपट्टी गएर टाँसिन्छ । यो बिरूवाको एकै जीवाणुमा अनेक भाले तथा पोथीको रूपमा जोडी बन्छ, त्यसपछि अनेक भ्रुणको जन्म एकै अण्डाशयमा विकसित हुन्छ ।

पानीभित्र रहेको बैलिसनेरियाको बिरूवा प्रायःजसो तलाउ, नहर तथा पोखरीमा पाइन्छ । यसको भाले तथा पोथी पुष्ण बेग्लाबेग्लै बिरूवामा उत्पन्न हुन्छ । जब बैलीसनेरियाको पोथी पुष्प पूर्ण यौवन अवस्थामा हुन्छ, तब जायगको सिरैमा अवस्थित वर्तिकाग्रमा पराठकणको लागि सव्यवस्थित हुन्छ, तब त्यो समय पोथी पुष्पको हाँगाको सार्पिलाकार कुण्डली बिस्तारै खुल्दै जान्छ । जसको कारण यसको सम्पूर्ण पोथी पुष्ण पानीमाथि उठेर पानीको सतहमा तैरिन थाल्छ । पोथी पुष्पको वर्तिकाग्रमा परागकण स्थापित हुनासाथ परागसेचन क्रिया सम्पन्न हुन्छ । साथै, पुनः भाले पुष्पको ठाउँमा उत्पीडन हुन जान्छ । प्रकृतिको यो विलक्षण विशेषता भावी पिँढीको निर्माण, सुअवसर प्रदान गर्दछ । प्रेम लीलाको अन्त्य परिणयमा गएर हुन्छ । जसको फलस्वरूप नयाँ भ्रुणको जन्म हुन्छ । जो भावी सन्तानको रूपमा विकसित हुँदै आउँछ । यो नै प्रकृतिको देन र वरदान स्वरूपको उपहार वनस्पतिहरूको प्रेम लीला यसरी अन्त्य हुन्छ । ♦♦♦

## गीत



✍ **रविन्द्र आशिष शैली**

टाढा त तिमी गयौ तर लगेनौ यादहरू
ठुटेर मुटु लग्यौ छोडेर विगतका साथहरू
कोमल हुन्छ फूल भन्थे कहाँ हुन्छ र खोई
छियाछिया पारी गयो बित्यो जिन्दगी रोई

न केही भन्ने मौका दियो न भन्यौ केही
थाहा भएन को गलत को थियो सही
यही कुराको मनमा सधैं खट्िक रह्यो
न चिठी न फोन नभएको नि धेरै भयो

मायाको टीका र प्रेमको अक्षता मेरो
बेकार गयो उल्टो आँसु भो ओइरो
खै कसरी भुलौ भुल्नै सकिएन याद
भन्छु म नगर प्रेम जीवन हुन्छ बरबाद,

**लघुकथा**

# आफ्नो ममी



✍ बिन्दु अधिकारी ढकाल

'त्यस बेला म धेरै सानी थिएँ तर दिदी उस्ता उस्तै । कि चिन्नु भएन मलाई ?' चारूले हातमा फोन खेलाउँदै भनि । 'ओहो, बहिनी तिमी ? यहाँ कसरी आयौं ? ममी बुबालाई कस्तो छ ? दाजु दिदी के गर्दैछन् ? कस्तो बिचित्र संयोग ! जुर्यो भने यस्तो अचम्म पनि हुँदो रहेछ ।' आराधनाले चारूका आँखामा आँखा जुधाउदै भनिन् ।

'हामी सबैको खबर ठिक छ । ममी बुबा घरतिरै हुनुहुन्छ । एउटी दिदी काम नलाग्ने भई । रोगले थलिएर केही गर्नै नसक्ने । अर्की घर छाडेर हिंडेको कति वर्षभो, फर्केर आएकी छैन । सानी मै हुं । मेरो पनि विहे भइवरि बच्चा छ । त्यस ठाउँको मान्छे, मैले एमबीबीएस पढें नि दिदी ।'

'मरे नि आमा !' यो चित्कार चारूकी ममीको हो । कसलाई था' छैन, ती लोग्ने स्वास्नी अहोरात्र हानाहान गर्दा लोग्ने चाहिँले कति चिर्पट भाँचो स्वास्नी गोद्न । स्वास्नीको बानी निहुं खोज्नै पर्ने । हो, उत्सव या जात्रा जत्तिकै आँगनभरि मान्छेको भिड जम्मा हुन्थ्यो । उनीहरूको त्यो तमासा हेर्न । लाप्पा सुरू भयो भन्ने सुइको मान्छे खाँदाखाँदैको गाँस, पाक्दा पाक्दैको भात सबै माया मारेर रमिता हेर्थे ।

एक दिन त्यो महिला डोरी बोकेर काल्लैकाल्ला हामफाली डालेघाँसका रूखमा झुन्डेर मर्न भनेर तर प्राण त्याग्न सकिन । छोरा-छोरीको मायाले फर्कायो भनौं भने एउटा छोरो कोक्रामै कुहिएर मर्यो । चिचिलो त्यो स्याहार नपुगेरै गयो। वर्षेनि जस्तो जन्मेका भल्ट्याङ भुल्टुङ कति थिए ? सबैभन्दा आश्चर्य बात मनोवैज्ञानिक हिसाब अत्तालिंदो होहल्लापूर्ण वातावरणमा ती भुरा कसरी हुर्के, बढे अनि पढे ?

'दिदी ! मेरा ममी बुबा एकै छानामुनी अट्नु भएन । ममीको आफ्नै परिवार छ अनि बुबासँग पनि सानोममी

हुनुहुन्छ ।' डाक्टर चारूलाई सुनेर आराधनालाई लाग्यो, यो संसार अचम्मको थलो ! यहाँ कसको मान्छे कुन रहनसहनमा रमाउछ ? आखिर सबै भाविकै लेखान्त होला, हैन ? ♦♦♦

कविता

# नयाँ फ्याक्ट्री



✍ इन्द्रकुमार श्रेष्ठ

पार्टपूर्जा धेरै नै छन् हाम्रो शरीरभित्र
हामीलाई बचाउने तिनै त हुन् मित्र
सोच्दै जाँदा यो मेरो मन जिज्ञासु बनेको
यसै भित्र कारखाना क्यै खोलूँ कि भनेको !

दिमाग ताती रिसाउने बानी नै गएन
आइसक्रिमको फ्याक्ट्री यहाँ नखोली भएन
यसो गर्न सके हुन्थ्यो दिमाग ठन्डा खुसी
त्यो खुसीले मेरो मन हुन्थ्यो सधैँ झुसी !

यो जिब्रोले अरूलाई चित्त दुखाउँछ
राम्रो हैन नराम्रो नै कुरा बोल्न लाउँछ
त्यहाँ पनि एउटा फ्याक्ट्री खोल्नु पऱ्यो चिनी
पहिल्यै ल्याउनु पर्ने भयो शब्द-उखु किनी !

यो मन उस्तै फोहोर भयो ईर्ष्या फुलाउँछ
लोभ, पाप उसै गरी टन्न डुलाउँछ
त्यहाँ पनि फूलैफूलको फ्याक्ट्री खोल्नुपऱ्यो
के भन्छौ ए ! दिमाग, जिब्रो, मन बोल्नुपऱ्यो !

# नेपालभित्र मृत्यु संस्कारको परम्परा



✍ त्रिचन्द्र प्रतिक्षा

मानिसको जन्मपछि मृत्यु अवश्यभावी छ । मानिसको जीवन आमाको कोखबाट जीवन आरम्भ यो हाम्रो भौतिक शरीरको अन्त्य मृत्युबाट समाप्त हुन्छ । हिन्दु धर्म परम्परा अनुसार मानिसको जन्मदेखि मृत्युसम्म १६ संस्कार हुने गर्दछ, जसमा अन्तिम संस्कार अन्त्येष्टि संस्कारलाई अन्तिम मानिन्छ ।

नेपाल बहुधार्मिक र बहुजातीय देश भए तापनि मूलत हिन्दु बाहुल्यता भएको देश हो । यहाँ पनि प्रत्येक धर्मावलम्बीहरूले आ-आफ्नो प्रचलन अनुसार संस्कार सम्पन्न गर्दछन् । हिन्दुहरूमा पनि जात अनुसारका संस्कारमा केही भिन्नता भए तापनि मूलत हामी वैदिक विधि विधान अनुसार नै संस्कार सम्पन्न गर्दछौं ।

विभिन्न जनजातिहरूमा आ-आफ्नो धर्म परम्परा रीतिअनुसार मृत्यु संस्कारलाई पूरा गर्ने गरिन्छ । मानिसको मृत्यु आफैमा दुःखद घटना हो । यो दुःखद अवस्थामा मृतकका परिवार तथा आफन्तले मरेका मान्छेको माया स्नेहका कारण कुनै पनि मूल्य चुकाएर मन शान्त पार्न तयार हुनु स्वभाविक नै मानिन्छ । मृत्यु संस्कार मानिसको मृत्यु पश्चात गरिने संस्कार भएकोले यसमा विभिन्न धर्म र संस्कृति अनुसार फरक फरक विधिहरू अपनाएको पाइन्छ ।

मुस्ताङ जिल्लामा बसोबास गर्ने चिम्तन, ठिन्तन र स्याङ्तन जातिहरूका घरमा कसैको मृत्यु भएमा लासलाई मूल कोठामा राखिन्छ । कालिगण्डकीबाट चोखो पानी र बालुवा ल्याई लितपोत गर्दछ, बालुवा छर्किछन् अनि त्यहाँ लास राखिन्छ । त्यसपछि इष्टमित्र, दिदीबहिनी, आफन्त गाउँलेहरू जम्मा हुन्छन् । लासमा १०८ बत्ती बालिन्छ । फलफूल प्रसाद चढाइन्छ । लामा झाँक्रीले लास उठाउने साइत हेर्छन् । यिनीहरू अन्त्येष्टि चाहिँ सोमबार, बुधबार र बिहीबार मात्रै गरिन्छ । लासमा दागबत्ती चढाउने काम जेठा छोराबाटै हुन्छ, जेठो छोरा

नभएको खण्डमा दाजुभाइ र आफन्तबाट गराइन्छ । मलामी जाँदा ढ्याङ्ग्रो र दमाहा बजाउँदै लगिन्छ । लासलाई गाड्ने जलाउने दुवै गरिन्छ, यो निर्णय लामाले गर्ने गर्दछ । छोराहरूले अन्त्येष्टि पछि सेतो कपडा लगाउँछन् । मसान घाटबाट फर्केपछि मलामीलाई जाँड, रक्सी मनग्गे खुवाइन्छ ।

हिमाली भोगमा बसोबास गर्ने भोटे जातिमा मानिस मर्दा गरिने अन्तिम संस्कार सायद नेपालमै अनौठो किसिमको मानिन्छ । यिनीहरूमा मानिस मर्दा अन्तिम संस्कारका लागि लामा बोलाइन्छ । लामाले लासलाई साइत हेरी टुक्रा टुक्रा पारेर गिद्द र चिललाई खुवाउने गरिन्छ । गाड्ने जलाउने परम्परा प्रायः प्रत्येक जातिमा पाइए पनि लासलाई टुक्राटुक्रा पारेर गिद्द र चिललाई खुवाउने परम्परा यिनीहरूमा मात्रै छ । यिनीहरूमा जुठो सुतक बार्ने चलन छैन । अन्तिम संस्कारको कार्य सकिनासाथ यिनीहरूका सम्पूर्ण कार्यक्रम यथावत रूपमा चल्न थाल्दछन् ।

सुनकोशी प्रवाहित क्षेत्रमा बसोबास गर्ने दनुवार जातिमा कसैको मृत्यु भयो भने बालक छ भने नदी किनारमा लगेर गाड्ने, वयस्क छ भने दाह संस्कार नै गरिन्छ । हिन्दु समाजमा जस्तो लास नलजुन्जेल कुरेर बस्ने र पूरै जलाउने काम गर्दैनन् । लासमा दागबत्ती दिएर सबै घर फर्किन्छन् र भोलिपल्ट लासको निरीक्षण गर्न घाटमा जान्छन् । जल्न बाँकी रहेछ भने पुनः जलाएर घर फर्किन्छन् ।

कालीगण्डकी, मादी, सेती आदि नदीका किनारामा बसोबास गर्ने बोटे जातिमा घरभित्र मर्न दिनु हुँदैन भन्ने धारणा छ । मर्न लागेको मानिसलाई आँगनमा ल्याएर सुनपानी खुवाउँछन् । यस जातिमा लासलाई गाड्ने चलन छ । गाड्दा लाससँगै मृतकका सबै चिज र खाने कुरा समेत पुरिन्छ । यसो गरेन भने प्रेत बनेर सताउँछ भन्ने धारणा रहेको छ ।

मकवानपुरमा बसोबास गर्ने बनकरिया जातिमा लासलाई गाड्ने र जलाउने दुवै परम्परा छ तापनि प्रायः जसो गाड्ने नै गर्दछन् । लासलाई पुर्दादेखि सालका बोक्रा ओछ्याई त्यसै माथि राखिन्छ र लासको माथि पनि सालका बोक्राले छोपेर माटोले पुर्ने गरिन्छ यसो गर्नाले लास लामो समयसम्म सड्दैन भन्ने विश्वास गरिन्छ ।

दोलखाको तामाकोसी नदीको किनारमा बसोबास गर्ने सुरेल जातिमा कुनै मानिसको मृत्यु हुँदा लासलाई पिंढीको दायाँपट्टि राखिन्छ । लासलाई जलाउने गरिन्छ, जलाउनु भन्दा पहिले लासलाई नुहाइदिन्छन् र नयाँ वस्त्र पहिऱ्याएर चितामा राख्छन् । चिता बनाउँदा पनि

मृतकको उमेरको संख्याको आधारमा दाउराको संख्या राखेर बनाउँछन् ।

पूर्वी नेपालको इलाममा बसोबास गर्ने लेप्चाहरूको समाजमा मानिसको मृत्यु भएपछि घरको ढोकाबाट लासलाई बाहिर निकालिदैन । उनीहरूले अर्कै ठाउँमा भित्ता फुटाएर लास बाहिर निकाल्छन् । र गाउँले आफन्त मिलेर लासलाई उँचो पाखामा लगेर गाडिन्छ । यस्तै, माझी जातिमा मानिस मर्दा गाड्ने गर्दछन् । मानिस गाडेको चिहानमाथि मृतकको खाट उत्तानो पारेर राखिदिने र ओछ्याउने गरेको डसना गुन्द्री आदि पनि त्यहीं छाडिदिन्छन् ।

मानिसको लासलाई पूरै ढाक्ने चलन सबैमा भएपनि मेचे जातिहरूमा कसैको मृत्यु भएमा त्यसको मुख ढाक्दैनन् । पुरोहितले दाहसंस्कार वा गाड्ने जस्तो आदेश दिन्छ सोही अनुसार गर्ने गरिन्छ भने राई र लिम्बू जातिमा कोही मरेमा पहिले बन्दुक पड्काएर मलामी छिमेकीलाई बोलाउने चलन छ । मलामी जादाँ सबै मलामीहरूले हात हातमा खुँडा, खुकुरी, बन्दुक, तरवार आदि हातहतियार बोकेर हाहाहुहु गर्दै लास लैजाने चलन छ । लासलाई गाड्ने काम सकिएपछि जाँड चढाउनुपर्छ । गाडेको लासको मुखमा बाँसको नली राखिएको हुन्छ जसबाट दिनहुँ सात दिनसम्म बाहिरबाट जाँड हाल्ने गरिन्छ । कुनै कुनै राई, लिम्बुहरूमा लासलाई बाकसमा हालेर ठूला नदीमा प्रवाहित गरेको पनि पाइन्छ, तर यस्तो चलन आजभोलि हराइसकेको पाइन्छ ।

घुमन्ते जाति राउटे समुदायमा कसैको मृत्यु भएमा खोला वा जंगलको नजिक लासलाई गाड्ने चलन छ । लासलाई गाड्ने कार्य बिहान मात्र गरिन्छ । लास गाड्दा माछा मार्ने जालका साथै मृतकको केही निजी सम्पत्तिसमेत साथमा गाड्ने गरिन्छ । समाजमा कसैको मृत्यु हुन गएमा त्यो ठाउँबाट राउटेहरू अन्यत्र बसाई सर्छन् ।

हिन्दु परम्परामा मृतकको लास दाहसंस्कारमा लैजाँदा राम नाम सत्यु हो भन्ने शब्द बारम्बार पुकारिन्छ । मृतकको लासलाई नदी किनारमा जलाउने परम्परा छ । यस्तै मुसलमान समाजमा दाहसंस्कारको अनौठो परम्परा रहेको पाइन्छ । उनीहरू मृतकको लासलाई तीनपटक नुहाइदिन्छन् । कपडाले लासलाई बेर्ने तथा छोप्ने गरिन्छ । यसका लागि सामान्यतया धेरै कपडाको प्रयोग गरिन्छ । मुसलमानी समाजमा मृतकको लासलाई गाड्ने चलन छ । उता क्रिश्चियन परम्परामा मृतकको लासलाई कफन बनाएर राखिन्छ । लासलाई सुगन्धित अत्तरले सुगन्धित पारी प्रार्थना गरेर लासलाई चिहानमा लगेर गाडिन्छ । यस्तै, फारसी सम्प्रदायका

मानिसहरू मृतकको लासलाई एक अग्लो स्थानमा राख्छन् । पक्षीहरूले लासलाई खाइसकेपछि मात्र मृतकको अस्थिपञ्जरलाई बिसर्जन गर्ने गरिन्छ ।

विभिन्न समुदाय जातिहरूले गरिने यस्ता विविध किसिमका अन्त्येष्टिले मृतआत्माको शान्तिको कामना गर्नु नै प्रमुख मानिन्छ । ♦♦♦

## मुक्तक



✍ **जिज्ञासु पौडेल तिलक**

व्यर्थै रहेछ जीवन भनि किन हिम्मत हार्नु ?
कोसिस गर्नु फेरि पनि किन हिम्मत हार्नु ?
ठेस नलागी गन्तव्य कसले भेटेको छ र यहाँ
हिँड्ने मान्छे त लड्छ नि किन हिम्मत हार्नु ?

चाहे दिन होस चाहे रात ओइलिएरै जान्छ
कुनै दिन त्यो अकस्मात ओइलिएरै जान्छ
तिम्ले छोडी जाँदैमा म मरिहाल्छु नसोच्नु
बरू रूख छोडेर झर्ने पात ओइलिएरै जान्छ

मायालु मन सहयोगी हात सबैसँग हुन्न
जिवन्त साथ दिलको बात सबैसँगै हुन्न
झुटको व्यापार गर बरू छिट्टै प्रगति होला
नबिर्स, सत्य किन्ने औकात सबैसँग हुन्न

संयमता अपनाउ आवेगमा आई दोष नदेऊ
स्पष्ट होऊ सत्य कुरा थाहा नपाई दोष नदेऊ
यही समयले हो तिमीलाई मान्छे बनाएको
आफूले गल्ती गरीगरी समयलाई दोष नदेऊ

व्यङ्ग्य

# लेखाइ र मनोवेग



✍ माधव बिडारी

"हैन केही त लेख्नुपर्छ।" कलम टोक्दै सोचें । तर लेख्ने पो के ? यत्रो ब्रह्माण्डमा केही थान शब्दहरू भेटिदैनन् । मन ब्रह्माण्ड भन्दा ठूलो छ । जिन्दगीका अनन्त भोगाइहरू अटाएका छन् । गजब छ बा ! कति चम्पाट बनेर बसेका हुन् भावहरू, आज कपीमा पोखिनै मान्दै मान्दैनन् त ! सोचें, "प्रेमका कुरा लेख्छु ।" अहो ! प्रेमसँग त प्रणय पनि आउँछ नि ! भो ! नपोखौं आफूलाई अश्लीलतामा, रोकिएँ । कविता लेखौं भने पनि मुटु निकालेर कागजमा टाँस्न मिल्ने होइन । यत्रा भाषा छन् तर पनि शब्दको अभाव महसुस हुन्छ । कथा लेख्दा नमज्जाले आफैलाई ढाट्नुपर्छ । न अरूका कथाले छुन्छन् न आफ्ना कथा हुबहु उतार्न सकिन्छ । कहिलेकाहीं संसारको सबैभन्दा कठिन कार्य लाग्छ लेख्न ।

मैले, आजभोलि आफूलाई कंगालको सूचीमा राखेको छु । कहिले भावको अभाव छ त कहिले शब्दको, कहिले घटनाको त कहिले परिवेशको । सबैभन्दा कठिन त इतिहास लेख्न रहेछ । सधैं हिङको टालो सुघेंर चित्त बुझाउनु पर्ने । हिङ जति मेरा पुर्खाले उपयोग गरेर सकाए, म त्यै टालोको गौरव गरेर चिर निद्रामा सुत्छु । इतिहास हुनु र कायम रहनु बिल्कुल फरक रहेछ । कहिलेकाहीं एक्लै बसेर इतिहास र वर्तमानलाई तुलना गर्छु । लाग्छ, कि इतिहास झूटो थियो कि वर्तमान भ्रम हो । हाम्रा संस्कृति, शास्त्र र परम्परा निर्यात भएर भ्रम, परनिर्भरता र अल्छिपन आयात भएका छन् । यस्तो लाग्छ, हामीले हाम्रा भनिएका पुर्खाको जीनलाई निर्यात गरिसक्यौं र इशारामा चल्ने यन्त्र मानवलाई आयात गऱ्यौं ।

कलमले पैतालाका गौरव लेख्छ । दासताको गुणगान गाउँछ । पहाडलाई छेकेर तिल देखाउँछ । धनबहादुरले चर्पीमा समय लगाएको समस्या लेखेर गरिब बहादुरहरूले एक चिम्टी माटोको लागि ज्यान गुमाएको कथा बिर्सन्छ ।

युरोप अमेरिका घुमेका यात्रा संस्मरणमा रक्सीको खोलो पिएर आउने

लेखकहरूले रात्री भोज सहितको पुस्तक लोकार्पण गरिरहँदा, मेरो देशको कुनामा रहेको सुन्दर धार्मिक र ऐतिहासिक ठाउँले गोरो छालाको प्रतीक्षामा ओसिएर खुम्चनुपर्छ । लेखक बन्न, कि त सुनको कलमले दरबारका कथा लेख्नुपर्छ कि त कुनै वादको साङ्लोले बाधिनुपर्छ ।

सोच्दासोच्दै रिंगटा पो लाग्यो ! निर्णय गरैं, अब उपन्यास लेख्छु । अहो ! म त झन उल्झनमा परें ! उपन्यासको लागि त नायक नै खडेरी रहेछ । हरेक घटनामा खलनायकलाई विजयी बनाउनु पर्ने बाध्यता । खलनायकले जितेको उपन्यास पनि कसैले लेख्छ र ? कागजलाई च्यातें, कलमलाई भाचें र बन्दुक उचालेर एउटा इतिहास लेख्न हिंडे । साच्चै बन्दुकले इतिहास लेख्न कलमले लेख्नु भन्दा सजिलो रहेछ । ♦♦

## बाको तस्बिर



✍ **बिर्खे अञ्जान**

उमेर नपुगी चाउरेका मेरो आमाको गाला
दुःखहरूले छोडेर गएका अवसान सपना
निधारका लामा लामा धर्सा
अभाव झेल्दा झेल्दै बल्झेको ढाडको रोग

र समयसँग पौठेजोरी खेल्दा
हातमा उठेका अनगिन्ती ठेला
हो जब म नियालेर हेर्छु आमाको इतिहास
त्यसबेला मलाई बाको झझल्को आउँछ
भलै आगो जस्तो उम्ले पनि मेरो तातो रगत
घुटुक्क निल्छु आक्रोश
हेर्छु आफ्नै फुल्दै गरेको दाह्री
जीवनमा पहिलो र अन्तिम पटक

नागरिकताको लागि
बाको नाम उच्चारण गरेको मूल्य चुकाउन
मसँग
मेरो कोठामा
सानदार झुण्डी रहेछ
बाको बूढो तस्बिर ।

# इतिहासको पानाबाट

प्रहरी प्रकाशनको २०३७ साल अङ्क, २ को **त्रैमासिक पुलिस प्रकाशनमा** प्रकाशित **प्र.स.नि.श्रीप्रसाद प्रसाँईद्वारा लिखित 'प्रहरी र जनसम्पर्क'** शीर्षकको लेखको अंश त्यही समयको भाषामा जस्ताको तस्तै साभार गरी प्रस्तुत गरेका छौं ।

– ***सम्पादक***

मानव विवेकी प्राणी भएर पनि विभिन्न समस्याले गर्दा उसलाई पारिवारिक जीवन व्यक्त गर्न विभिन्न खाँचोको आवश्यकता पर्दछ । लोककल्याणको निम्ति लागू गरिने व्यवस्था पनि निश्चित नीति निर्देशन बेगर सुचारू रूपले संचालन हुन असम्भव हुन्छ । यस्तै प्रत्येक राष्ट्रहरू एक अर्काका बीच राजनीतिक, आर्थिक, कूटनैतिक र सैनिक आधारले राज्यको स्वअस्तित्व, सुरक्षा, लोककल्याण र प्रतिष्ठा कायम राख्ने उद्देश्यले नजिकको संबन्ध हुन्छ जस्लाई राजनीतिक शब्दमा परराष्ट्रनीति भनिन्छ । स्वहित र सुरक्षाको निम्ति व्यक्ति, समाज, र राष्ट्रले एक अर्कामा संबन्ध राख्नुपरेको सर्वविदित नै छ ।

यस्तै देशमा शान्ति सुरक्षा अमन चयन कायम राख्नु र जीउधनको सुरक्षा गर्ने उद्देश्यले प्रहरी संगठनको गठन भएको हो । प्रहरीको काम नै शान्तिसुरक्षा र जीउधनको रक्षा गर्नु हो भने आफूलाई सुम्पिएको कार्य गर्दा कसैको हानिनोक्सानी नगरी लगनशीलतापूर्वक द्वेषभाव नराखी पूरा गर्नु प्रहरीको कर्तव्य हो । प्रहरीको कार्यक्षेत्र नै समाज भएकोले समाजका प्रत्येक सदस्यको वानी-व्यहोरा, रहन-सहन, परंपरा र आचरण सम्बन्धमा विस्तृत ज्ञान हासिल गर्न प्रहरीको निम्ति अनिवार्य मानिन्छ । समाजमा एकै बिचार र उद्देश्यका व्यक्तिहरू नभएकोले साधारणतः समाजलाई दुई समुहमा बाँड्न सकिन्छ ।

(क) नियम कानूनको मर्यादा राख्ने ।

(ख) नियम कानूनको मर्यादा नराख्ने ।

यस्ता दुई समूहका व्यक्तिहरूमध्ये नियम कानूनको मर्यादा राख्नेहरूको निम्ति प्रहरी मित्र हो । प्रहरीले तिनीहरूलाई सहयोग गर्ने समय पर्खिरहेको हुन्छ तर दोस्रो समूहका व्यक्तिहरू जो नियम कानूनको अबहेलना गर्दछन तिनीहरूको दृष्टिमा प्रहरी दुश्मन हो किनकि तिनीहरूलाई नियन्त्रण गर्न प्रत्येक पाइला पाइलामा प्रहरी पुगेको हुन्छ ।




**दुई जना साथीहरू एक आपसमा कुरा गर्दै....**

**पहिलो साथी :-** हैन ए दाई किन यसरी झोक्राएर बसेको के भयो ?

**दोस्रो साथी :-** के गर्नु बाबै छोराले पढ्ला, गुन्ला र बुढेसकालमा आफूलाई सुख कटाउला भनेर झन बोडिङ्गमा हालेको ।

**पहिलो साथी :-** अनि के भो त ! राम्रो नै गऱ्यो होला ।

**दोस्रो साथी :-** के राम्रो गर्नु, मोरोले त मिस नै भगाए छ ।

♦ ♦ ♦

**कुनै एउटा घरमा आमा छोरी बिच कुराकानीकै क्रममा आमाले भनिन् ।**

**आमा :-** नानी तलाई शहरमा पढ्न पठाएको थिए तैले कस्तो गरेकी छेस् त ?

**छोरी :-** राम्रै गरेको छु आमा, दुःख सम्झेको छु ।

**आमा :-** अनि कति पढिस् त नानी ?

**छोरी :-** B.A नै पढे नि आमा ।

**आमा :-** (छोरीलाई गाली गर्दै) तेत्रो खर्च गरेर पढ्न पठाएको त जम्मा दुई अक्षर त्यो पनि उल्टो ।

♦ ♦ ♦

एक पटक एउटा लामखुट्टे ठूलो हुरीमा फसेछ...... हावाले उडाइराको बेलामा ठ्याक्कै एउटा रूख देख्यो अनि त्यो रूखलाई च्याप्प समाएर बसेछ । ३-४ घण्टा पछि हुरी बतास रोकिएछ अनि पसिना पुस्दै लामखुट्टेले भनेछ.....

ओहो ! कस्तो ठूलो हुरी बतास आज म बेलैमा नआको भए त यो रूख ढलिसक्थ्यो ।

**संकलनः- प्र.स.नि.शरणजंग भण्डारी**

## नेपाल प्रहरी सम्बन्धी केही जानकारीहरू

- वि.सं. २००८ सालमा प्रहरी महानिरीक्षकको कार्यालय स्थापना भएको थियो ।
- २०२१ सालमा पूर्वमा धरान र पश्चिममा नेपालगंजमा प्रहरी तालिम केन्द्र स्थापना भएको थियो ।
- वि.सं. २०८० साल जेष्ठ २ गते प्रहरी वरिष्ठ नायब निरीक्षक पुरूषोत्तम नेपालीले विश्वको सर्वोच्च शिखर सगरमाथामा इन्टरपोल र नेपाल प्रहरीको झण्डा फहराउन सफल हुनुभएको थियो ।

**संकलनः प्र.व.ना.नि.संगीता कार्की**

# सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू



नमराज भण्डारी विरूद्ध नेपाल सरकार, मुद्दाः- भ्रष्टाचार (ने.का.प. २०७८, अंक १, निर्णय नं.१०६३५)

प्रविधिको प्रयोगबाट सङ्कलन गरिने प्रमाण ग्रहण गर्दा भने न्यायिक विवेकको प्रयोग अपेक्षाकृत धेरै नै रहन्छ । सि.डि. प्रमाणमा लाग्दछ भन्नुको अर्थ जुनसुकै, जो कोहीले, जहिलेसुकै तयार गरेको सि.डि. प्रमाण-ग्राह्य हुन्छ भन्ने होइन । निश्चित मापदण्डमा आधारित रहेर निर्माण गरिएका, बनावटी, कृत्रिम, वा संयुक्त नभएका र कानूनसम्मत तबरबाट तयार गरिएका सि.डि. पेस हुन आएमा प्रमाणमा ग्रहण गर्नुपर्ने । केही रकम कुनै कर्मचारीको साथबाट बरामद भयो भन्दैमा त्यसलाई घुस रिसवतको रकम हो भनी अदालतले अनुमान गर्न हुँदैन । बरामद भएको रकम घुस रिसवतकै रकम हो भनी अभियोजन पक्षले प्रमाणित गर्नुपर्ने ।

रत्नबहादुर जिम्बासमेत विरूद्ध नेपाल सरकार, डिभिजन वन कार्यालय हेटौंडासमेत, मुद्दाः- उत्प्रेषण (ने.का.प. २०७८, अंक ८, निर्णय नं.१०७२६) साधारण अधिकार क्षेत्रअन्तर्गत मुद्दाको रोह तथा कारबाहीको सिलसिलामा अधिकार क्षेत्रको त्रुटि भएको, प्राकृतिक न्यायको सिद्धान्तको विपरीत भएको, कानूनको देखादेखि त्रुटि भएको, बदनियत र प्रवृत्त भएको, अनधिकृत निकायबाट कामकारबाही आदेश भएको, संवैधानिक र कानूनी प्रश्नको निराकरण गर्नुपर्ने गुन्जायस रहेको र कानूनले अवलम्बन गर्नु भनेको प्रक्रियाहरू स्पष्टसँग उल्लङ्घन गरेकोमा बाहेक अरू अवस्थामा मातहतको अदालतबाट साधारण अधिकार क्षेत्रअन्तर्गत भएको आदेशमा तथ्य र औचित्यभित्र प्रवेश गरी असाधारण अधिकारक्षेत्रबाट हस्तक्षेप गर्नु न्यायोचित नहुने ।

**संकलन:प्र.स.नि.जनक आचार्य**

**गजल**



**✍ प्र.स.ह. टीकाराम दुलाल**

जालभेल सहितका हुन्छन् लाखौ खेल
यो हो सपनाको बजार नाम हो ठमेल

दिन भन्दा रात रंगिन हुन्छन् सधैं सधैं
सुकिला मुकिला देखिन्छन् ठेलमठेल

कठै ! कोही लुटिन्छन् कोही लुटाउछन्
आधा रातसम्म बग्छन् नोटका भेल

कसैलाई रहर छ लौ कसैलाई कहर छ
कसैलाई स्वर्ग लाग्छ बरै कसैलाई जेल